सर्वाधिक बिक्री हुने
# साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका




● वर्ष १५ ● अंक २९ ... बार, मंसिर १९, २०६६ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Dec 4, 2009 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-



तस्बिर : साइबर संसार डटकम





# ब्लू फिल्म खेल्न
## नायिकालाई पचास लाखको अफर

● सुव्रत आचार्य

"...एक करोडमा सिनेमा बन्छ, पचास लाख रुपैयाँ तिमीलाई हुन्छ....तिमी त्यस्तो फिल्म खेल्छौ.. हिम्मत छ भने भोलि नै २५ लाख क्यास दिइन्छ, कुराकानी गरेर.. है?"

पृष्ठ ६ मा

साप्ताहिक
मध्यपृष्ठ
## सरिना महर्जन



## जहाँ मानिसको रगत चढाइन्छ

गढीमाईबाट अश्विनी कोइराला साथमा गढीमाई मन्दिरका पूजारीको अन्तर्वार्ता पृष्ठ ३ र ५ मा



तस्बिर : शंकर आचार्य



## ● क्यासेट ●

### अफेयर



गायक रमण झाका पप गीतहरूको संग्रह 'अफेयर' बजारमा आएको छ। द रिबेल क्रिएसनको यो संग्रहमा आठवटा गीत संकलित छन्। संग्रहका गीतहरूमा गायक झाका अतिरिक्त बुद्ध सायमी, किरण डंगोल, प्रवीण डंगोल तथा स्पर्शले संगीतबद्ध गरेका छन्।

### इशान अमिन



गायकद्वय इशान गौतम तथा अमिन पाण्डेयका आधुनिक गीतहरूको संग्रह 'इशान अमिन' श्रोतामाझ आएको छ। निषाद डिजिटल रेकर्डिङको यो प्रस्तुतिमा ११ वटा गीत सुन्न सकिन्छ। बुलु मुकारुङद्वारा संगीतबद्ध संग्रहका गीतहरू एस्पी कोइराला, बलदेव शर्मा मजगैंया, भोजराज घिमिरे, विनोद दीक्षित, वसन्त चौधरी तथा विशाल पहाडीले रचना गरेका हुन्।

### लोभै लाग्छ



गायक सुदीप शाही ठकुरीका पप गीतहरूको संग्रह 'लोभै लागेछ' बजारमा आएको छ। द बेस्ट टोन म्युजिकको यो संग्रहमा छवटा गीत छ। संग्रहका गीतहरू राजु सिंह, रूपेश थापा, प्रतीक थापा तथा गायक ठकुरीले संगीतबद्ध गरेका हुन् भने गीत रचना वसन्त वित्यासी थापा, प्रतीक थापा तथा गायक ठकुरीले गरेका छन्।

## ● रंगमञ्च ●

### इलाममा कपर टी

राजधानीबाट आएको एक कलाकार टोलीले इलाममा सन्देशमूलक सडक नाटक प्रस्तुत गरेको छ। मेरी बास्सैबाट मूला सागको परिचय बनाएका कलाकार सुरेन्द्र केसी लगायतले परिवार नियाजनका बारेमा सडक नाटक देखाएका हुन्। 'तिम्री श्रीमतीलाई पनि कपर टी लाऊ भन' संवादबाट सुरु भएको सडक नाटक हेर्न स्थानियबासीको घुँइचो लागेको थियो।

परिवार नियोजनको अस्थायी साधन कपर टीको विषयमा सर्वसाधरणमा चेतना फैलाउने उद्देश्य सहितको सडक नाटक इलाम चोक-बजार सहित फिक्कल लगायतका क्षेत्रमा प्रदर्शन गरिएको थियो। राष्ट्रिय परिवार नियोजन संघ कल्याण परिषद्ले देशव्यापी रूपमा जनचेतना फैलाउन थालेको अभियान अन्तर्गत कलाकार टोलीले इलाममा सडक नाटक प्रस्तुत गरेको हो।

### गुरुकुलमा कविता यात्रा

प्रायजसो नाटक मञ्चन हुने गुरुकुलमा गत सोमबार भने बेग्लै रौनक छायो। त्यस दिन कवि हरि अधिकारीले समाज, राजनीति र स्त्री विषयमा लेखिएका तीन धारका २५ कविता सुनाएर उपस्थित श्रोताको मन जितेका थिए। गुरुकुलको निम्तोमा उनले त्यस दिन कविता वाचन गरेका हुन्। हरेक महिनाको १५ गते गुरुकुलले कविता यात्राको आयोजना गर्दै आएको छ। यो कविता यात्राको २२ औं श्रृंखला हो।

### इब्सनमाथि चर्चा

नाटककार हेनरिक इब्सनको सांस्कृतिक योगदानका बारेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रंगकर्मीहरूले विचार-विमर्स गरे। नर्वेली नाटककार इब्सनको योगदानका बारेमा चर्चा गर्न अस्ट्रेलिया, नर्वे, बंगलादेश, म्यासेडोनिया र नेपालका रंगकर्मीहरू उपस्थित थिए। आरोहण गुरुकुलले आयोजना गरेको दुईदिने विचार गोष्ठीमा रंगकर्मीहरूको बाक्लो जमघट थियो। त्यसै अवसरमा इब्सनको नाटक पुतलीको घर र न्यायप्रेमी पनि मञ्चन गरिएको थियो।

## ● ग्यालरी ●

### वृतचित्रमा फ्रेन्ड डिजाइनरको जीवनी

आफूले अध्ययन गरेको विषय र करियरको बाटोका रूपमा रोजेको फेसन डिजाइनिङ विधामा एउटा सिंगो इतिहास बनेका फ्रेन्च डिजाइनर यु सुवाँ लरेनको जीवनीमा आधारित 'यु सुवाँ लरेन, हिज लाइफ एन्ड टाइम्स' नामक वृत्तचित्रमार्फत् गत शुक्रबार नमुना कलेजमा अध्ययनरत फेसन डिजाइनिङका विद्यार्थीहरूले फ्रान्सका महान् फेसन डिजाइनर यु सुवाँ लरेनको व्यक्तिगत एवं व्यावसायिक जीवनको उकाली-ओरालीको कथालाई नजिकबाट नियाल्ने मौका पाए।

फ्रान्सेली केन्द्रको सक्रियतामा नमुना कलेज अफ फेसन टेक्नोलोजीले आफ्नै प्राङ्गणमा आफ्ना विद्यार्थीहरूलाई फेसन डिजाइनिङ विधाका महान् डिजाइनरको जीवनगाथा समेटिएको वृत्तचित्र देखाएको थियो। सन् १९३६ अगस्त १ तारिखदेखि सन् २००८ को जून १ तारिखसम्मका डिजाइनर यु सुवाँ लरेनको जीवनयात्रा जो-कोहीका लागि पनि प्रेरणादायी हुनसक्छ।

### भित्ताभरि प्राकृतिक सौन्दर्य

नेपाललाई प्राकृतिक सौन्दर्यको अपार भण्डार मानिन्छ। एउटा शिल्पकारको आँखामा यी प्राकृतिक छटा कस्ता देखिंदा हुन् ? राजधानीको बबरमहलस्थित आर्ट ग्यालरीमा यस्तै चित्रहरू सजाइएको छ जहाँ प्राकृतिक सौन्दर्य पोतिएको छ।ललितपुर निवासी उषिना महर्जनले आफ्नो क्यानभासमा उतारेका सुन्दर चित्रहरूले अहिले ग्यालरीको भित्ता भरिभराउ छ। उनले हिमाल, रूख, पहाड, खोलानालालाई कलात्मक रूपमा पोतेकी छिन्। उनका चित्रहरूले अवलोकनकर्ताको मन लोभ्याएको छ। बुधवार सुरु भएको प्रदर्शनी एक सातासम्म चल्नेछ।

### पोखरामा तिब्बतको चित्र

चीनले तिब्बतमा शासन गर्न थालेको अवधिभन्दा अघि र त्यसपछिका घटनाक्रमलाई यसपाली पोखराबासीले चित्रमा नियाल्न पाए। 'चीनको तिब्बत विगतदेखि वर्तमानसम्म' शीर्षकमा आयोजित प्रदर्शनीमा सन् १९५९ अघिका विभत्स चित्रहरू समेटिएको थियो। गत मंगलबार सम्पन्न प्रदर्शनी पोखरा सभागृहमा पाँच दिनसम्म चलेको थियो।

तत्कालीन शासकहरूले दाससँग गर्ने व्यवहार, उनीहरूलाई यातना दिन बनाइएको जन्जिरहरूका तस्बिर प्रदर्शनीमा राखिएको थियो। बुद्ध धर्मको नाममा कसरी दासहरूको छाला निकालिन्थ्यो र उनीहरूको आन्द्राभुँडीलाई कसरी धर्मका नाममा प्रयोग गरिन्थ्यो भन्ने कुराको सचित्र झलक प्रदर्शनीमा राखिएको तस्बिरले दिएको थियो। चिनियाँ दूतावास तथा वर्ल्ड कल्चर नेटको आयोजनामा भएको प्रदर्शनीमा २ सय २५ तस्बिर प्रदर्शन गरिएको थियो।

## ● लाइभ ●

### आज कवीरसँग यात्रा

भारतीय राजदूतावास तथा बीपी कोइराला भारत-नेपाल प्रतिष्ठानको संयुक्त आयोजनामा सांगीतिक कार्यक्रम 'कवीरसँग यात्रा' आज सम्पन्न हुँदैछ। साँझ ४ बजे जमलस्थित राष्ट्रिय नाचघरमा आयोजना हुने यो सांगीतिक कार्यक्रममा भारतबाट आएको शास्त्रीय सांगीतिक समूहले कर्णप्रिय शास्त्रीय गीत-संगीत तथा धुन प्रस्तुत गर्नेछ।

### इन्टरकलेज म्युजिक कम्पिटिसन

देशभरिका २९ कलेजबीच प्रारम्भिक चरणको प्रतिस्पर्धापछि 'केसिएम इन्टरकलेज म्युजिक कम्पिटिसन' अन्तर्गत भोलि शनिबार निर्णायक प्रतियोगिता सञ्चालन हुनेछ। गोदावरी अल्मुनाई एसोसिएसनको ठमेलस्थित हलमा आयोजना गरिएको प्रारिम्भक चरणको प्रतिस्पर्धाबाट १५ समूह छनौट भएका हुन्। नेपालभरिका प्लस टु तथा स्नातक तहका कलेजको सहभागिता रहने यो प्रतिस्पर्धामा भोलि १५ समूहबीच भिडन्त हुनेछ। केसिएमको यो छैठौं संस्करण हो। प्रतियोगितामा ड्रमर देव राना, बेस गिटारिष्ट पुजन श्रेष्ठ तथा लिड भोकलिष्ट आशिष डंगोल निर्णायक छन्। भोलि राजधानीको भृकुटीमण्डपस्थित खुला चौरमा आयोजना हुने निर्णायक चरणमा विजयी हुने सांगीतिक समूहले ५० हजार रुपैयाँ नगद पुरस्कार जित्नेछ। भोलिको प्रतिस्पर्धामा धरान कलेज अफ म्यानेज्मेन्ट, चेल्सी एकेडेमी, नोबेल एकेडेमी, एभरेष्ट कलेज, गोल्डेन गेट कलेज, सेन्ट जेभियर्स कलेज, रिब्स, ब्रिटिस स्कुल, मल्पी इन्स्टिच्युट, काठमाडौं भ्याली स्कुल, पुल्चोक कलेज, लिटिल एन्जल्स कलेज, काठमाडौं युनिभर्सिटी, क्याम्पियन कलेज तथा कस्मोपोलिटन कलेज छन्।

### एभरेष्टमा फिलिपिन्सको धुन

नयाँ बानेश्वरस्थित होटल एभरेष्टमा फिलिपिन्सको एउटा चर्चित सांगीतिक समूहले गीत-संगीत प्रस्तुत गरिरहेको छ। फिलिपिन्सको फ्युजन ब्यान्डको उक्त लाइभ कन्सर्ट एभरेष्ट होटलको बुगल्स एन्ड टाइगर्स बारमा प्रत्येक दिन साँझ सात बजेदेखि १०:३० बजेसम्म सञ्चालन भैरहेको छ।


## ● पुस्तक ●

### युद्धपछि जनता

बृहत् शान्ति सम्झौताको तेस्रो वार्षिकोत्सवको अवसर पारेर तस्बिर पुस्तक 'लडाइँमा जनता'को तेस्रो भाग 'युद्धपछि' सार्वजनिक भएको छ। 'लडाइँमा जनता' मा समेटिएका पीडितहरूमध्ये केही प्रतिनिधि पात्र तथा विगत तीन वर्षमा उनीहरूको अवस्थामा आएका परिवर्तनलाई 'युद्धपछि जनता' मा चित्रण गरिएको छ। युद्धका क्रममा दुई भिन्दै पक्षबाट लडेर पनि अहिले फेरि आपसमा मिलेका दिदीभाइको परिवार, युद्धविरामपछि साधु बनेका लडाकु अनि मारिएका तथा बेपत्ता पारिएकाहरूका परिवारले बााच्नका लागि गरिरहेको दैनिक संघर्षका कथाहरू 'युद्धपछि जनता' का तस्बिरमा समेटिएको छ। यो पुस्तकले हामीलाई युद्धका विभिषिकाको सम्झना दिलाउछ र त्यो घाउ पुरिन कति कठिन हुन्छ भन्ने वास्तविकता पनि देखाउछ।


### अन्तर्आवाज

लेखक टंकप्रसाद चापागाई केही सपनाहरूको सँगालो लिएर पाठकहरूमाझ आएका छन्। 'अन्तर्आवाज' नामक उनको पछिल्लो कृतिमा चारवटा सपनाका कथा बुनिएका छन्। पहिलो कथा सौरभको छ भने दोस्रो कथाकी पात्र सुशीला हुन्। तेस्रो कथा दीपकको वरिपरि घुमेको छ भने चौथो कथामा नवीन र नवीना नामक दाजुबहिनी समेटिएका छन्। यी चार कथाका पाँच पात्र वास्तविक हुन्। उनीहरूको दिनचर्या र भविष्यको योजना समेटेर यो कृति तयार गरिएको हो। नवीन शैलीको प्रस्तुतीकरण बाकेको यो कृतिको प्रकाशक कखरा पब्लिकेसन हो। पुस्तकको मूल्य ५० रुपैयाँ छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### यो साताको पञ्चाङ्ग

मंसिर २० गते : आर्थिक तथा सामाजिक विकासका लागि संयुक्त राष्ट्रसंघीय स्वंय सेवा दिवस, २२ गते : अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवस, २४ गते : अन्तर्राष्ट्रिय भ्रष्टाचारविरुद्ध दिवस, २५ गते : विश्व मानवअधिकार दिवस।

### मेष

पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। भाग्यले साथ दिनेछ। धन आर्जन हुनसक्छ। धेरैले तपाईंको लगनशीलता र इमान्दारिताको प्रशंसा गर्नेछन्। खानपानमा विचार पुर्‍याउनुहोला। यात्रा त्यति राम्रो हुनेछैन। धनमाल हराउन सक्छ। अध्ययनमा सफलता पाउन निकै कसरत गर्नुपर्नेछ।

### मिथुन

सुरुमा मान-सम्मान पाइनुका साथै भेटघाटमा रमाउने अवसर जुट्नेछ। पहिलो भेटमै अरूको मन जित्न सफल हुनुहोला। ठूला व्यक्तिले प्रशंसा गर्नेछन्। महत्त्वपूर्ण जिम्मेवारी प्राप्त हुनेछ। अरूको मन जित्न सकिनेछ। पराक्रमको गति तीव्र हुनेछ। सानै प्रयासले ठूलो काममा सफलता मिल्नेछ।

### सिंह

साताले मिश्रित फल दिनेछ। सोच्ने शक्ति बढ्नेछ भने धेरैले बुद्धिको प्रशंसा गर्नेछन्। ठूला व्यक्तिसित संवाद गर्ने अवसर मिल्नेछ। मन प्रसन्न रहनेछ। भोजभतेरमा संलग्न हुने अवसर जुट्नेछ। आइतबार, सोमबार ,बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्नेछ। धनमाल हराउन सक्छ। कुरा काट्नेहरू सक्रिय हुनेछन्।

### तुला

भाग्यले साथ दिनेछ भने जोस एवं जाँगर बढ्नेछ। सानै प्रयासले ठूलो काममा सफलता पाइनेछ। अधुरा काम पूरा हुनेछन्। मन प्रसन्न रहनेछ। ठूला व्यक्तिले भरोसा गर्नेछन्। महत्त्वपूर्ण जिम्मेवारी प्राप्त हुनसक्छ। प्राप्त जिम्मेवारी सजिलै पूरा गर्न सकिनेछ। पदक प्राप्तिको बलियो सम्भावना छ।

### धनु

साता मध्यम रहनेछ। अरूलाई विश्वास दिलाउन सकिनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाा काम पाइने योग छ। आफन्तहरूबाट राम्रो सहयोग पाइनेछ। आइतबार र सोमबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ। अध्ययनमा अवरोध आउने क्रम यथावत् रहनेछ।

### कुम्भ

सोच्ने शक्ति बढ्नेछ भने अध्ययन एवं व्यवसायमा सफलता मिल्नेछ। आफन्तहरूले सहयोग गर्नेछन्। रमाइलो यात्रा हुने योग छ। भेटघाटमा रमाउने अवसर जुट्नेछ। पहिलो भेटमै सहयोगको तत्परता देखाउनेहरू प्रशस्तै हुनेछन्। नयाा मित्रको आगमनले मन हर्षित हुनेछ। खर्च बढे पनि धन आर्जन हुने योग छ।

### वृष

समष्टिमा साता राम्रो छ। सुरुमा बोलीको प्रभाव एवं पराक्रम बढ्नेछ। व्यवसायमा पाइने सफलता कायमै रहनेछ। अधुरा काम पूरा हुनुका साथै नयाँ काम पाइने सम्भावना छ। यात्रा गर्ने अवसर जुट्नेछ। भेटघाटमा अरूलाई विश्वास दिलाउन सकिनेछ। धन आर्जन गर्ने अवसर मिल्नेछ। अध्ययनमा खासै सफलता मिल्ने देखिंदैन।

### कर्कट

सफलताका लागि सजग रहनुपर्नेछ। खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। कुरा काट्नेहरू सक्रिय छन्। झूटा आरोप पनि लाग्नेछ। चिन्ताले मनमा दरिलो डेरा जमाउनेछ। आइतबार, सोमबार र बिहीबार मान-सम्मानका साथै काममा सफलता मिल्ने योग छ। अध्ययनमा सफलता पाइनेछ। ठूला व्यक्तिले तपाईंको भरोसा गर्नेछन्।

### कन्या

बोलीको प्रभाव बढ्ने हुँदा सजिलै अरूको विश्वास जित्न सकिनेछ। ठूला व्यक्तिले भरोसा गर्नेछन् । घरेलु कार्यमा रुचि बढ्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। अध्ययनमा प्राप्त हुने सफलता कायमै रहनेछ। रमाइलो यात्रा हुनसक्छ। पहिलो भेटमै अरूलाई विश्वास दिलाउन सकिनेछ।

### वृश्चिक

साताको पूर्वार्द्ध प्रतिकूल रहनेछ। मन अशान्त रहनुका साथै स्वास्थ्य पनि कमजोर होला। सानो काम गर्ने पनि आँट आउने छैन। बल्ल-तल्ल गरेको काममा पनि सफलता पाउन गाह्रो छ। विवाद बढ्न सक्छ। आइतबारदेखि भाग्यले साथ दिन थाल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नया काम पाइने योग छ।

### मकर

प्रतिस्पर्धीहरूबाट सजग रहनुपर्नेछ भने स्वास्थ्य पनि प्रतिकूल रहनेछ। खर्चको गति तीव्र हुनेछ। मन चञ्चल होला। निर्णयको अभावमा काम बिग्रने सम्भावना छ। सवारी चढ्दा-चलाउदा संयमित रहनुहोला। मित्र बनेर धोका दिनेहरू प्रशस्तै हुनेछन्। आइतबार र सोमबार व्यवसाय बढ्ने तथा यात्रा हुने योग छ। अरूको मन जित्न सकिनेछ।

### मीन

पराक्रमको गति तीव्र हुनेछ। सानै प्रयासले ठूलो काममा सफलता मिल्नेछ। तपाईंको लगनशीलता एवं इमान्दारीताको प्रशंसा गर्नेहरू प्रशस्तै हुनेछन्। घर-जग्गाको बन्दोबस्त गर्ने तयारी तथा सवारी साधन जोड्ने तरखर भए सजिलै प्राप्त हुनेछ। व्यवसाय लाभप्रद रहनेछ। यात्रा गर्ने अवसर जुट्नेछ। भाग्यले साथ दिनेछ।

# जहाँ मानिसको रगत चढाइन्छ

## विश्वप्रसिद्ध गढीमाई मेला उत्कर्षमा

सुन्दा आश्चर्य लाग्नसक्छ, एकाइसौं शताब्दीको आधुनिक नेपालमा पनि देवता खुसी पार्न मानिसको रगत चढाउनुपर्ने बाध्यता छ। बाराको गढीमाईमा लाखौं पशुको बलि दिन थालिएपछि नरबलिको चर्चा ओझेलमा परेको हो। यद्यपि गढीमाईमा पशुको बलि दिनुअघि मानिसको रगत अनिवार्य चाहिने प्रथा अझै विद्यमान छ। देवीले 'मानिसको रगत पाएपछि मात्र खुसी हुन्छु' भनेको किंवदन्तीका आधारमा गढीमाई मन्दिरमा प्रत्येक वर्ष नरबलिको प्रतिकस्वरूप मानिसको रगत चढाइन्छ। मानिसको रगत खान नपाए देवीले अनिष्ट गर्छिन् भन्ने विश्वासका आधारमा यहाँ मानिसले आफ्नो अंग काटेर रगत दिन्छन्। यसका लागि दुःखन कछडिया नामक व्यक्तिलाई नियुक्त गरिएको छ। कछडियाले प्रत्येक वर्ष गढीमाईमा आफ्नो निधार, दाहिने कान, जिब्रो, दाहिने छाती एवं दाहिने तिघ्रा काटेर रगत दिन्छन्। 'देवीले मानिसको रगत माग्छिन्, यदि मैले आफ्नो रगत नदिए धेरै मानिस रगत छादेर मर्नेछन्।' देवीका लागि आफ्नो अंग काट्न पाएकोमा गौरव गर्दै दुःखनियाले टेलिफोनमा भने, 'मैले पीडा सहेका कारण यस क्षेत्रका हजारौं मानिस सुविस्ताका साथ जीवन बिताइरहेका छन्।' दुःखनिया गढीमाई मन्दिरभन्दा ३० किलोमिटर उत्तर सिमरीगाउँमा बस्छन्। अंग काटेपछि आरामका लागि घर पुगेका दुःखनियाले साप्ताहिकसँग भने, 'म अहिले केही बिरामी छु, केही दिनपछि ठीक हुन्छु।'

हरेक पाँच वर्षमा लाग्ने भव्य मेलामा मानिसले स-साना बालबालिकाको बलि दिने प्रथा चलेपछि निश्चित व्यक्ति नियुक्त गरेर मानिसको रगत मात्र चढाउन थालिएको हो। व्यक्ति नियुक्त गरेर रगत दिने चलन कहिलेदेखि प्रारम्भ भयो भन्ने ऐतिहासिक दस्तावेज पाइँदैन। माओवादी सभासद् तथा गढीमाई मन्दिर व्यवस्थापन समितिका अध्यक्ष शिवचन्द्र कुसवाह भन्छन्, 'जसरी मन्दिरमा पुस्तैनी पूजारीको चलन छ, रगत दिने व्यक्ति पनि त्यसैगरी नियुक्ति भएका छन्।' कम्युनिस्टले धर्मलाई अफिमको संज्ञा दिए पनि माओवादी सभासद्को अध्यक्षतामा मानव रगत र लाखौं पशुबलिको चलन कायम हुनुलाई भने आश्चर्य नै मान्नुपर्छ।



वीरगन्ज– बाराको बरियारपुरमा लागिरहेको गढीमाई मेला अहिले समापनमा पुगेको छ। विश्वप्रसिद्ध यो मेलाअन्तर्गत राँगा, बोका तथा अन्य पशुपन्छीको बलि दिइएको थियो। यस वर्ष करिब २० हजार राँगा र करिब २ लाख बोकाको बलि दिइएको मेला व्यवस्थापन समितिको अनुमान छ।

विश्वमै बलि पीठका रूपमा प्रसिद्धि कमाएको गढीमाई मेलामा करिब १ करोड दर्शनार्थी तथा भक्तजन आउने अनुमान गरिएको थियो। नेपालका मात्र होइन भारत, भुटान तथा तेस्रो मुलकबाट समेत लाखौं भक्तजनले मेला अवलोकन गर्नुका साथै गढीमाईको दर्शन गरेका छन्। कात्तिक २५ गते प्रारम्भ भएको मेला भोलि मंसिर २० गतेसम्म चल्नेछ।

यो बलिपीठमा बलि दिंदा विभिन्न भाकल पूरा हुन थालेपछि मेलाको सुरुवात भएको किंवदन्ती छ। बारा सदरमुकाम कलैयाबाट ६ किलोमिटर पूर्वमा पर्ने बरियारपुर गाविसस्थित गढीमाईमा भाकल पूरा गर्न, मेला हेर्न र गढीमाईको दर्शनका लागि मानवसागर नै उर्लिन्छ।

मेलालाई व्यवस्थित गर्न सरकारले १ हजार १ सयको हाराहारीमा सुरक्षाकर्मी परिचालन गरिएको थियो। मेलामा भारतबाट मनोरञ्जनका लागि विभिन्न साधनसमेत ल्याइएका थिए। असीम आस्थाको केन्द्रविन्दुका रूपमा रहेको यो मेलामा दर्शनार्थी तथा भक्तजनको भीड उर्लिने गरेको छ।

तान्त्रिक विधिबाट गढिमाईको पूजा गर्दा स्वतः दीप प्रज्वलित भएपछि यहाँ बलि दिने परम्परा प्रारम्भ भएको हो। यो ऐतिहासिक मेलामा भारतको काशीका राजाद्वारा पठाइएका पाँचवटा राँगा एवं पशुपन्छीहरू पहिले बलि दिएर अन्य बलि दिने प्रचलन रहँदै आएको छ।

भारतको घोडासन, छौडादानो, आदापुर र रक्सौलनाकाबाट आउने भारतीय भक्तजन तथा दर्शनार्थीहरूका लागि मेला अवधिभर सवारी साधनको भन्सार छुटको व्यवस्था गरिएको तथा मेलालाई व्यापक रूपमा व्यवस्थित गरिएको मेला मूल समितिका अध्यक्ष तथा सभासद शिवचन्द्र कुशवाहाले बताए। मेलामा दर्शनार्थी तथा व्यापारीसमेत करिब ८० प्रतिशत भारतिय नै छन्।

यद्यपि यस वर्षको मेलामा मेलास्थलको जग्गा भाडा दोब्बरले वृद्धि भएपछि व्यापारीले सबै वस्तुको मूल्य वृद्धि गरेको, मेलास्थलमा विषाक्त मदिरा सेवनका कारण सात जनाले ज्यान गुमाउनुपरेको र जाडोले कठ्याङ्ग्रिएर तीन शिशुले ज्यान गुमाउँदा दर्शनार्थी भक्तजनले मेला व्यवस्थापन समिति एवं प्रहरी प्रशासनको लापरबाही यसको मुख्य कारण रहेको आरोप लगाएका छन्।

–शंकर आचार्य

वीरगन्जबाट २० किलोमिटरपूर्वको सुनसान स्थलमा रहेको गढीमाई मन्दिर स्थापनाको कथा पनि रमाइलो छ। करिब ५ सय वर्षपूर्व वर्तमान पुजारी मंगल चौधरीका दसपुस्ते हजुरबुबा भगवान चौधरीको घरमा लगातार चोरी भएछ। एकपटक गाउँलेहरूले चोर पक्रेछन् र उसलाई कुटी–कुटी मारेछन्। चोरका आफन्तले मकवानपुर गढीका राजाकहाँ उजुरी गरेपछि भगवान चौधरी पक्राउ परेछन्। थुनामा परेका चौधरीलाई हात–गोडामा नेल ठोकेर राखिएको थियो। एक दिन उनले सपनामा सेन राजाकी वनदेवी गढीमाईलाई देखेछन्। सपनामै देवीले चौधरीलाई गाउँ गएर आफ्नो मन्दिर स्थापना गरे सबै मनोकामना पूरा हुने बताइछन्। उनले प्रत्येक वर्ष नरबलिका साथमा पञ्चबलि दिनुपर्ने बताइछन्। सपना खुल्दा उनको हात–गोडाको नेल खुस्किएको थियो भने छेउमा सपनामा देखिएकी देवीले बोकेको त्रिशूल थियो। पहरेदारहरू पनि निदाएका थिए। भगवान चौधरी राति नै देवीले टेकेको माटो र त्रिशूल बोकेर गाउँ फर्किए। जंगलको बीचमा त्रिशूल गाढेर देवीको मन्दिर स्थापना गरे।


नेपालको पहिलो तथा १ मात्र मान्यता प्राप्त

Maths/Science/Test नदिई SLC, १ वर्षमा +2 (NIOS), ६ महिनामा गर्न सकिने American +2 मा नयाँ भर्ना खुल्यो।

Pratyus Bhandari Nepal Top 2009

☛ कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने ☛ +2, A level फेल भएता पनि १ वर्षमै +2 पास गर्न सकिने ☛ कुनै ५ विषय पास गरे पुग्ने/पास गर्न सजिलो, विश्वभरी मान्यता भएको ☛ नेपाली/अंग्रेजी माध्यममा परीक्षा दिन पाईने ☛ Online पढ्न सकिने ☛ जागिरे तथा गृहिणीले घरमा पढेर परीक्षा दिन सकिने ☛ सरकारी जागिर खान मिल्ने

www.hwhitehouse.edu.np

नोटः भर्ना हुन अगावै सबै कुरा बुझि बुद्धिमानीको परिचय दिऊ।

"Nepal's Largest Open School"
Himalayan White house Open School
Bagbazar- 4244499
Pulchowk- 5009200
Bhaktapur-2020758



+2/SLC एक बर्षमै
भारतको सरकारी NIOS Delhi Board मा
Math/Sci नदिई पांच बिषयमात्र दिई SLC
SLC पास भई १ बर्ष ग्याप भए एक बर्षैमै +2
६ महिनामै American +2
KANTIPUR INTL OPEN EDUCATION
NECA
New Baneshwor KTM, Nepal
Ph:2044082, ,2042831



After +2 ?!
Admission Open
CA Foundation & Inter Level
Classes Start: December 1, 2009
HURRY UP
Seats are Limited
प्रिमियर CA
Be a CA with BBS
PREMIER COLLEGE ESTD 2000
New Baneshwor, Kathmandu
Wing-1, Tel: 4785198, 4784738, 2040467
(Infront of BICC Southern Gate)
Wing-2, Tel: 4467468, 016207877
(Near to old Shivadarshan Cinema)






३ ईन्च सम्म उचाई बढाउने
Height Plus
१०५० पर्ने Japani Yoko Free मा अन्तर्राष्ट्रिय होलोग्राम प्राप्त।
जाँड रक्सी र चुरोटको कुलत थाहै नदिई छुटाउने
यौन शक्ति उत्तेजना नहुने, शीघ्रपतन रोक्ने, लिङ्गको साईज बढाउने Herbal product को साथमा।
Japani Oil
मोटोपना घटाउने तौल बढाउने १२ Kg सम्म
Breast बढाउने, घटाउने र टाईट गर्ने।
फ्रि होम डेलिभरी
तुरुन्त केश झर्न रोकी उमार्ने।
१००% ग्यारेन्टि ०% साईडईफेक्ट
Gorkha Herbal
Hotline: 4282138, 9841079654
9851026391 चितवनः 9845279326

● सम्पादकीय ●


# विद्युत् संकट सदाका लागि ?

नियमित लोडसेडिङ झेलिरहेका नेपालीहरूले अनन्त कालसम्म लोडसेडिङ बेहोर्नुपर्ने संकेतहरू देखिँदैछन् । अघिल्लो वर्षको सुख्खायाममा दैनिक १८ घण्टासम्म लोडसेडिङ झेलेका नेपालीहरूले अबका दिनमा त्योभन्दा चर्को लोडसेडिङ झेल्नुपर्नेछ । सरकारका जिम्मेवार निकायहरूले अघिल्लो वर्षको १८ घण्टे लोडसेडिङ अधिकतम भएको बताइरहेकै बेला बिजुलीको एक मात्र उत्पादक तथा वितरक नेपाल विद्युत् प्राधिकरण चरम आर्थिक संकट बेहोर्न बाध्य भएको समाचार सार्वजनिक भैरहेको छ । पछिल्लो समाचारअनुसार अहिले प्राधिकरणले वार्षिक ४ अर्ब रुपैयाँ घाटा बेहोरिरहेको छ र ऊसँग नयाँ आयोजना निर्माणका लागि साधन र स्रोतको ठूलो अभाव छ । जानकारहरूका अनुसार चार-पाँच वर्षसम्म प्राधिकरणले यस्तो घाटा बेहोरिरहनुपर्‍यो भने त्यो संस्था टाट पल्टनेछ । टाट पल्टिएको अवस्थामा प्राधिकरणले बिजुली उत्पादन तथा वितरण कसरी गर्ला ? त्यो भविष्यको कुरा हो । अहिले विद्युत् प्राधिकरणमा सरकारले लगानी गरेको शेयर पूजी ३२ अर्ब २८ करोडबाट २० अर्ब रुपैयाँमा झरिसकेको समाचार सार्वजनिक हुँदा प्राधिकरणको विश्वसनीयता र साख खस्कँदै गएको छ । यस्तो अवस्थामा उसका लागि नयाँ योजनामा लगानी गर्न जोकोही पनि हच्किन सक्ने सम्भावना छ ।

विद्युत् प्राधिकरणको खिइँदै गएको आर्थिक अवस्थाका कारणले मात्र नभई अन्य कारणले पनि नेपाली जनतालाई लोडसेडिङ खेप्न बाध्य बनाइरहेको छ । त्यस्ता कारणहरूमा निजी क्षेत्रको बिजुलीको मूल्य, उच्च चुहावट, आयोजना निर्माणमा अनियमितता तथा राजनैतिक हस्तक्षेप प्रमुख छन् । यस्तो स्थितिमा प्राधिकरणले आफ्नो प्राधिकार मन्त्रालयलाई अबको दुई वर्षपछि दैनिक १८ घण्टा र वि.सं. २०६९ को अन्तसम्ममा कुनै ठूलो आयोजना पूरा गर्न सकिएन भने लोडसेडिङ २० घण्टा प्रतिदिनसम्म पुग्नेछ । यो अवधिमा निर्माण हुने भनिएको तामाकोसी आयोजना पूरा भए पनि लोडसेडिङ दैनिक १२ घण्टाभन्दा कम हुने अवस्था छैन । यस्तो स्थितिमा हाम्रा नीति-निर्माताहरूले जलस्रोतको डिङ हाँकेर मुलुकको आर्थिक कायापलट गरिनेछ भन्नु आकाशको फलजस्तै हो । अहिलेको अवस्था र प्रक्षेपण गरिएको निकट भविष्यको अवस्थालाई मध्यनजर गर्दै हाम्रा सबै राजनैतिक दल, योजनाविद् तथा नीतिनिर्माताहरू विद्युत् प्राधिकरणलाई मात्र नभै मुलुकलाई नै सम्भावित संकटबाट उकास्न कम्मर कसेर लाग्न धेरै ढिलो भैसकेको छ ।

**समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान ।**

● चिठीपत्र ●



# जीवन उत्सव हो !

साप्ताहिकमा प्रकाशित 'जीवनदेखि भाग्नेहरू' पढेपछि केही कुरा लेख्न मन लाग्यो । मेरो विचारमा यो सुन्दर जीवनदेखि त्यस्ता मानिस मात्र भाग्छन्, जसले जीवनको मूल्य चिन्दैनन् । यदि धार्मिक मान्यतामा विश्वास गर्ने हो भने मानव जुनी भनेको चौरासी लाख जुनीपछि मात्र प्राप्त हुन्छ । यति कठिनताका साथ प्राप्त मानव जुनीलाई किन मानिसहरूले चिन्न सक्दैनन् ? प्रश्न आफैंमा अनुत्तरित छ ।

आत्महत्याका विभिन्न कारण छन्, कोही परीक्षामा फेल भएर त कोही प्रेममा धोका खाएर, कोही प्रियजनसाग बिछोडिनु परेर त कोही गरिबीको मारमा परेर, कोही पीडा सहन नसकेर त कोही जिन्दगीसँग हारेर । यी सबै कारणमा मिल्ने साझा कारण भनेको जीवनसँग संघर्ष गर्न नसक्नु नै हो । यो संसार नै यस्तै छ, यहाँ सधैं मानिसले सोचेजस्तो, चाहेजस्तो अनि रोजेजस्तो हुँदैन ।

यदि मानिसले सोचेजस्तो, चाहेजस्तो अनि रोजेजस्तो भयो भने त त्यो मानिस नै कहाँ भयो र, ऊ त स्वयं भगवान् नै भैहाल्यो नि । मानिसका सम्पूर्ण इच्छा-आकांक्षा पूरा भए भने त जीवन जिउनुको मजा पनि हुँदैन । यहाँ मिलन हुन्छ, बिछोड हुन्छ, दुःख हुन्छ, सुख हुन्छ, हाँसो हुन्छ, रोदन हुन्छ र पो मानिसको जीवन सफल हुन्छ, वास्तवमा जीवन भनेकै यही हो । जसले दुःखलाई नजिकबाट नियालेको छ, उसैले वास्तविक रूपमा सुखलाई बुझ्न सक्छ ।

हो, हामी सकेसम्म जीवनलाई सफल नै बनाउने प्रयत्न गर्छौं, दुःख अनि संघर्ष गर्छौं तर कतिपय कुरा काबुबाहिरका हुन्छन्, त्यस्तो अवस्थामा हामीले नचाहेरै भए पनि उक्त कुरालाई स्वीकार गर्नुपर्ने बाध्यता हुन्छ । मानौं, एउटा किसानले मंसिरमा टन्न धान भित्र्याउने लक्ष्यका साथ असारमा धान रोप्यो, मलजल गर्‍यो, गोडमेल गर्‍यो, रातदिन खटिरह्यो । जब धान लहलह झुलेर काट्ने बेला भयो, ठीक त्यही समयमा ठूलो असिना-पानीले उसको त्यो सबै धानबाली सखाप पार्‍यो भने त्यो किसानले के गर्ने ? कसलाई दोष दिने ? धानलाई ? असिनालाई ? ईश्वरलाई ? कि आफू स्वयंलाई ? यस्तो बेलामा फेवातालमा गएर हाम फाल्ने कि सेतीको डिलमा गएर हाम फाल्ने ? अथवा ठीकै छ, संसार यस्तै रहेछ, यो पटक यस्तै भयो, अर्को पटकमा राम्रो होला भनेर मनलाई सम्हालेर बस्ने ?

आत्महत्या गर्नु पनि ठूलै आँटको कुरा हो, जोसुकैले यो आँट गर्न सक्दैनन् । मलाई अचम्म लाग्छ, आत्महत्याको आँट गर्न सक्ने एउटा व्यक्तिले एउटा सानो समस्या पर्दा यो संसार यस्तै हो भनेर समय अनि बाध्यतासँग सम्झौता गरी जीवन जिउने आँट गर्न किन सक्दैन ?

भनिन्छ, घोडा चढ्ने मानिस नै लड्छ, कहिल्यै घोडा नचढेको मानिस कहाँबाट लड्छ ? त्यसैगरी परीक्षा दिने मानिस नै फेल हुन्छ, प्रेम गर्ने मानिसले नै धोका पाउँछ, हामीले खोज्न जान्नुपर्छ दुःखभित्रै सुख पाउन सकिन्छ अनि असफलताभित्रै सफलता पाइन्छ । जिन्दगी भनेको सधैं जितैजित मात्र होइन, यसमा हार पनि हुन्छ । त्यसैले हामीले हारलाई पनि सहज रूपमा स्वीकार गर्न सक्नुपर्छ ।

विगतलाई सम्झेर वर्तमान बिगार्नुभन्दा वर्तमानलाई सुधारेर भविष्य उज्ज्वल बनाउनतर्फ लाग्नुपर्छ । जब जीवनका मोडहरूमा अप्ठ्यारो परिस्थिति आउँछ, तब संझनुपर्छ– 'जे भयो राम्रो भयो, जे हुँदैछ राम्रो हुँदैछ, अनि जे हुनेछ राम्रै हुनेछ । जीवनका हरेक मोडमा सन्तुष्टि लिनुपर्छ । हरेक नकारात्मकतामा सकारात्मकता खोज्दै जीवनलाई सकारात्मक मोडतर्फ डोर्‍याउनुपर्छ । हाँसो-खुसी, मिलन-बिछोड भनेका त जीवन जिउने क्रममा आउने सामान्य कुरा हुन् । यिनीहरूलाई सहजताका साथ स्वीकार गर्नुपर्छ, अनि मात्र हामी सबैको जीवन सफल हुन्छ । सम्झनुहोस्, जीवन उत्सव हो, तपाईं-हामी मिलेर यसलाई महाउत्सव बनाउनुपर्छ ।

**–अनिल शर्मा सुवेदी, पोखरा**

● तीतो सत्य ●

● श्रेष्ठ पदको हकदार बन्न सक्नु नै जीवनलाई सार्थक बनाउनु हो । जुन आफ्नो क्षमता र अरूप्रति गरिने असल व्यवहारबाट प्राप्त हुन्छ ।

● संसारमा जति पनि राम्रा कर्म भएका छन् ती सबै असल, सकारात्मक सोचबाट निस्किएका परिणाम हुन् भने जति पनि कुकर्म भएका छन् ती सबै दुषित मनबाट निस्किएका नकारात्मक सोचका परिणाम हुन् ।

**– पद्मा सिटौला, इटहरा, मोरङ**

● मानिसले कहिल्यै हरेस खानु हुँदैन ।

● जुनसुकै कुरा पनि अति गर्नुहुँदैन किनभने अतिले खति निम्त्याउँछ ।

● जीवन अनुभवको सँगालो रहेछ जहाँ हामी प्रत्येक पल केही न केही अनुभव गरिरहेका हुन्छौं ।

**– नारायण कुँवर**

● समयलाई सही ठाउँमा सही तरिकाले चिन्न सही समय नै पर्खनुपर्छ ।

● सबैलाई जन्मपछि मृत्यु मिल्छ तर मृत्युपछि जन्म कहिल्यै मिल्दैन ।

● जो-कोहीले पनि प्रेमको सुरुवात आँखाबाटै गरेको हुन्छ ।

**– एस.बी. रोदन**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

● सहर चर्चा ●



## कुलत छाडेर देश चिनाउँदै युवाहरू

दुर्व्यसनी देख्दा टाढा भाग्ने घरपरिवार र समाजको दृष्टिकोणमा परिवर्तन ल्याउन जुटेका छन् पोखरा र काठमाडौंका केही युवा । कुलत त्यागेका उनीहरूले आफू मात्र होइन, देशलाई चिनाउने र बनाउने माध्यम बनाएका छन् नेपाल र पर्यटनको विकासलाई । उनीहरूले अघिल्लो बिहीबार पर्यटकीय नगरी पोखरामा नेपाल चिनाउने वेबसाइट सार्वजनिक गरेका छन् । www.extranepal.com मा नेपालको प्राकृतिक सौन्दर्य, कला-संस्कृति, भूगोल, इतिहास, पर्यटकीय क्षेत्र, होटल, विश्वसम्पदा सूची, मौसम आदि विषय समेटिएको छ ।

लागूपदार्थमा फसेका दुर्व्यसनीलाई पनि देशको माया र जिम्मेवारी बोध हुन्छ भन्ने देखाउन सिर्जनशील काममा जुटेको 'एक्स्ट्रा' नेपालका युवाहरूले बताएका छन् । 'कुलत त्यागेर देश र समाजका लागि राम्रो काम गर्नुपर्छ भन्ने मनमा सधैं लागिरहन्थ्यो,' समूहका उमेश आचार्यले भने, 'धेरै सोचविचार गरेपछि नेपाललाई चिनाउने र स्वदेशी विदेशी पर्यटक आकर्षित गर्ने निर्णय गर्‍यौं ।' 'कुलतमा फसेका साथीहरू वेबसाइट बनाउने योजनाका साथ विभिन्न सरकारी र गैरसरकारी निकायमा धाउँदा कसैले पत्याएनन, सहयोग गरेनन्,' उनले भने- 'तर हामी हरेस नखाई लागिरह्यौं र सफल भयौं ।'

● मोडल वाच ●

# रूपशाको रूप



सुन्दर रूप भएकाले होला, उनका अविभावकले उनको नाम नै रूपशा राखिदिए । रूपवती रूपशा अहिले मोडलिङ क्षेत्रमा सक्रिय हुने क्रममा छिन् । मोडलसंसार डटकममा आकर्षक तस्बिर प्रकाशित भएपछि उनको मोडलिङ सक्रियता बढेको हो । केही फेसन शोमा क्याटवाक गरिसकेकी रूपशाले केही म्युजिक भिडियोमा पनि अभिनय गरिसकेकी छिन् । रूपशालाई मोडलिङमा प्रवेश गर्ने वातावरण उनको शारीरिक बनावटले पनि दिएको छ । आफ्ना समकालीन मोडलहरूभन्दा निकै अग्ली रूपशाको उचाइ ५ फिट ७ इन्च छ । अग्लो शरीरका कारण उनले मोडलिङमा राम्रो अवसर पाएको कुरा उनका समकालीन मोडलहरू पनि स्वीकार गर्छन् । ३३X२६X३६ शारीरिक बनावटकी रूपशालाई जिन्सका पहिरन मन पर्छन् । साधारण मेकअप गर्न रुचाउने रूपशालाई चलचित्रमा भने खासै रुचि छैन । अभिनय गर्न नआउने भएकाले पनि उनलाई चलचित्रमा अभिनय गर्ने रहर नपलाएको हो ।

● मुखाले ●

सरकारवादी दलहरूले सही दृष्टिकोण र विचार आत्मसात् गर्न सकेका छैनन् ।

**पुष्पकमल दाहाल**

सरकारले चाहे म पुनः सक्रिय हुन सक्छु ।

**परमानन्द झा**

प्रतिस्पर्धात्मक राजनीतिमा आइसकेको दलले आन्दोलनको घोषणा गर्नु र शान्ति-सम्झौताविपरीत काम गर्नु राजनैतिक बेइमानी हो ।

**शेरबहादुर देउवा**

गिरिजाबाबु प्रचण्डलाई विश्वास गर्न सक्नुहुन्छ तर उनीमाथि मेरो विश्वास छैन ।

**सुशील कोइराला**

नसच्चिए माओवादीको पनि हिटलर र पोलपोटजस्तै पतन हुनेछ ।

**माधवकुमार नेपाल**

गिरिजाबाबुले आफैंले बनाएको राष्ट्रपतिलाई कसरी हटाउनुहुन्छ ?

**सुजाता कोइराला**

यदि नेपाली कांग्रेस बीपीको राजनैतिक विचारधारामा नहिँड्ने हो भने राप्रपा नेपाल उनको विचारलाई लिएर हिँड्न तयार छ ।

**कमल थापा**

हामीले आफ्नो कार्यनीति बदलिसकेका छौं ।

**डा. बाबुराम भट्टराई**

शान्ति प्रक्रिया भाँड्न भ्रमको खेती गरिएको छ ।

**डा. शेखर कोइराला**

# गढीमाई मानिसकै बलि चाहनुहुन्छ

बारा जिल्लास्थित गढीमाई मेला पशुबलिका लागि विश्वमै प्रशिद्धि कमाउँदैछ्। प्रत्येक पाँच वर्षमा आयोजना हुने विशेष बलिमा यो वर्ष राँगा, सुगुर, बोका, कुखुरा, हाँस र परेवा गरी करिब १ लाख पशुको बलि दिइएको अनुमान छ। बलिका कारण मन्दिर वरपरको पाँच किलोमिटर क्षेत्र अहिले दुर्घन्धित छ। यद्यपि गाउँलेहरू यो दुर्गन्धलाई देवीको प्रसाद मान्छन्। वीरगन्जबाट २० किलोमिटर पूर्वमा स्थित गढीमाईमा भारत र नेपालका करिब ८ लाख व्यक्तिले दर्शन गरेको अनुमान गरिन्छ। प्रसिद्ध बलिस्थल भएकै कारण यसपटक युरोप-अमेरिकाबाट पनि सयौं सञ्चारकर्मी त्यहाँ उपस्थित थिए। यी सबैको केन्द्रमा गढीमाईका पुजारी मंगल चौधरी थिए। १० औं पुस्ताका यी पुजारीलाई बाराकै प्रसिद्ध तपस्वी राम बमजनले बलि रोक्न आग्रह गर्दा उनले अस्वीकार गरे। बलिका पक्षमा रहेका गढीमाईका भक्त एवं बलिको विपक्षमा रहेका रामबहादुर बम्जनका भक्तबीच हुन लागेको सम्भावित झडप यिनै पुजारीका कारण रोकिएको थियो।



मंगल चौधरी, पुजारी, गढीमाई मन्दिर

**रामबहादुर बमजनको आग्रहविपरीत आखिर बलि भएरै छाड्यो, कस्तो लागिरहेको छ ?**

खुसी लागेको छ। यसले गढीमाईप्रति मानिसको कति आस्था छ भन्ने पुष्टि गरेको छ। सञ्चारमाध्यमदेखि व्यक्तिसम्मले बलिको विरोध गर्दा पनि आखिर १ लाख पशुलाई देवीले स्वीकार गर्नुभयो। हाम्रो मन्दिर धन्य भयो। हामीले देवीलाई खुसी पार्न सक्यौं।

**एक लाख निरपराध पशुको ज्यान गएको छ, तर तपाईं यसलाई ठूलो पौरख मानिरहनुभएको छ, किन होला ?**

मैले घर-घर गएर मेरो मन्दिरमा बलि चढाउनु भनेको छैन। भारतको विहार मात्र होइन, यहाँ आसाम र तमिलनाडुसम्मका भक्तहरू आएर बलि दिएका छन्। कसैको देवीप्रति आस्था छ भने त्यसलाई मैले गौरवका रूपमा नलिएर दुःखका रूपमा लिऊँ ? यो मन्दिर मेरो दसौं पुस्ताका हजुरबुवा भगवान् चौधरीले स्थापना गर्नुभएको थियो। आज मेरो पालासम्म आउँदा यसका भक्तहरूको संख्या करोडौं पुगिसक्यो। यो त गौरवको कुरा हो।

**तपाईं देवीको भक्त हुनुहुन्छ, देवीले लाखौं पशुको बलि चाहियो भन्नुभएको हो ?**

मलाई भन्नुभएको होइन। मेरो दसौं पुस्ताका हजुरबुबालाई सपनामा भन्नुभएको हो। देवीले त नरबलि नै चाहनुहुन्छ, तर यो जमानामा नरबलि सम्भव छैन, त्यसैले मानिसको रगत चढाएर खुसी पार्छौं। यो परम्परादेखि आएको चलन हो। लाखौं पशुको बलि हुन थालेपछि मलाई पनि यो त धेरै भयो जस्तो लाग्छ, तर म पुर्खाको विरासत थाम्न विवश छु। मैले त्यसो गर्नैपर्छ।

**मानौं भोलि पशुबलिको संख्या बढ्दै गयो र तपाईंलाई रगतको भल बगेको मन परेन भने पूजा गर्न अस्वीकार गर्नुहुन्छ ?**

गर्दिनँ, मैले पूजा गरिनँ भने अनिष्ट हुन्छ। भोलि करोडौं पशुको बलि हुन थाल्यो भने पनि मैले यो भूमिका निर्वाह गर्नैपर्छ। २०२६ सालमा मेरो बुबाले पूजा गर्न अस्वीकार गर्दा हाम्रो घरमा आगो लागेको म अहिले पनि सम्झन्छु। देवीले हाम्रो परिवारलाई जुन जिम्मा दिनुभएको छ, यो पुस्तौंपुस्ता चलिरहन्छ। यसलाई अस्वीकार गर्ने प्रश्नै छैन। हिजो बुबाले मलाई राँगा छिनाल्न सिकाउनुभयो। म आफ्नो १५ वर्षको छोरालाई त्यही कुरा सिकाउँदैछु। किनभने पहिलो पशुबलि हाम्रै हातले दिने चलन छ। यसलाई निरन्तरता दिनैपर्छ। यसलाई तपाईं अन्धभक्ति भन्नुहोस् वा मुर्खता, तर यो निरन्तर चलिरहन्छ।

**रामबहादुर बमजनका भक्त र गढीमाईका भक्तबीच ठूलो द्वन्द्व हुन लागेको चर्चा थियो, त्यो कसरी टर्‍यो ?**

नेपालमा धेरै यस्ता सम्प्रदाय छन्, जो काटमारको विरोधमा छन्। तपस्वीले मसहित गढीमाई व्यवस्थापन समितिका २५ जनालाई तपस्यास्थलमा बोलाएर काटमार रोक्न आग्रह गर्नुभयो। पुजारी भएका नाताले तपाईंले चाहनुभयो भने काटमार रोकिन्छ, त्यसैले तपाईं हत्यामा सरिक नहुनुहोस् भनेर आग्रह गर्नुभयो, तर म यो गर्न सक्तिनँ, म देवीको वचनबाट बाँधिएको छु भनें। त्यसपछि उहाँले म तपस्यास्थलमै आएर काटमार रोक्छु भन्नुभयो। उहाँ तपस्यास्थल आउँदा अनिष्ट हुन्छ, देवीका भक्तहरू चुप लागेर बस्दैनन् भन्ने मलाई थाहा थियो। मैले उहाँलाई तपाईं आफ्नो काम गर्नुहोस् तर हाम्रो काममा बाधा नगर्नुहोस् भनेर सम्झाएँ। यस्ता समस्याको समाधान निरन्तरको वार्ताबाट सम्भव छ, जबरजस्तीबाट सम्भव छैन भन्ने सहमति भएपछि उहाँ काटमारस्थल आउनुभएन।

**कतिपय विश्लेषक यहाँ हुने करोडौंको आर्थिक कारोबारका कारण बलि प्रथा रोकिँदैन भन्छन् नि ?**

लाखौं पशुको बलि हुने र बलि दिँदा केही शुल्क लिने समितिको निर्णयका कारण केही आर्थिक कारोबार हुन्छ। कतिपय भक्तले भेटी पनि चढाउँछन्। यो त मानिसको आस्था हो, यसलाई कसरी रोक्न सकिन्छ ? बरु यो मन्दिरले लाखौं भारतीय पर्यटक ल्याउन सफल भएको छ। यसबाट केही दिनका लागि भए पनि गाउँलेहरूले रोजगारी पाएका छन्। यसलाई सरकारले पर्यटकीय स्थलका रूपमा विकास गर्नुपर्छ। यसबाट देशकै उन्नति हुन्छ।

**लाखौं व्यक्ति आउने स्थलमा बाटो, पानी, बासस्थान केही पनि रहेनछ, प्रसिद्ध मन्दिरको किन यस्तो बिजोग ?**

सरकारले ध्यान नदिएर हो। पोहोरदेखि थोरै बजेट आउन थालेको छ। हामीले राम्रो प्रस्ताव दिएका छौं, सरकारले ध्यान दिन्छ भन्ने आशा राखेका छौं। अघिल्लो वर्ष डा. बाबुराम भट्टराईले यसका लागि ४५ लाख रुपैयाँ छुट्याउनुभएको थियो। यसपालि २५ लाख मात्र आयो।

**मन्दिरले नै करोडौं रुपैयाँ कमाइरहेको छ, त्यो रकम यहाँको विकासका लागि पर्याप्त छ भन्ने लाग्दैन ?**

त्यो त मन्दिरको कमाइ हो। यो मन्दिरबाट पचासौं व्यक्ति पालिएका छन्। त्यसमा आँखा लगाउनु हुँदैन। त्यो देवीको पैसा हो।

**यसबाट केही राजनैतिक दलका नेतालाई पैसा जान्छ भन्ने पनि सुनिन्छ नि ?**

हेर्नुस्, मन्दिर व्यवस्थापन समितिको निर्णयअनुरूप नै सबै काम हुन्छ। धेरैको परिवार यसैमा आश्रित छ। यसमा धेरै बहस गर्नु राम्रो हुँदैन।

**अहिलेसम्म यहाँ कुन-कुन नेता आउनुभयो ?**

सबै आउनुभएको छ। पहिले राजा वीरेन्द्र, ज्ञानेन्द्र। अहिले नेपाली कांग्रेस, एमाले, माओवादी सबैका प्रमुख नेता आउनुभएको छ। सिमरौनगढ तथा गढीमाईलाई पर्यटकीय स्थल घोषणा गरी भारतीय गाउँ छोडादानो रेल्वे स्टेसनसम्म सीधा पिचरोड बनाउने वचन दिनुभएको छ। यहाँ लाखौं भारतीय पर्यटक ल्याउन सकिन्छ। पैसा कहाँ गयो भनेर खोज्नुभन्दा यस्तो पर्यटकीय स्थललाई सरकारले किन अहिलेसम्म हेरेन भनेर चिन्ता गर्नु राम्रो हुन्छ।

**गाउँ यसरी दुर्घन्दित भएको छ, यसबाट रोग फैलन्छ भन्ने चिन्ता लागेको छैन ?**

देवीको कृपाले केही हुँदैन। यो त देवीको प्रसाद हो। डोजर र स्क्याभेटरले सिनोको व्यवस्थापन गरिसक्यौं, अब सबै ठीक हुन्छ।

–अश्विनी कोइराला




a call for DJ course with Nepal's most loved disco-jockey

!the best of hip-hop, house, techno, mainstream and party mix!

students will get a first-hand practical session with DJ Raju in Kathmandu's favorite clubs and discos every weekend nights.

book your seats now.
the flight is fun, futuristic and full!!

BOOM INTERNATIONAL
Contact : 016225212,9851099581
Gautam Buddha Marg, Anamnagar




एक दशक देखि निरन्तर प्रतिबद्ध नेपालका प्रसिद्ध रेडियो प्रस्तोता तथा Most Demanded Public Speaker/ RJ/VJ/MC "हेम सुबेदी" तपाईंलाई आफ्नै अत्याधुनिक Studio मा स्तरिय तालिम दिएर Qualified Professional बनाउनु हुनेछ। Hand Book, Dummy CD, Global Certificate का साथ। अन्यत्र नझुक्किनुहोस्।

we have made many professionals

Hurry up! Call Now or Never...

Boom Media
Baghbazar, Ktm., Nepal
4260125, 9841666875



## Hellotunes (CRBTs) from DIGITAINMENT

### WIN FREE AUDIO CD



DOWNLOAD ANY HELLOTUNES OF NILANJANA
SMS YOUR NAME AND LOCATION TO 5005

अघिल्लो साताको Audio CD बिजेताहरुको नाम www.digitainment.com.np मा राखिएको छ।

| Song | Singer | NT | Mero Mobile | UTL |
|---|---|---|---|---|
| मायाको कुरा | निलञ्जना भट्टचार्य | 0140002279 | 6021012 | 7785151 |
| आइन् भनेर हेर्छु | निलञ्जना भट्टचार्य | 0140002280 | 6021013 | 7785152 |
| फुल फुल | निलञ्जना भट्टचार्य | 0140002281 | 6021014 | 7785153 |
| के थाहा मलाई | निलञ्जना भट्टचार्य | 0140002282 | 6021015 | 7785154 |
| हेर्छु जब तिमीलाई | निलञ्जना भट्टचार्य | 0140002283 | 6021016 | 7785155 |
| बाटो हेर्दाहेर्दै | निलञ्जना भट्टचार्य | 0140002284 | 6021017 | 7785156 |
| तिमीलाई हेर्नु | निलञ्जना भट्टचार्य | 0140002285 | 6021018 | 7785157 |
| रोएको हो कि | निलञ्जना भट्टचार्य | 0140002286 | 6021019 | 7785158 |
| आऊ हराउन | निलञ्जना भट्टचार्य | 0140002287 | 6021020 | 7785159 |
| मन दुख्यो रे | निलञ्जना भट्टचार्य | 0140002288 | 6021021 | 7785160 |

### Most Popular Hellotunes

| Song | Singer | NT | Mero Mobile | UTL |
|---|---|---|---|---|
| दर्शन नमस्ते | राजेश पायल राई | 0140001695 | 60267 | 7784351 |
| दिन होस् या रात | नविन के भट्टराई | 0140002139 | 602695 | 7784982 |
| हल्ला चलेछ | राजु लामा | 0140002212 | 602843 | 7785056 |
| दर्पण छायाँ | इन्दिरा जोशी | 0140002555 | 6021302 | 7785429 |
| मस्की मस्की | Mt. 8848 | 0140002535 | 6021266 | 7785390 |
| चिसो चिसो | राजु दंगाल | 0140001976 | 602463 | 7784800 |

### Recommended Hellotunes

| Song | Singer | NT | Mero Mobile | UTL |
|---|---|---|---|---|
| नजाऊ | पुष्पा गुरुङ्ग | 0140001982 | 602522 | 7784818 |
| भुलमा भुल्यो | रविन एण्ड लुजा | 0140002305 | 602990 | 7785129 |
| दया बया | सविन राई | 0140002547 | 6021293 | 7785419 |
| चुपचाप चुपचाप | स्वरुप राज/श्रेया शोताङ्ग | 0140002518 | 6021240 | 7785365 |
| लौन त प्रित | प्रवेश मान शाक्य | 0140002639 | 6021372 | 7785495 |
| बगैंचा मा | आनन्द कार्की | 0140002689 | 6021426 | 7785549 |
| मान्छेको जीवन | अञ्जु पन्त | 0140002690 | 6021427 | 7785550 |
| रेश्म फिरिरि | पेम्बा छोटि शेर्पा | 0140002662 | 6021395 | 7785519 |
| शहिदको सपना | निशाद | 0140002673 | 6021406 | 7785533 |
| तिम्रो माया | आदि याक्थुम्बा | 0140002685 | 6021418 | 7785545 |
| परदेश | एक्स मन्त्र | 0140002276 | 6021009 | 7785148 |
| होसै उदायो | सजिप श्रेष्ठ | 0140002388 | 6021041 | 7785226 |
| सोचन | आस्था बि. | 0140002220 | 602858 | 7785077 |
| आमा तिमी | आनी छोइङ्ग ड्रोल्मा | 0140002265 | 602852 | 7785065 |
| मस्की मस्की | ओम बिक्रम बिष्ट | 0140002398 | 6021070 | 7785236 |
| बतासले मलाई | कमला श्रेष्ठ | 0140002130 | 602635 | 7784949 |
| अन्जान देशमा | सत्यदीप भट्टचार्य | 0140002296 | 602981 | 7785120 |
| बतासले छुंदा पनि | लसता जोशी | 0140001723 | 60280 | 7784662 |
| हेराई | नलिना चित्रकार | 0140002383 | 6021036 | 7785188 |

### Newari Hellotunes

| Song | Singer | NT | Mero Mobile | UTL |
|---|---|---|---|---|
| मु मडुगु जिगु जिन्दगी | रीता मर्हजन | 0140002043 | 602533 | 7784868 |
| ख ख्वबी | प्रेम ध्वज प्रधान | 0140002002 | 602485 | 7784829 |
| स्वाँ छफो | जीवन लाल मास्के | 0140001999 | 602482 | 7784826 |
| तुयु धाया तुयु मखु | मदन कृष्ण श्रेष्ठ | 0140002576 | 6021324 | 7785450 |
| खनेमरु | सुलिन्द्र शाक्य/प्राशना शाक्य | 0140002046 | 602555 | 7784881 |

Brought to you by:
DIGITAINMENT PVT. LTD.
Chakupat, Patan Dhoka
Ph: 5005530, 2237395

आफ्नो गीत संगीत प्रर्बधन गराउन चाहने सम्पुर्ण संगीतकर्मी र म्युजिक कम्पनीहरुले ५००५५३०, २२३७३९५ र ९८५१०४३४६७ मा सम्पर्क गर्न अनुरोध गरीन्छ।

Prismark/09

# ब्लू फिल्म खेल्न

## नायिकालाई पचास लाखको अफर



'...म तिमीलाई ५० लाख रुपैयाँ दिन्छु, भन्याजस्तो चलचित्रमा खेल्छौ?'

'...खेल्दिनँ, किन खेल्नु?'

'...एक करोडमा चलचित्र बन्छ, पचास लाख रुपैयाँ तिमीलाई हुन्छ....तिमी त्यस्तो चलचित्र खेल्छौ.. हिम्मत छ भने भोलि नै २५ लाख क्यास दिइन्छ, कुराकानी गरेर.. है?'

यो नेपाली चलचित्रमा संघर्षरत एउटी नायिकाको अपरिचितसँगको मोबाइलवार्ताको मुख्य अंश हो । ३१ मिनेट चानचुनको उक्त वार्ताको सत्ताइसौं मिनेटमा आएर ती अपरिचितले नायिकासँग सांकेतिक रूपमा यौन चलचित्रमा काम गर्ने प्रस्ताव राखे । २६ मिनेटसम्म नेपाली, विदेशी चलचित्र क्षेत्रका बारेमा सामान्य विवाद भएजस्तो गरी वार्ता गरिसक्दा-नसक्दै ती अपरिचितले हालै चर्चामा आएको एउटी नायिकाको यौन भिडियो प्रकरणको कुरा झिक्छन् । ती नायिकाको गल्ती नभएको कुरामा यी नयाँ नायिकाले अडान राखेपछि अपरिचितले उनलाई घुमाउरो तरिकाबाट यौन चलचित्र खेल्नका लागि प्रस्ताव राखेका थिए ।

दुईवटा सेक्स टेप प्रकरणका कारण आममानिसको सन्देहको घेरामा रहेका नेपाली चलचित्रका महिला कलाकारहरू र 'सबै उस्तै हुन्' भन्ने आमसोचविपरीत संघर्षरत यी नायिकाले भने ५० लाख कमाउने उक्त प्रस्ताव अस्वीकार मात्र गरिनन्, प्रस्ताव राख्ने मानिसलाई समेत काठमाडौं जिल्ला प्रहरीको खोरमा पुऱ्याउन मद्दत गरिन् । यो अर्थमा उनी साँच्चैकी नायिका भएकी छिन् ।

गत वर्ष सामान्य व्यवसाय गरेको निर्देशक सोभित बस्नेतको चलचित्र 'मिसन लभ इन सिक्किम'बाट नेपाली चलचित्रकी नायिका भएकी हिमानी डिसीलाई केही दिनअघि राती करिब ११ बजे अर्की साथी नायिकासँग घरमा बसिरहेका बेला मोबाइलमा फोन आयो । ब्लफकल शैलीमा आएको उक्त अपरिचितको पहिलो फोनलाई उनले हिमानीकी दिदी बताएर टारे पनि त्यसको केही मिनेटपछि फेरि ती मानिसले फोन गरे । पहिलो र दोस्रो कलको बीचमा हिमानीले उक्त ब्लफकलका बारेमा सँगै रहेकी साथी नायिकालाई बताइन् । हिमानीले बोकेको मोबाइल सेटमा आएका र गरेका सबै कल रेकर्ड गर्न मिल्ने सुविधा भएकाले साथी नायिकाले उनलाई अब फेरि कल आए मोबाइलमा रेकर्ड गर्ने जुक्ति सुझाइन् । त्यसैअनुरूप ती व्यक्ति अर्थात् वार्तामा बर्दिया घर बताए पनि मूल घर दाङ भएका र हाल कलंकी बसोबास गरिरहेका रणवीरसिंह राठौर उर्फ रूपसिंह बुढाथोकीले नायिका हिमानी डिसीसमक्ष राखेको यौन चलचित्र खेल्ने प्रस्तावसहितको कुराकानीलाई हिमानीले आफ्नो मोबाइलमा रेकर्ड गरिन् ।

मोबाइलमा वार्ताका क्रममा हाल सार्वजनिक अपराधअन्तर्गत पक्राउ परेर हनुमान ढोका खोर परेका बुढाथोकीले चलचित्र निर्माता रोज राणालाई आफ्नो स्कुले साथी बताए पनि कुरा अघि बढ्दै जाने क्रममा उनले राणाविरुद्ध पनि केही कुरा बोलेका छन् । सुरुवातमा रोज राणाको चलचित्रमा नायिका बनाउने प्रस्ताव राखे पनि कुराकानीको अन्त्यमा भने उनले हिमानीलाई यौन चलचित्रको प्रस्ताव राखेको रेकर्ड सुन्दा थाहा हुन्छ । बुढाथोकीले नायिका उषा पौडेललाई पनि आफूले नै चलचित्रकी नायिका बनाएको बताएका छन् भने एक चर्चित लोकगायिकाको दाइकी छोरीका बारेमा पनि नानाभाँती कुरा गरेका छन् । उनले नेपाली चलचित्रकी नायिकाहरूका बारेमा यसो भनेका छन्- 'केटीहरूले हिरोइन बन्न पैसा हाल्नुपर्दैन, केटाहरूले मात्र पर्छ ।' कुराकानीका क्रममा उनले नेपाली चलचित्रकी नायिकाहरूको चरित्रमाथि नै प्रश्नचिन्ह लाग्ने कुरा गरेका छन् ।

निर्देशक तुलसी घिमिरेको निर्माणाधीन चलचित्र 'स्वर्गकी परी'मा नायक सुमन सिंहकी जोडी भएर अभिनय गरिसकेकी हिमानी डिसी आफ्नो तौल घटाएर पुनः चलचित्र क्षेत्रमा आउने योजनामा छिन् । हाल नाकभित्र आएको घाउ र त्यसको शल्यक्रिया गर्नुपर्ने भएकाले उनी अभिनयतर्फ अघि बढ्न सकिरहेकी छैनन् ।

बुढाथोकीसँगको मोबाइल वार्तालाप रेकर्ड गरिए पनि उनको विरुद्ध जान हिमानीले हिम्मत जुटाउन सकिरहेकी थिइनन् । बताइएअनुसार बुढाथोकीले अप्रत्यक्ष रूपमा उनलाई अपहरण गर्न सकिने कुरा पनि गरेका थिए । फेरि झन्डै दुई वर्षअघि ती मानिसले मोबाइलमार्फत यस्तै किसिमका कुराकानी हिमानीसँग गरेका थिए । जानकारहरूका अनुसार अभियुक्त बुढाथोकीको नायिका हिमानीसँग टाढाको मामाको छोराको नाता पनि छ, तर त्यस विषयमा आफूले खोजी नगरेको हिमानीले साप्ताहिकलाई बताइन् ।

सुरुवातमा रेकर्ड गरिएको वार्तालाई के गर्ने अन्यौलमा परे पनि साथी नायिका सौजन्य सुब्बा र अन्य सहयोगीहरूको सल्लाहमा नराम्रो नियतवश फोन गर्ने मानिस बुढाथोकीका विरुद्ध काठमाडौं जिल्ला प्रहरी कार्यालयमा हिमानीले उजुरी दिइन् । त्यसपछि प्रहरीले हिमानीबाट प्राप्त मोबाइल नम्बरका आधारमा बुढाथोकीलाई पक्राउ गरेको हो ।

मोबाइल वार्ताको रेकर्डअनुरूप बुढाथोकीलाई नेपाली चलचित्र क्षेत्रका बारेमा धेरै जानकारी रहेको बुझिन्छ । नेपाली चलचित्रप्रति चासो र जानकारी हुनुलाई सामान्य मान्न सकिन्छ । यद्यपि उनले नेपाली चलचित्रकर्मीलाई नराम्रो रूपबाट बुझेको थाहा हुन्छ । उनले नायिकाहरूका बारेमा नकारात्मक कुरा गर्नुका अतिरिक्त नायकहरूमाथि पनि दोषारोपण गरेका छन् । उनले वार्ताका क्रममा नायकद्वय निखिल उप्रेती र विराज भट्टको नाम लिँदै उनीहरू पनि चलचित्रमा पैसा हालेर आएको बताएका छन् । उनका प्रत्येक कुरालाई हिमानीले प्रतिकार गरिरहेको पनि बताइन्छ । हिमानीले प्रतिकार गर्दा राठौर अझ आवेगमा आएका छन् । रेकर्डमा दुवै पक्षको कुराकानीको शैली वादविवादजस्तो छ । सुरुवातदेखि बुढाथोकीको आशय चलचित्र क्षेत्र नराम्रो भएको र यसमा काम गरेर आर्थिक रूपमा सबल नहुने तर्कमा केन्द्रित छ । एक प्रकारले उनले एउटी संघर्षरत नायिकालाई चलचित्र क्षेत्रका नराम्रा पाटोका बारेमा बहस गरेर उनको 'ब्रेनवाश' गर्न खोजेका छन् । 'ब्रेनवाश' गर्ने क्रम अघि बढाउँदै बुढाथोकी कुराकानीको अन्तिममा हिमानीलाई फोन गर्नुको मूल मुद्दामा नजानिँदो पाराबाट प्रवेश गरेका छन् र मूल मुद्दा उनलाई 'ब्लू फिल्म'मा खेल्ने अफर रहेको थाहा हुन्छ । कुरा जब मूल मुद्दामा प्रवेश गर्छ, हिमानी रिसाएको पनि थाहा हुन्छ । उनले झर्केर भनेकी छिन्- '..के कुरा गर्नु भा'को दाइ तपाईंले, म अघिदेखि राम्रोसँग कुरा गरिरहेको छु.तपाईं..??'

हिमानी रिसाएपछि अलिक झस्किएको स्वर निकालेर बुढाथोकी बिस्तारै मूल मुद्दाबाट टाढिन खोजेका छन् । कुराकानीको ३१ औं मिनेटमा गएर 'ल ल, पछि कुराकानी गरौंला, भेटसेट गरौंला' भनेर बुढाथोकीले कुरा सकेका छन् ।

**ब्लू फिल्म बनाउने गिरोह ?**

हिजो बिहिबार राति कान्तिपुर टेलिभिजनको दैनिक कार्यक्रम 'कान्तिपुर आज'मा यो मुद्दाका बारेमा

**बाँकी पृष्ठ २५ मा**

51% Discount
Learn Computer
Basic Windows
Graphic Designing
Web Page Designing
Accounting
Hardware & Networking
English Language
Basic to Advanced
Free: Books, CDs Internet & Email
Study In: UK, CANADA
Getway Educational Consultancy (P) Ltd.
Bagbazar, Kathmandu
Ph: 4239719, 4241870

GRAPHIC DESIGN COURSE
Learn with Expert
GRAPHIC DESIGNER of Print Media
Job Placement Assistance in Ad. Media / Press
Basic in Graphic (Offset Press)
Freehand, Photoshop
Pagemaker, Corel Draw
FOUNTAIN Education
Anamnagar Bus Stop
Phone No. 4246688

+2/SLC १ बर्ष मै
□ १ बर्ष मै +२ पास गर्न चाहानुहुन्छ ?
□ ८,९,१० पास नगरी SLC दिन चाहानुहुन्छ ?
□ Maths/Science साथै Sent up नदिई SLC पास गर्न चाहानुहुन्छ ?
□ SLC/+2 मा ५ विषय पढे पुग्ने ।
□ जागिरे/गृहिणीहरुले घरमै बसी पढ्न सक्ने ।
□ TU/HSEB/KU तथा विश्वभर मान्यता प्राप्त ।
□ Nepali/English भाषामा परीक्षा दिन सकिने ।
पाथ-फाईन्डर ग्लोबल एजुकेशन
पुतलीसडक चोक, काठमाडौं (रिपोटर्स क्लबको अगाडि) 01-2005077

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801

होटल तालिम विशेष छुटमा २००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ ।
COOK, WAITER, Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy etc.
ATHTIN बाट स्विकृत प्राप्त
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Vissa Processing for Aboard Study U.K. Australia
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार,पि.के.क्याम्पसपछ्रिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग
2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडी
4464720, 9841-891131, 98510-93629

THE CREATION INIFD
(INTERNATIONAL INSTITUTE OF FASHION DESIGN)
Special Discount Offer for this session
ADMISSION OPEN
the Creation
In technical collaboration with INIFD The Cradle of Designers ISTITUTO di Moda BURGO Milan Italy
INTERIOR DESIGN
FASHION DESIGN
TEXTILE DESIGN
Lazimpat, Kathmandu
CONTACT: 4435957, 4437892
www.nifdnepal.com

६ महिना मै कक्षा-८
सजिलै पास गरौ
(५, ६, ७, ८ फेल भई विचैमा पढाई छोडेका वा १४ वर्षदेखि माथिका विद्यार्थीहरुले सम्पर्क राख्न सक्ने छन्) यस वैकल्पिक विद्यालयबाट यसै वर्ष २०६६ मा जिल्ला शिक्षा कार्यालयले लिने जिल्ला स्तरीय परीक्षा कक्षा-८ उर्तिण विद्यार्थीहरुले २०६७ सालमा कक्षा-९ नपढी सोझै कक्षा १० मा भर्ना भई SLC दिन पाउने भएको हुँदा सिमित सिटमा नयाँ भर्ना खुल्ला गरिएको छ । माध्यम:नेपाली/अंग्रेजी
स्याण्ड्रा विद्यालय नयाँबजार, सोह्रखुट्टे फोन:४३६१७१२
बुद्ध विद्यालय गोङ्गबु, काठमाडौं फोन:४३६५९५५

सौन्दर्यका सामान
- Height बढाउने (Yoko Japanese) - 1050/-
- मोटोपन घटाउने (Sauna Belt)
- अनुहार गोरो बनाउने (Roop Amrit)
- स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
- डण्डीफोर, चाया पोतो हटाउने (Cream)
- धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
- कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
- एकमुखे रुद्राक्ष साथै हनुमान कवज
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Ph. 2290871, Mob. 9841506134

मुहार
बेदाग गोरो मुहारको लागि
रूपअमृत (Antipimple) -1650/-
चाउरीपना हटाउने Cream -1250/-
स्तन बढाउने Cream -1650/-
ग्याष्ट्रिक ▶ ब्लडप्रेशर ▶ दम ग्रा.उपचार
शरीरको उचाई बढाउने -1250/-
शरीरको तौल बढाउने -1000/-
मोटोपना घटाउने -2550/-
No Side effect 100% Guaranteed
केश
झर्ने तुरुन्तै रोकी उमार्ने तेल
Before Herbal44 Rs. 750/- After
आस्था हेल्थ केयर
काठमाडौं गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, इटहरी 025-580944

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिंदैछ ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं ।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

# करियरका लागि प्रतिभा विकास ?

हरेक व्यक्तिमा केही न केही गर्न सक्ने क्षमता-प्रतिभा हुन्छ। कुनै पनि व्यक्तिले खुबीको विकास गर्न सक्ने अपार सम्भावना बोकेको हुन्छ, तर मुख्य कुरा त्यो सम्भावनालाई पहिचान गर्न र उपयोगमा ल्याउन सक्नु नै हो। मानिस आफूमा निहित सम्भावना यथार्थमा परिणत गर्न महत्त्वाकांक्षाद्वारा उत्प्रेरित हुन्छ। महत्त्वाकांक्षा र आशावादी विचारले व्यक्तिको अन्तरहृदयमा शक्तिको सञ्चार गराइदिन्छ। यही शक्तिका अधारमा नै कुनै पनि व्यक्तिले केही गर्ने आँट र साहस गर्छ।

**कस्तो हुनुपर्छ महत्त्वाकांक्षा ?**

कुनै महत्त्वाकांक्षा र उद्देश्य नै नभएको व्यक्ति समाजमा हुँदैन। उद्देश्यविहीन जीवन बाँच्नुको कुनै अर्थ पनि हुँदैन। व्यक्तिमा महत्त्वाकाक्षांको अन्त्य हुनु भनेको व्यक्तिको प्रगतिको पनि अन्त्य हुनु हो। त्यसैले आधुनिक र प्रतिस्पर्धात्मक युगमा उच्च मनोबल र महत्त्वाकांक्षा राख्ने व्यक्ति नै प्रगतिको शिखर चढ्न सक्छ भने यथार्थ बुझ्नु आवश्यक छ। यद्यपि मनोविश्लेषकहरूका अनुसार महत्त्वाकांक्षा व्यक्तिले आफ्नो आर्थिक हैसियत, योग्यता र क्षमताभन्दा ठूलो पाल्नु हुँदैन। हैसियतभन्दा ठूलो महत्त्वाकांक्षा पूरा नहुन सक्छ। त्यसैले आफ्नो प्रतिभा, योग्यता, क्षमता तथा आर्थिक हैसियतसँग सामञ्जस्य हुने महत्त्वाकांक्षा र उद्देश्य लिएर प्रगतिको शिखर चढ्नुपर्छ।

मानिस सदैव ज्ञानपिपासु रहँदै आएको छ। यो उसको महत्त्वाकांक्षाको परिणाम नै हो। आजका हजारौं आविष्कार, उपलब्धि, मानवनिर्मित आश्चर्यजनक भौतिक, सामाजिक तथा सांस्कृतिक सम्पदाहरू यही सम्भावना र महत्त्वाकांक्षाका उपज हुन्। मानिसका लागि जिउने आधार र प्रेरणा पनि यिनै उपलब्धि र सम्पदाहरू हुन। महत्त्वाकांक्षा, उद्देश्य र आशाले मानिसलाई प्रगतिका लागि बाटो देखाउँछ र सपनालाई पनि साकार रूप दिन्छ। धैर्य, साहस एवं संयमपूर्वक काम गर्दा उपयुक्त उद्देश्य निश्चित रूपमा सफल हुन्छ। अतः सम्भावना र महत्त्वाकांक्षाको ज्योतिलाई निम्न दिनु हुँदैन। केही गर्न उठ्नुपर्छ। समाजमा केही गरेर वा नयाँ परिवर्तन ल्याएर देखाउनुपर्छ। केही गरेर सफलता प्राप्त गरेपछि नै मानिसले उमंग, खुसी र समाजमा प्रतिष्ठा पनि प्राप्त गर्न सक्छ।

**खुड्किलो तयार गर्नुपर्छ :**

कुनै पनि व्यक्तिले प्रगतिको शिखर चढ्न सबैभन्दा पहिले खुड्किलो तयार गर्नुपर्छ। त्यसपछि आत्मविश्वास, दृढ संकल्प एवं सकारात्मक दृष्टिकोण राखेर खुड्किलो चढ्न सुरु गरेपछि निश्चित रूपमा गन्तव्यसम्म पुग्न सकिन्छ।

**कुशल रणनीति :**

पहिले लक्ष्य निर्धारण गर्नुपर्छ, त्यसपछि हिंड्ने मार्ग प्रशस्त गर्नुपर्छ। अगाडिको कदम चाल्नुभन्दा पहिले पर्याप्त सोचविचार गर्नुपर्छ। त्यसका लागि तुरुन्तै निर्णय लिने क्षमताको विकास गर्नुपर्छ। जोखिमा उठाउन सक्ने साहसको विकास गर्नुपर्छ। कुशल, व्यावहारिक, वाकचातुर्य र विश्वसनीय बन्नुपर्छ। अरूको अनुभवबाट पनि सिक्ने र ज्ञान आर्जन गर्ने प्रयास गर्नुपर्छ। जीवनमा सफलताका लागि यस्ता विशिष्टि गुणहरूलाई समावेश गर्नु आवश्यक छ।

**के हो त करियर ?**

करियर आजको आधुनिक एवं प्रतिस्पर्धी युगमा आमचासोको विषय बन्न पुगेको छ। करियरलाई धेरैले जीविका वा रोजगारीको विषयका रूपमा बुझेका हुन्छन्, तर सँक्ष्म अध्ययन गर्ने हो भने करियरलाई केवल जीविकाको पर्यायवाची शब्दका रूपमा वा रोजगारी शब्दमा रूपान्तरण गर्न मिल्दैन। करियर शब्दले रोजीरोटी वा रोजगारीको शब्दभन्दा व्यापक अर्थ बोकेको छ। करियर केवल आफ्नो वा परिवारको भरणपोषण गर्ने रोजगारसँग मात्र सम्बन्धित नभै व्यक्तिगत आकांक्षा, सामाजिक प्रतिष्ठा, क्रमिक प्रगति, तथा पारिवारिक आर्थिक निश्चितता र सन्तुष्टिसँग पनि सम्बन्धित छ। करियर केवल जीविकोर्पाजन वा रोजगारको बाटोमात्र नभै दीर्घकालीन प्रगतिका लागि परिवर्तनशील प्रक्रिया पनि हो। त्यसैले करियरको योजना बनाउन करियर प्लानिङको आवश्यकता पर्छ। आजका हरेक व्यक्तिले लगातार प्रगतिका लागि प्रयास गरेको हुन्छ। त्यसैले त्यस्तो व्यक्तिले जागिरी, काम, कार्यक्षेत्र वा व्यवसायको क्षेत्रमा अनुकूल परिवर्तन एवं अभिवृद्धि गर्छ। करियरप्रति सचेत व्यक्तिले मात्र यस्तो उपलब्धि करियर प्लानिङ सुनियोजित रूपमा गर्नाले त्यो कार्य सरल र सफल पनि हुनपुग्छ। यसैले केही गर्न पाइला चाल्नुअघि सम्बन्धित कार्यका लागि उपयोगी जानकारी, तथ्यांक बटुल्नु, सोचविचार गरेर समयबद्ध योजना बनाउनु आवश्यक छ। यो योजना बनाउनु भनेको भविष्य निर्धारण गर्नु पनि हो।

–भोला




FRESH MODELS WANTED
We need Fresh Models for our upcoming X-mass, Fashion Show and Model Contest.
We are also looking for some models for music videos and advertisements.
A Team Audio/Video Productin Pvt. Ltd.
Delli Bazar (Near to Batuleghar)
Tel: 9841701235, 9849197340

६ महिना मै +2
तथा Math / Science / Test नदिईकनै
S.L.C.पास !!
(Nios Delhi Board)
Arts Commerce Science
अन्तिम भर्ना !!
American/Nios (+2)
कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने, +2, A Level फेल भएता पनि ६ महिनामै +2 पास गर्न सकिने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहिणीले घरमै पढेरै पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रजीमा परीक्षा दिन पाईने।
४/४ महिना मै IA/ICom Pass !!
SLC पास गरी विविध कारणले College पढ्न नपाएका तथा धेरै चोटी Back लागी असफल भएकाहरूका लागि IA/ICom पास गर्ने सुवर्ण अवसर !!
अंग्रेजी, JAPANESE, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु भाषाहरू, साथै Tution for BBS, BA, +2, CBSE, A"Level and Computer Courses.
डिम्लोम्याटिक एकेडेमी
कुमारीपाटी, 5549139
9851021665
ओरियन एकेडेमी
सामाखुशीपुल, 4388400
9851021071
चावहिल, 2290690
नयाँ बानेश्वर, 2160822

Language / Computer
English: Elementary, Intermediate & Advanced courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/ interactive classes..)
Computer: Basic/Advanced/Accnt./Graphic
TOEFL/IELTS/SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Study Abroad: USA, UK, Canada, Australia .. Wide range of courses, Free counselling ..
Language books/Cassettes/CDs/Video DVDs:
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Eagle Eye UN POL (SAT) prepn. Book with audio CD Price: Rs. 280/-
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Face to Face Language Videos Price: Rs. 160/-
Interactive English Language Videos Price: Rs. 260/-
Boost Vocabulary Enhance word power Basic to Advanced Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945
OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other institutes called OLC don't belong to us!)

for U.K./JAPAN/CANADA goers...
होटल तालिम
कुक ३० दिन | बेकरी १५ दिन | बारम्यान १५ दिन
वेटर/वेट्रेस ३० दिन | कफि मेकिङ्ग १५ दिन
KMDC Koteshwor
(Kamana Manpower Development Center)
4601878/4600335

Work & Study
LINCOLN COLLEGE MALAYSIA
100 %CREDIT TRANSFER TO > UK, USA, AUS, NEWZEALAND
ADMISSION OPEN FOR JAN,09 INTAKE
WHY LINCOLN COLLEGE?
-NO PROCESSING FEE
-QUALITY EDUCATION
-SUBJECT OF YOUR CHOICE
-AFFORDABLE TUITION FEE
-HOME STAY EXCITING EUROPEAN LIFE
-OVER THEN 80 NEPALI STUDENTS
-CULTURE EXCHANGE WITH MORE THAN 20 COUNTRY FRIENDS
-MUCH MORE
"WE ARE HERE TO ENSURE YOUR SUCCESS !"
ADMISSION OFFICE:-
LINCOLN INT'L EDU CONSULTANCY
CONTACT NO: 01-4415820

आयुर्वेदिक पद्धती द्वारा दिर्घरोगको अचूक उपचार
हाडजोर्नी तथा नसा: सबै किसीमका वाथ, आथ्राइटिस, प्यारालाइसिस, साइटिका हड्डीखिइएको, नसा च्यापिएको, हातखुट्टा झमझमाउने, मुख बाङ्गीने, जोंनीहरु दुख्ने, डिस्क प्रोल्याप्स
पेट संवन्धी: ग्याष्टिक, अम्लपित, जण्डिस कोलाइटिस, अपच, कब्जीयत तथा अन्य रोगहरु
मानसिक: डिप्रेसन अनावश्यक डर, भय, अनिन्द्रा, शारिरीक थकान, रिगंटा, तनाव आदि।
दिर्घरोगहरु: पिनास, पाइल्स, मधुमेह, उच्च रक्तचाप, यूरिक एसिड, दम, आदि।
यौन: सबै किसिमका यौन दुर्वलता, धातुरोग, सरुवा रोग निःसन्तापन, यौनाङ्ग विकास, महिनावारीमा गडवडी आदि (पुर्ण गोप्यताका साथ)
सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरु।
धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि.
धुम्बाराही चोक, रिङ्गरोड भन्दा उत्तर मण्डिखाटार जाने बाटोमा
काठमाडौं फोन : ४३७९०९६, ४३७०५८६

# छैटौं प्राविधिक महोत्सव लोकस सम्पन्न

**साप्ताहिक समाचार**

इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोक क्याम्पसका विद्यार्थीहरूले आयोजना गरेको प्राविधिक महोत्सव लोकस-२००८-०९ गत आइतबार सम्पन्न भयो। गत शुक्रबार प्रारम्भ भएको महोत्सवमा कम्प्युटर, इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल इन्जिनियरिङ विषय अध्ययनरत विद्यार्थीले विकास गरेका नयाँ प्रविधिहरू प्रदर्शनमा थिए।

'प्रतिस्पर्धाले नै गुणस्तरको निर्माण गर्छ,' शीर्षकमा आयोजित छैटौं संस्करणको उक्त महोत्सवका चारवटा विश्वविद्यालयका १४ वटा इन्जिनियरिङ कलेजका विद्यार्थीले सहभागिता जनाएका थिए। प्राविधिक विद्यार्थीहरूलाई स्वस्थ प्रतिस्पर्धाका निम्ति प्लेटफर्म उपलब्ध गराउन, उनीहरूमा व्यावसायिक सीप र सामूहिक कार्य एवं नेतृत्वशक्तिको विकास गराउन तथा विभिन्न रुचि र पृष्ठभूमिका मानिसहरूलाई सँचना-प्रविधिका नवीनतम आविष्कारहरूसँग साक्षात्कार गराउन महोत्सव सफल भएको कार्यक्रमका प्रचार संयोजक ज्ञानेश्वर बोहोराले



साप्ताहिकलाई बताए।

महोत्सवमा प्रतियोगितात्मकतर्फ सफ्टवेयर, हार्डवेयर, इलेक्ट्रिकल विधाका प्रोजेक्टहरूबीच प्रतिस्पर्धा भएको थियो। त्यस्तै कार्यपत्र प्रस्तुति एवं प्राविधिक हाजिरीजवाफ प्रतियोगिता पनि सम्पन्न भयो। त्यस्तै अनौपचारिक कार्यक्रममा कोडिङ प्रतियोगिता, कम्प्युटर गेमिङ प्रतियोगिता सञ्चालन भए। यसबाहेक अप्रतियोगितात्मकमा सेमिनार, कार्यशाला तथा अन्तर्क्रियाहरू गरिएको थियो। प्रचार संयोजक बोहोराका अनुसार विभिन्न इन्जिनियरिङ प्रविधि र प्रयोगशालाहरूको प्रदर्शनी, सँचना प्रविधि एवं जलविद्युतसँग सम्बन्धित विभिन्न व्यावसायिक प्रतिष्ठानका स्टलले महोत्सवलाई भव्य बनाउन सहयोग पुऱ्याएका थिए।

महोत्सवमा अवलोकनकर्ताहरूको गणना गर्न प्रवेशद्वारमा विद्यार्थीहरूले विकास गरेको गणना मेसिन राखिएको थियो। अवलोकन-कर्ताहरूलाई ध्यानमा राखी कम्प्युटरमा देखिएका सबै किसिमका समस्याको समाधान गर्न प्राविधिक विद्यार्थीहरूको समूहले 'गेट हेल्प टु फिक्स योर कम्प्युटर' सेवा उपलब्ध गराएका थिए।

सफ्टवेयरतर्फ सहभागी जम्मा १४ प्रोजेक्टमध्ये कुनै स्थानमा सुरक्षित ढंगले राखिएको सामान कसैले चलाएको खण्डमा जानकारी दिने मोसन डिटेक्टर तथा आँखाको नानीको चालअनुसार कम्प्युटरको माउस चलाउन सकिने आई डिटेक्सनले दर्शकहरूको ध्यान खिचेको थियो। त्यस्तै हार्डवेयरतर्फ सहभागी जम्मा १९ प्रोजेक्टमध्ये घरमा आगलागी हुँदा, भुकम्प जाँदा, घरमा कोही आउँदा जानकारी दिने होम सेक्युरिटी सिस्टमका प्रोजेक्ट तथा घरका ढोका, बत्ती, पंखा, कम्प्युटरलाई रिमोट कन्ट्रोलबाट नियन्त्रण गर्न मिल्ने होम एप्लाइन्स कन्ट्रोल सिस्टम मेलाका आकर्षण बनेका थिए। हार्डवेयरतर्फ नै आफैं बाटो पहिल्याउने लाइन ट्र्याकिङ रोबोट पनि मेलाको आकर्षणमा थियो।

त्यसैगरी इलेक्ट्रिकलतर्फ सहभागी जम्मा ११ प्रोजेक्टमध्ये केशबाट ऊर्जा उत्पादन गर्ने सोलार प्यानल, ताररहित विद्युत् प्रसारण र हावाबाट टर्बाइन घुमाएर विद्युत् निकाल्ने प्रविधि धेरैको ध्यान तान्न सफल भएका थिए। कार्यपत्र प्रस्तुतिमा नौवटा शीर्षकका कार्यपत्रमध्ये मष्तिस्कको तरङ्गद्वारा हार्डवेयर सञ्चालन गर्ने कार्यपत्रले धेरैलाई अचम्ममा पारेको थियो। निःशुल्क प्रवेशको व्यवस्था गरिएको उक्त महोत्सव १५ हजारभन्दा बढी दर्शकले अवलोकन गरेको लोकसका संयोजक आशिष कार्कीले बताए।

# स्मार्ट टेलिकमको सेवा सुरु

**साप्ताहिक समाचार**

ग्रामिण क्षेत्रमा टेलिफोन सेवा पुऱ्याउने उद्देश्य राखेर अनुमति पाएको स्मार्ट टेलिकम प्रा.लि.ले गत सातादेखि आफ्नो सेवा प्रारम्भ गरेको छ। नेपाल टेलिकम, स्पाइस नेपाल, युनाइटेड टेलिकम, एसटिएम टेलिकम सञ्चारपछि स्मार्ट टेलिकम उपभोक्तालाई टेलिफोन सेवा प्रदान गर्ने पछिल्लो कम्पनी बनेको छ। नेपाल दूरसञ्चार प्राधिकरणको अनुमतिमा भिस्याट टेक्नोलोजीमा आधारित आधारभूत टेलिफोनबाट सेवा प्रारम्भ गरे पनि प्रा.लि.ले चाँडै नै जीएसएम टेक्नोलोजीमा आधारित मोबाइल सेवा पनि उपलब्ध गराउने बताइएको छ।

ग्रामीण दूरसञ्चारको अवधारणाअनुरूप अनुमति पाएको स्मार्ट टेलिकमले पूर्वाञ्चल विकासक्षेत्रबाहेक अन्य विकासक्षेत्रका ३ सय ९८ गाविसमा टेलिफोन सेवा उपलब्ध गराउनेछ। 'पहिलो फेजमा हामीले प्राप्त लाइसेन्सअनुसार १ सयवटा गाविसमा १ महिनाभित्र भिस्याट प्रविधिमा आधारित तारसहितको टेलिफोन सेवा सञ्चालन गर्दैछौं,' स्मार्ट टेलिकमका प्रमुख कार्यकारी अधिकृत सुवास बज्राचार्यले साप्ताहिकलाई भने- 'त्यसपछि २ सय ९८ गाविसमा जीएएसएम प्रविधिको मोवाइल फोन सेवा विस्तार गरिनेछ।' स्मार्ट टेलिकमले चिनस्थित हवाई कम्पनीको जीएसएम उपकरण भित्र्याउने आवश्यक सबै तयारी पूरा गरे पनि प्राधिकरणले एलसी



खोल्न अनुमति नदिएकाले प्रक्रिया अड्किएको बज्राचार्यको कथन थियो।

धापाखेलमा अर्थ स्टेसन रहेको स्मार्ट टेलिकमले कुमारीपाटीस्थित कर्पोरेट अफिसमा पनि सिस्टम अफिस राखेको छ। ०६५ असारमा ग्रामीण दूरसञ्चार सेवा प्रदायकका रूपमा अनुमति पाएको स्मार्ट टेलिकमका वित्तीय प्रमुख अच्युतराज जोशीका अनुसार हाल प्राविधिक परिक्षणका लागि मकवानपुर, ललितपुर, नुवाकोट, रामेछापमा ६ वटा भिस्याट राखेर ३६ वटा फोनलाइन सञ्चालनमा ल्याइएको छ। एउटा भिस्याटबाट ९४ वटासम्म लाइन विस्तार गर्न सकिने भए पनि त्यसका लागि उच्च विद्युतीय आपूर्तिको आवश्यकता पर्ने भएकाले ६ वटामात्र लाइन वितरण गरिएको जोशीले बताए। जोशीले भने- 'दुर्गम स्थानमा टेलिफोन सेवा पुऱ्याउने उद्देश्य राखे पनि सो स्थानमा स्याटलाइट सञ्चालन गर्न विद्युत् अभाव हुनुले भनेजस्तो सुविधा दिन सक्ने स्थिति छैन।' ललितपुरको गिम्दी गाविसको उदाहरण दिँदै उनले भने- 'ललितपुर भनेर के गर्नु, त्यहाँ पुग्न पाँच घण्टा गाडीको यात्रा गरेर आठ घण्टा हिँड्नुपर्छ, हामीले एन्टेना पुऱ्याउन तीन दिन लाग्छ।'

स्मार्ट टेलिकममा सिंगापुरको लाल साहू डिस्ट्रिब्युसन प्रा.लि.को ७० प्रतिशत, इजरायलको जिल्याट स्याटेलाइट नेटवर्कको १० प्रतिशत र बाँकी २० प्रतिशत नेपालको स्क्वायर नेटवर्कको स्वामित्व छ। एनआरएन सतिशलाल आचार्य प्रबन्ध निर्देशक रहेको लालसाहू डिस्ट्रिव्युसनले अफ्रिका र दक्षिणपूर्वी एसियाका आधा दर्जन राष्ट्रमा टेलिकम सेवामा कार्य गरिरहेको जोशीले बताए।

भिस्याट प्रविधिबाट टेलिफोन सेवा प्रारम्भ गरे पनि प्रा.लि.ले भविष्यमा जीएसएम प्रविधिमै जोड दिने बताएको छ। 'तारसहितको फिक्स लाइन टेलिफोन सेवाको डिमान्ड घटिरहेको अवस्थामा नेपालमा पनि यसको भविष्य देखिँदैन,' प्रमुख कार्यकारी बज्राचार्यले भने- 'त्यसैले हामी पनि भिस्याटमै निर्भर रहँदा ग्राहकलाई भनेजस्तो सन्तुष्टि दिन नसक्ने त छँदैछ, कम्पनी टिक्न पनि गाह्रो हुने निश्चित छ।' हाल सञ्चालनमा ल्याइएको भिस्याट टेक्नोलोजीको फोनमार्फत इन्टरनेट सुविधा पनि उपलब्ध गराउने स्मार्टले जनाएको छ। वित्तीय प्रमुख जोशीका अनुसार भिस्याट एन्टेनाबाट १ सय २८ किलोबाइट्स प्रतिसेकेन्डको गति इन्टरनेट चलाउन सकिन्छ।

हालसम्म विभिन्न उपकरण तथा अन्य व्यवस्थापन गरेर ५० करोड रुपैयाँ खर्चिसकेको यो कम्पनीले आउँदो तीन वर्षभित्रमा १ अरब ५० करोड रुपैयाँ लगानी गर्ने बताएको छ। हाते फोनमा ग्रामीण क्षेत्रका जनता पनि अभ्यस्त भैसकेकाले कम्पनी ताररहित मोबाइल फोनमा अझ थप सुविधासहित उत्रने तयारीमा छ।

प्राधिकरणसँग फ्रिक्वेन्सी नभएको अवस्थामा कसरी जीएसएम प्रविधिको सेवा उपलब्ध गराउनुहुन्छ भन्ने प्रश्नमा प्रमुख कार्यकारी बज्राचार्यले भने- 'प्राधिकरणले फ्रिक्वेन्सी उपलब्ध गराउने बताइसकेको छ, जसका लागि आवश्यक गृहकार्य भैरहेको छ। सम्भवतः २ दशमलव ४ मेगाहर्जको लाइन लिएर हामी उपभोक्तामाझ जानेछौं।'

हाल नेपाल टेलिकमसँग मात्र स्मार्ट टेलिकमको इन्टरकनेक्सन रहेको भए पनि चाँडै नै अन्य टेलिफोन सेवा प्रदायकहरूसँग पनि आबद्ध भएर अगाडि बढ्ने प्रमुख कार्यकारी बज्राचार्यले बताए। ९९० नम्बरबाट प्रारम्भ हुने स्मार्ट टेलिकमले हाल ९ डिजिटका नम्बर वितरण गरेको छ। हाल निःशुल्क परीक्षण सेवामा रहेको स्मार्ट टेलिकमका टेलिफोनको शुल्क पनि आउँदो साताभित्र सार्वजनिक हुनेछ। जोशीका अनुसार भिस्याट प्रविधि खर्चिलो हुने भएकाले यसमा पीएसटीएन प्रविधिभन्दा केही महँगो शुल्क लागे पनि नेपाल टेलिकम वा अन्य कम्पनीको भिस्याट सेवाभन्दा महँगो हुनेछैन।

# विद्युतीय उपकरणको मेला

काठमाडौं- लोडसेडिङले सर्वसाधारण आक्रन्त बनिरहेकै बेला राजधानीमा विद्युतीय सामग्रीको बृहत प्रदर्शनी प्रारम्भ भएको छ। 'फिलिप्स इलेक्ट्रो टेक-२००९' शीर्षकमा मंगलबार प्रारम्भ भएको प्रदर्शनीमा विद्युत् एवं विद्युतीय उपकरणका १ सय ६२ स्टल राखिएका छन्। 'सेभ इनर्जी, प्रोटेक्ट इन्भारोमेन्ट' नारा दिइएको एक्स्पो भृकुटीमण्डपमा सञ्चालित छ। इलेक्ट्रो टेकको यो पाँचौं संस्करण भोलि शनिबारसम्म चल्ने आयोजक नेपाल विद्युतीय संघले जनाएको छ।

'विभिन्न ब्रान्डका विद्युतीय उपकरणका सम्बन्धमा एउटै थलोबाट जानकारी दिन इलेक्ट्रो टेकको आयोजना थालिएको' संघले जनाएको छ। विश्वबजारमा के-कस्ता विद्युतीय उपकरण उपलब्ध छन् भन्ने विषयमा थाहा पाउन पनि प्रदर्शनी उपयुक्त गन्तव्य भएको आयोजकहरूको दाबी छ। यहाँ विश्वचर्चित ६० भन्दा बढी ब्रान्डका विद्युतीय सामग्री प्रदर्शनीमा छन् भने विद्युतीय क्षेत्रका व्यावसायि संघ-संस्थाको जमघटले एक्स्पोलाई अर्थपूर्ण बनाएको आयोजक संघका अध्यक्ष गोविन्दप्रसाद कँडेलले साप्ताहिकलाई बताए। कँडेलका अनुसार 'उत्पादक, व्यवसायी एवं उपभोक्ताले एउटै छानोमुनि अन्तर्क्रिया गर्ने अवसर पाएका छन्।'

विद्युतिय ऊर्जा संकटको यो घडीमा वैकल्पिक ऊर्जा उपकरणको प्रदर्शनी एक्स्पोको खास आकर्षण हो। सोलार कार, ब्याट्रीबाट चल्ने मोटरसाइकल, इनर्जी सेभिङ कार आदिको प्रदर्शनीले एक्स्पोमा अवलोकनकर्ताहरूको ध्यान खिचेको छ। 'वैकल्पिक ऊर्जा उपकरणले समयसापेक्ष आवश्यकता पूरा गर्न सघाउ पुऱ्याओस् भन्ने हाम्रो ध्येय हो' आयोजकका पुरुषोत्तम अधिकारीले भन्छन्।

स्वदेशी तथा विदेशी उत्पादनका विद्युतीय उपकरणहरूको प्रदर्शनीमार्फत ऊर्जा बचतका सम्भावनालाई पहिल्याउन एक्स्पो फलदायी हुने कुरामा आयोजकहरू विश्वस्त छन्। 'विद्युत् एवं पेट्रोलियम पदार्थको संकट समाधान गर्न एक्स्पोले मार्गदर्शन दिने कुरामा हामी ढुक्क छौं,' अधिकारीले भने। साथै, ऊर्जा संकट र वातावरणीय प्रदूषणका कारण उत्पन्न समस्या समाधानका लागि के-कस्ता विकल्प छन् भन्ने कुरा पनि एक्स्पोमा जानकारी लिन पाइने अध्यक्ष कँडेलले बताए।

नयाँ उत्पादन एवं उपकरण, ऊर्जायन्त्र, ट्रान्समिसन तथा डिस्ट्रिब्युसन उपकरण, हाउस वायरिङका सामग्री, वायर केवल तथा कन्डक्टरहरू, सिएफएल बिजुली, बहुसंरचनाका उपकरणहरू एक्स्पोमा राखिएको छ। त्यस्तै, कम्प्युटर प्रविधि, इलेक्ट्रिकल सवारी साधन, सोलार इलेक्ट्रिकल तथा वैकल्पिक ऊर्जासम्बन्धी उपकरणहरूले अवलोकनकर्ताहरूको मन लोभ्याएको छ।

एक्स्पोको तीन दिनसम्म विभिन्न विषयमा गोष्ठीसमेत गरिएको थियो। हाइड्रोपावर, वैकल्पिक ऊर्जा र इनर्जी सेभिङ शीर्षकमा आयोजित गोष्टिमा विज्ञ एवं सेवाग्राहीहरूको सहभागिता थियो। यो एक्स्पोलाई ७५ हजार दर्शकले अवलोकन गर्ने आयोजकको अपेक्षा छ। विद्युतिय उपकरणका सम्बन्धमा जानकारी दिँदै ऊर्जा संकट समाधानमा सहयोगी भूमिका खेल्न सक्ने लक्ष्यका साथ संघले सन् १९९६ देखि इलेक्ट्रो टेकको आयोजना थालेको थियो। यो मेलाको पहिलो संस्करणमा पुग-नपुग ३५ स्टल मात्र थिए।

**-शिव मुखिया**

## नेपाल मात्र होइन, विश्वले नै ऊर्जा संकट खेपिरहेको छ

**गोविन्दप्रसाद कँडेल**
**अध्यक्ष, नेपाल विद्युतीय संघ**

**इलेक्ट्रो टेक आयोजना गर्नुको उद्देश्य के हो ?**

विद्युतीय उपकरणका सम्बन्धमा सर्वसाधारणलाई सहज जानकारी उपलब्ध गराउनु हाम्रो उद्देश्य हो। विश्वबजारमा के-कस्ता विद्युतीय उपकरण भित्रिएका छन् भन्ने कुरा एउटै थलोबाट जानकारी गराउनु एक्स्पोको आकर्षक पक्ष हो। हामीले व्यापार प्रवर्द्धनका हिसाबले भन्दा पनि सर्वसाधारणलाई जानकारी दिने उद्देश्यले एक्सपो अयोजना गरेका हौं।

**एक्स्पोमा के-कस्ता आकर्षण छन् ?**

अहिले नेपाल मात्र होइन, विश्वले नै ऊर्जा संकट खेपिरहेको छ। यस्तो अवस्थामा के-कस्ता विकल्प अपनाउन सकिन्छ भन्ने कुरा एक्स्पोबाट जानकारी पाउन सकिन्छ। एक्स्पोमा ऊर्जा बचतका लागि अपनाउन सकिने प्रविधिहरू राखिएको छ। बाग्लुङका साना भाइ कुशल केसीले बनाएको सोलार कार, विद्युतीय बाइक, कन्भर्रटेड इलेक्ट्रिक भ्यान एक्स्पोको खास आकर्षण हुन्। त्यस्तै, हावाबाट बिजुली उत्पादन गर्ने प्रविधि, यान्त्रमानवसमेत एक्स्पोमा राखिएको छ।

**एक्स्पोको आयोजनाबाट के अपेक्षा गर्नुभएको छ ?**

बजारमा के-कस्ता विद्युतीय उपकरण आएका छन् भन्ने कुरा सर्वसाधारणले थाहा पाउनेछन्। साथै, ऊर्जा संकट मूल समस्याका रूपमा रहेको यो समयमा के-कस्ता वैकल्पिक ऊर्जा उपकरण प्रयोग गर्न सकिन्छ भन्ने विषयमा पनि जानकारी हुनेछ। वैकल्पिक ऊर्जा उपकरणको प्रवर्द्धनमा हौसला मिल्नेछ।

**ऊर्जा संकट समाधानमा एक्स्पोको कस्तो भूमिका हुनसक्छ ?**

खासगरी कम विद्युत् खपत गर्ने उपकरणको जानकारी एवं प्रवर्द्धन गर्ने लक्ष्य राखिएको छ, जसअनुसार सीएफएल बिजुलीका २५ भन्दा बढी ब्रान्ड एक्स्पोमा छन्। वैकल्पिक ऊर्जाका सम्बन्धमा विज्ञ र सर्वसाधारणमाझ बहस गराइनुका साथै हाल विकास भएका वैकल्पिक ऊर्जा उपकरणको प्रवर्द्धन गरिनेछ। हामीले वैकल्पिक ऊर्जाको मात्र १२ वटा स्टल राखेका छौं।

# वायरलेस रिमोट सटर



नयाँ प्रविधि र मोडलको क्यामेरा भित्रिने क्रमसँगै विभिन्न फोटोग्राफी एसोसरिज पनि बजारमा देखिन थालेको छ। यसै क्रममा हालै नेपाली बजारमा वायरलेस रिमोट सटर भित्रिएको छ। कुनै पनि प्राकृतिक वस्तु, पशुपन्छी आदिको प्रत्यक्ष तस्बिर लिन यो प्रविधि प्रयोग गर्न सकिन्छ। क्यामेराभन्दा टाढै रहेर तस्बिर लिन वायरलेस रिमोट सटर उपयोगी प्रविधि हो। खासगरी कुनै पनि पशुपन्छीको नजिकैबाट तस्बिर लिन यो प्रविधिको सहायता लिन सकिन्छ। यसलाई सोनी, क्यानोन, पानासोनिकजस्ता थुप्रै क्यामेरामा प्रयोग गर्न मिल्ने गरी तयार गरिएको छ। क्यामेरालाई कुनै क्षेत्रमा स्ट्यान्डबाई अवस्थामा राखेर रिमोटको माध्यमबाट त्यसको सटर दबाउन सकिन्छ। खुला क्षेत्रको ३० मिटर दूरीबाट यो रिमोट चलाउन सकिन्छ।

# एभेरिको वाटर फिल्टर



रिभर अस्मोसिस प्रक्रियाबाट पानीलाई शुद्धीकरण गर्ने अत्याधुनिक प्रविधि नेपाली बजारमा भित्रिएको छ। जस्तोसुकै प्रदूषित पानीलाई सफा एवं स्वच्छ बनाइ पिउनयोग्य बनाउने एभरीको वाटर फिल्टरले विद्युतीय माध्यमबाट वा स्वतः पानीलाई शुद्धीकरण गर्छ। भारतिय कम्पनीको यो फिल्टरले दुई किसिमले पानी फिल्टर गर्छ। यसले युभी टेक्नोलोजी तथा अल्ट्रा भायरोड प्रणालीबाट पानी शुद्धीकरण गर्छ। यो उपकरणबाट फरक-फरक प्रणालीमा प्रतिघण्टा १२ देखि ६० लिटरसम्म पानी शुद्ध हुन्छ।

# मिनी पेनड्राइभ



पेन ड्राइभको उपयोगिता बढ्दै जाँदा यसलाई विभिन्न आकार र साइजमा उत्पादन गर्ने होड पनि चलेको छ। यसै क्रममा हालै निकै सानो आकारको पेनड्राइभ नेपाली बजारमा भित्रिएको छ। एचपी कम्पनीको यो पेनड्राइभ अरू पेनड्राइभभन्दा सानो र भिन्न मोडलमा उपलब्ध छ। मिनी मोबाइल डिजाइनमा उपलब्ध आठ जीबीको पेन ड्राइभ तुलनात्मक रूपमा छिटो र छरितो पनि छ। यसको नेपाली बजार मूल्य १ हजार ७ सय रुपैयाँ छ।

# फेवेरको वाफल फिल्टर



कुनै पनि परिकार बनाउँदा उत्पन्न हुने गन्ध, ग्याँस एवं तेलको खारले भान्सामा प्रदूषण फैलाउँछ। यसरी उत्पन्न हुने प्रदूषणले भान्सामा काम गर्नेहरूको स्वस्थ्यमा प्रत्यक्ष असर गर्नुका साथै अनुहार तथा छालालाई समेत प्रभावित तुल्याउँछ। भान्सामा उत्पन्न हुने प्रदूषणबाट बचाउने प्रविधि नेपाली बजारमा पनि उपलब्ध छ। भान्सालाई प्रदूषणमुक्त राख्न फेवेरको वाफल फिल्टर निकै उपयोगी मानिएको छ।

यो चिम्नीले विद्युतीय माध्यमबाट भान्सामा उत्पन्न हुने प्रदूषणलाई कम गरेर वातावरण स्वच्छ राख्न मद्दत मिल्छ। २ फिटदेखि ३ फिटसम्मको लम्बाइमा उपलब्ध हुने यो चिम्नीलाई भान्साको कुनै पनि स्थानमा राख्न सकिन्छ। यो प्रविधिले भान्सामा उत्पन्न प्रदूषणलाई तानेर एउटा प्लेटमा जम्मा गर्छ। ८० वाट विद्युत् खपत गर्ने यो प्रविधिले एन्टी क्लक सिस्टममा काम गर्छ। यसको नेपाली बजार मूल्य १६ हजारदेखि ४५ हजार रुपैयाँसम्म छ।



## नम्बरै परिवर्तन

चर्चित नायिकाका दुईवटा यौन भिडियो सार्वजनिक भएपछि नायिका रेखा थापाले आफ्नो मोबाइल नम्बर परिवर्तन गरेकी छिन् । अहिलेकी सबैभन्दा व्यस्त नायिका रेखा थापाले भनिन्– 'मलाई त सान्है हैरान पारे, त्यही भएर नम्बर परिवर्तन गरें ।'

पहिले निकै सभ्य भाषामा कुरा गर्नेहरूसमेत अहिले छाडा भाषामा कुरा गर्न थालेकाले नम्बर परिवर्तन गर्न बाध्य भएको बताउँछिन् रेखा । 'मलाई त हैरान गरे, पहिले निकै राम्रो कुरा गर्नेहरूले पनि अहिले त फोन उठाउनेबित्तिकै अपशब्द प्रयोग गर्छन्,' रेखाले भनिन् । नचिनेका तर आफूलाई चिन्नेहरूले फोन गरेर अश्लील भिडियोकै विषयमा कुरा गर्दा आफूलाई दिक्क लागेको उनले बताइन् ।

चलचित्रमा अंग प्रदर्शन गरे पनि गाउँकी सोझी केटी हुँ भन्ने रेखा नचिनेका मानिसको गाली सुन्नुपर्दा दुःख लाग्ने बताउँछिन् । त्यही गाली सुन्न नसकेकै कारण टेलिफोन नम्बर परिवर्तन गरेकी रेखालाई अर्को डर छ, नयाँ नम्बरमा पनि त्यस्तै गाली पो गर्ने हुन् कि ? तर अहिलेसम्म उनको नयाँ नम्बरमा फोन गर्नेहरूले त्यसरी गाली गर्न भने भ्याएका छैनन । फेरि फोन गर्नेहरूले पुरानै कुरा गरे भने के गर्ने नि ? रेखा मुस्कुराउँदै भन्छिन्, 'फेरि अर्को नम्बर लिउँला ।'



तस्बिर : नेटनसा डटकम

## लौन के भएको ?



'जन्मँदै तीन पात' भन्ने उक्ति बुज्रुगहरूले त्यत्तिकै बनाएका होइनन् । नायिका ऋचासिंह ठकुरीको पहिलो चलचित्रको भर्खरै छायांकन सकियो । प्रदर्शन हुन त अझै बाँकी छ । यस अर्थमा उनी पर्दामा जन्मनै बाँकी छ, तर यी नायिका त 'नजन्मिँदै तीन पात' ? दुइटी नायिकाका सेक्स भिडियोले बजार तताएर सेलाउन नपाउँदै यिनले आफ्नो पनि सेक्स भिडियो आउन सक्ने गफ दिएर चर्चामा आउने प्रयत्न गरेकी छिन् । दुई-चारवटा म्युजिक भिडियोमा झुल्किएपछि विकास आचार्यको चलचित्र 'नाइँ नभन्नु ल' मा मौका पाएकी यिनको 'सेक्स भिडियो आउन सक्छ' भन्ने शीर्षकमा एउटा साप्ताहिकमा अन्तवार्ता छापिएपछि चर्चा चलेको हो । प्रकाशित अन्तवार्तामा सेक्स भिडियोका सम्बन्धमा उनीसँग जम्मा तीनवटा प्रश्न सोधिएका छन । प्रश्न नम्बर एक : हाल नायिकाहरूको सेक्स भिडियो आइरहेको छ नि ? ऋचा : 'हावा नचली पात हल्लिँदैन, तर रूखलाई बढी हल्लाउने प्रवृति बढ्यो ।' प्रश्न नम्बर दुई : यस्तो हुनुको कारण ? ऋचा : 'मेरो विचारमा लालच ।' प्रश्न नम्बर तीन : तपाईं पनि यो लालचमा मुछिनुभयो भने...? ऋचा : 'भन्न सकिँदैन, बदनाम गराउनेहरू यहाँ थुप्रै भेटिन्छन् ।' यतिमै उक्त प्रसंग टुंगाइएको छ ।

तस्बिर : साइबर संसार डटकम

## म थुक्क होइन



तस्बिर : नवराज बाग्ले

'म थुक्क होइन' भन्दाभन्दै थाकेका छन्, चलचित्रका निर्माता तथा हास्यकलाकार सीपी पौडेल । गएको वर्ष उनको सहलगानीमा बनाएको चलचित्र 'सिलसिला' वर्षकै सर्वाधिक सफल चलचित्र मानिएपछि अब अर्को चलचित्र बनाउन तम्सिएका सीपी अवसर पाए चलचित्रमा अभिनय पनि गरिहाल्छन्, तर उनले बारम्बार आफूलाई 'थुक्क होइन' भनेर सफाइ दिइरहनुपर्दो रहेछ । सीपी भन्दै थिए- 'कलाकार तथा हास्यगायक आरपी भट्टराईको शरीर मसँग मिल्छ भन्ने थाहा थियो तर उहाँको मुखाकृति पनि मसँग मिल्दो रहेछ ।' आरपी भट्टराईले हास्यगीत 'या या थुक्क' गाएका छन् । एल्बम पनि त्यही शीर्षकमा निकालेका छन् । सीपीलाई भेट्नेजतिले 'कस्तो गीत गाएको ?' देखि लिएर 'गीतमा थुक्क त भन्नुभएन नि, त्यसरी त गीतमा विकृति आउँछ' जस्ता प्रतिक्रिया दिदाँ रहेछन् । उनले पटक-पटक म त्यो गीत गाउने मान्छे होइन, मलाई किन भन्नुहुन्छ ? भन्दाभन्दै पनि मानिसहरूले छाड्दा रहेनछन् । 'ढाँट्नुहुन्छ, तपाइँ नै हो' भन्ने अडान मानिसहरूले लिएपछि सीपी दिक्क भएका छन् । उनले भने- 'अब त घाँटीमा मैले थुक्क गाउने गायक होइन भनेर प्लेकार्ड नै झुन्डचाएर हिंड्नुपर्ने भैसक्यो ।'

## लण्डन फेसन विकमा नील

चर्चित नेपाली हेयर स्टाइलिस्ट नील डेविड कटवालले लन्डन फेसन विकमा सहभागिता जनाउन पाउने भएका छन् । सन् २०१० फेब्रुअरी १९ देखि २५ सम्म सञ्चालन हुने लन्डन फेसन विकमा अन्तर्राष्ट्रिय मोडलहरूको हेयरस्टाइल तथा मेकअपका लागि उनी छनौट भएका हुन् ।

'मैले तीनमहिने हलिउड हेयरस्टाइल तथा मेकअप ट्रेनिङ गरेको आधारमा मलाई अन्तर्राष्ट्रिय मोडलहरूलाई नयाँ लुकमा उतार्ने कार्यक्रममा छनौट गरिएको छ ।' नीलले साप्ताहिकसँग भने- 'दक्षिण एसियाबाट जाने सौन्दर्यविद्मा मलाई मात्र छनौट गरिनुले मैले यसलाई नेपालको गर्वका रूपमा लिएको छु ।' हाल भारतको नयाँ दिल्लीमा हेयर स्टाइल तथा मेकअप पार्लर सञ्चालन गर्ने तयारीमा जुटेका नीलले लन्डन फेसन विकका निम्ति आफ्नो तयारी पनि सुरु गरिसकेको बताए ।





## पहिले नै अपसेट

काठमाडौंको एउटा तारे होटलमा हालै एउटा नेपाली चलचित्रको शुभमुहूर्त भयो । चलनचल्तीका मुहूर्त सटमा नायक-नायिकाले बोल्ने संवादभन्दा फरक संवाद बोलेर गरिएको उक्त शुभमुहूर्त चलचित्र 'राज'को थियो । मुहूर्त सटमा नायक तथा नायिकालाई 'हामीले नेपाली चलचित्रलाई माया गर्न बानी बसाल्नुपर्छ । अहिलेसम्म तपाईंहरूले गरेको माया कालान्तरसम्म निरन्तर होस् ।' 'निरन्तर चलचित्र निर्माण गर्नेलाई प्रोत्साहन दिनुपर्‍यो । चलचित्र नबनाउने तर यही क्षेत्रको आडमा भाषण मात्र गरेर हिंड्नेले त्यसो गर्नु भएन । राजनीति हावी हुनाले चलचित्रकर्मीहरू मारमा परेका छन् ।' उपदेश वा नाराजस्ता लाग्ने संवाद बोलेपछि ताली बज्यो, मुहूर्त सट सकियो । खानपिनको कार्यक्रम भयो, कार्यक्रम पनि सकियो ।

भोलिपल्ट पत्रिकामा यो शीर्षकमा समाचार आयो- 'नयाँ शैलीमा राजको शुभमुहूर्त ।' फिल्मीखबर डटकमले त्यो समाचारलाई हुक गरेर आफ्नो साइटमा राखेपछि एक जना मानिसले कमेन्ट पनि लेखिहाले- 'भिन्नै शैलीमा शुभमुहूर्त गरेर के गर्ने ? भिन्नै चलचित्रको नाम त राख्न सक्दैनौं, कसरी भिन्न होला ? धुम, बारुद, चिनो, कन्यादान, राज आदि ।.. छिः छिः चलचित्र हेर्नुभन्दा पहिले नै अपसेट...।' पुराना हिन्दी तथा नेपाली चलचित्रको शीर्षक र हिन्दी शैलीमा चलचित्र बनाउनमा पहिलो पङ्तिमा रहेका निर्देशक सोभितलाई दर्शकले पनि चिनेछन् । कार्यक्रममा अतिथि बनाइएका माओवादी चलचित्रकर्मी युवराज लामाले ठीकै भनेका हुन्- 'अब माओवादी सरकारमा आएपछि नेपालमा विदेशी चलचित्रको वर्चस्वको अन्त्य हुनेछ ।'

दर्शक पनि के भएका ? अब पुराना हिन्दी चलचित्रको शीर्षकमा यतै चलचित्र बनाउने क्रम बढेपछि नेपाली चलचित्र नै हेर्दिनु नि । प्रमुख अतिथि बनाइएका लामाले नै निर्देशन गरेका मुहूर्त सटमा सोभितका अनुज जयकिशनले बोलेको यो संवादमा लामाले ध्यान दिएनन् जस्तो छ, 'चलचित्र नबनाउने, तर यही क्षेत्रको आडमा भाषण मात्र गरेर हिंड्नेले त्यसो गर्नु भएन । राजनीति हावी हुनाले चलचित्रकर्मी मारमा परेका छन् ।' वाह, सोभितजी प्रमुख अतिथिमाथि नै 'डाइलग' ?



## • लभगुरु •

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म अहिले २२ वर्षको भए । मेरी प्रेमिका २० वर्षकी भइन् । हामी कक्षा १२ मा पढ्छौं । हामीबीच प्रेम भएको पाँच वर्ष भैसक्यो । हाम्रो समस्या के हो भने हामी एउटै खानदानसँग सम्बन्धित छौँ र हामीबीच नजिकको नाता-सम्बन्ध छ । हाम्रो विवाहलाई समाज र घर-परिवारले पचाउन सक्दैन भन्ने कुरा थाहा हुँदाहुँदै पनि हामीले हाम्रो सम्बन्धलाई निरन्तरता दियौँ र अहिले हामी एक-अर्कासँग टाढिएर बस्ने स्थितिमा छैनौँ । हाम्रो सम्बन्धका बारेमा हाम्रो घर-परिवारलाई राम्रैसँग थाहा छ । यसै कारणले हामीले धेरै समस्या भोग्दै आएका छौं । जस्तै समस्या आइपरे पनि सम्बन्ध तोड्न भने सक्दैनौँ । जानीजानी होस् वा अन्जानमा होस नगर्नुपर्ने प्रेम गरिसकियो, त्यसैले हामी दुवै जिम्मेवारी वहन गर्न सक्ने भएपछि विवाह गर्ने सोचमा छौँ । के हामीले सामाजिक मर्यादा र परम्परालाई लत्याएर विवाह गर्न मिल्छ ? यदि मिल्छ भने कुन विवाह गर्दा उचित होला ? हाम्रो विवाह कानुनी रूपमा पनि स्वीकार्य हुँदैन भन्ने सुनेका थियौँ । हाम्रा लागि सही बाटो के होला ?**

**– यु.**

तपाईंहरू गलत बाटोमा हुनुहुन्छ। हाम्रो समाज केही परम्परागत मान्यताबाट निर्देशित छ भन्ने कुराको हेक्का तपाईंहरूलाई हुनुपर्छ। तपाईंको पत्रअनुसार तपाईंहरू प्रचलित सामाजिक मान्यता र मर्यादाहरूसँग अपरिचित हुनुहुन्न। यस्तो स्थितिमा पनि तपाईंहरूले जुन किसिमको सम्बन्धको विकास गर्नुभएको छ त्यसले हाम्रो सामाजिक मर्यादामाथि प्रहार त गर्छ नै, त्यसबाहेक तपाईंहरू स्वयंका लागि पनि त्यस्तो सम्बन्ध अफापसिद्ध हुन सक्छ। धर्म र कानुन फरक कुरा भए पनि कतिपय परिस्थितिमा कानुन धर्म र धार्मिक मान्यताद्वारा निर्देशित हुन्छ। विवाहसँग सम्बन्धित हाम्रो कानुन पनि केही हदसम्म धर्मद्वारा निर्देशित छ। त्यसले सजातीय वा सगोत्रीय विवाहमा प्रतिबन्ध नलगाए पनि नजिकको नातासम्बन्ध वा हाडनातामा विवाहलाई बन्देज गरिएको छ। यसैगरी वैज्ञानिकहरुले वंशाणुगत विषयमा गरेका अनुसन्धानहरूले पनि के कुरा प्रमाणित गरेका छन् भने नजिकको नाता-सम्बन्धमा वैवाहिक सम्बन्ध गाँस्दा त्यसको असर भावी सन्तानमा पर्न सक्छ, त्यसैले सकेसम्म हाडनाता सम्बन्धमा विवाह नगर्नु नै उचित हुन्छ। तपाईंको पत्रअनुसार तपाईंहरू पनि हाडनाताको दायरामा हुनुहुन्छ, तसर्थ तपाईंहरूले मुलुकको कानुन, सामाजिक मर्यादा, धार्मिक विश्वास एवं वैज्ञानिक तथ्य आदि सबैका दृष्टिकोणले आफ्नो सम्बन्धमा पूर्णविराम लगाउनु नै उचित हुन्छ।

## • फिल्मी खबर •

### नैना रेशमको प्रशंसा

जिन्दगीका संयोगहरूको कथा बोकेको चलचित्र 'नैना रेशम'ले पूर्वमा प्रशंसा कमाएको छ। दमकको दमक चित्र मन्दिर र धरानको गणेश टाकिजमा चलिरहेको नैना रेशम पूर्व दर्शकले मन पराएका छन्। विशेष गरी युवापुस्ताको च्याटिङ लभ स्टोरी समेटिएको चलचित्रको हास्यप्रस्तुतिले पनि दर्शकको मन जितेको छ। च्याटमा भेटिएकी नैना (निशा अधिकारी) र रेशम (विराज भट्ट) बीचको रमाइलो र संयोगैसंयोगले जुराएको प्रेमकथा दर्शकले खुब रुचाए। पोखराको विन्ध्यवासिनी हलबाट सुरु भएको 'नैना रेशम' को प्रदर्शन यतिबेला धरान, दमक, बुटवल, पर्सा, धनगढी आदि ठाउँमा भैरहेको छ।

### राज शुरु

एकपछि अर्को चलचित्र निर्देशन गरिरहेका निर्देशक सोभित बस्नेतले अर्को चलचित्र 'राज'को निर्माण प्रारम्भ गरेका छन्। शिव श्रेष्ठ, विराज भट्ट र रेजिना उप्रेतीको मुख्य भूमिका रहने उक्त चलचित्रको शुभमुहूर्त एक सांस्कृतिक कार्यक्रमबीच गरिएको थियो।

### सिमोसको 'फर्स्टलभ'

थुप्रै म्युजिक भिडियो तथा विज्ञापनमा निर्देशन, सम्पादनका साथै स्पेशल इफेक्ट्सको काम गरिसकेका एनिमेटर, निर्देशक तथा दृश्य सम्पादक सिमोस सुनुवारले आफ्नो निर्देशनमा दोस्रो चलचित्र 'फर्स्टलभ' तयार गर्दैछन्। हाल पोखरामा छायांकन भैरहेको यो चलचित्रमा आर्यन सिग्देल, महेश शाक्य र विनय श्रेष्ठ नायकको भूमिकामा छन् भने निशा अधिकारी र ऋचा शर्माले नायिकाको भूमिका निर्वाह गर्दैछन्। चलचित्र 'फर्स्टलभ'मा सत्य र स्वरूपराज आचार्यको संगीत सुन्न सकिनेछ। सुनुवारले यसअघि हाइटेक चलचित्र 'मिसन पैसा'को निर्देशन गरिसकेका छन्।





## मोहनलाल बन्दै छन्
# प्रियंकाका पति

अभिनेता हरमन बवेजा र शाहिद कपुरसँगको ब्रेक-अपपछि अभिनेत्री प्रियंका चोपडा मलयालम चलचित्रका सुपरस्टार मोहनलाल विश्वनाथ नायरकी पत्नी बन्दैछिन्। रियल लाइफ नभएर रिल लाइफमा अर्थात् निर्देशक विशाल भारद्वाजको महत्त्वाकांक्षी चलचित्र 'सेभेन' मा। चलचित्रको शीर्षक र कथाअनुसार उक्त चलचित्रमा प्रियंकाका सात जना पति हुनेछन् जसमध्ये एकजनाको भूमिका मोहनलालले निर्वाह गर्नेछन्। यसअघि रामगोपाल बर्माको 'कम्पनी' र 'आग' मा देखा परिसकेका ५० वर्षीय मोहनलाल र विश्वसुन्दरी रहिसकेकी २७ वर्षीया प्रियंका चोपडाको यो जोडीले पर्दामा कस्तो चमत्कार देखाउने हो, त्यो त समयले नै बताउनेछ।






# साहिद कपुरको नयाँ कारमा को भाग्यमानी ?

२८ वर्षीय अविवाहित अभिनेता साहिद कपुरको नयाँ कारमा बस्न नरुचाउने को होला ? आकर्षक व्यक्तित्वका धनी लेडिज फेभरेट साहिदलाई आफ्नो चिल्लो कार सुन्दरी युवतीलाई देखाउने मन पनि उत्तिकै होला तर सम्भवतः कसैले पनि सोंचेका थिएनन् होला साहिदले आफ्नो नयाँ कारको फस्ट राइड आफ्नै पिता पंकज कपुरलाई गराउनेछन्।

सोरुमबाट सीधै नयाँ कार चलाएर उनी आफ्ना बुबा पंकजलाई पिकअप गर्न एयरपोर्टमा पुगे। उनले आफ्नो नयाँ कारको फस्ट राइड आफ्ना बुबालाई गराए तर खुसीको कुरा के छ भने उनको कारमा अहिलेसम्म कुनै युवती प्रवेश गरेकी छैनन्। को होलिन् त ती भाग्यमानी ?

# पेन्टिङका लागि नाङ्गै ?

'सेक्स एन्ड द सिटी' की नायिका किम केटल पुनः संकटमा परेकी छिन्। संकट यतिसम्म गहिरो छ कि एउटा क्लासिक पेन्टिङलाई लिलामीबाट बचाउन उनले आफ्नो पहिरनसमेत खोल्नुपर्ने भएको छ। पुनर्जागरण कालको उक्त पेन्टिङलाई लिलाम हुनबाट बचाउन केटलले



नाङ्गै हुने घोषणा गरेपछि कला जगत्मा भुइँचालो नै आएको छ। स्मरणीय छ, सोही पेन्टिङका लागि केटलले गत वर्ष आफूलाई सर्वस्व नाङ्गो बनाइसकेकी छिन्। गत वर्ष ब्रिटिश नेशनल ग्यालरीका तर्फबाट निजी र विदेशी बोली लगाउनेहरूलाई रोक्न उनीहरूको ध्यान भङ्ग गर्ने उद्देश्यले केटलले बिन्दास शैलीमा आफ्नो सम्पूर्ण पहिरन खोलेकी थिइन्।

# हेल बेरीको रोजाइ



हलिउड अभिनेत्री हेल बेरीको विगतको रोजाइ सुनेर उनका प्रसंसकहरू आश्चर्यमा परेका छन्। बाल्यकालदेखि नै उनलाई त्यस्ता पुरुष मन पर्ने रहेछन् जो महिलाहरूलाई पिट्छन्। एउटा टेलिभिजन च्यानललाई अन्तर्वार्ता दिने क्रममा बेरीले आफूलाई बाल्यकालदेखि नै हिंस्रक पुरुष मनपर्ने बताएकी छिन्। 'मारपिट गर्ने, महिलामाथि हात उठाउने पुरुष मलाई मन पर्थ्यो, उनले विगत सम्झँदै भनिन्– 'उनी सानो छँदा उनका बुबाले उनकी आमालाई पिटिरहन्थे। प्रत्येक दिन आफ्नी आमाले बुबाद्वारा पिटाइ खाएको उनले नजिकबाट देखेकी थिइन्।' लगातार उक्त दृष्य हेर्दाहेर्दै आफूलाई पनि त्यस्तै पुरुषप्रति लगाव बढ्न थालेको उनले स्पष्ट पारेकी छिन्। यसबीच बेरीले लामो समयसम्म उपचार गरेपछि आफ्नो मानसिक बिरामी नियन्त्रणमा आएको बताएकी छिन्। अन्तर्वार्तामा उनले भनिन्– 'म पहिलेको कुरा सम्झेर आफै लज्जित छु। अहिले मलाई महिलालाई पिट्ने पुरुष मन पर्न छाडेका छन्।'

# साइज जिरो पछ्याउँदै ट्वीङ्कल

अभिनेत्री करिना कपुरको साइज जिरो फिगरको क्रेज पछ्याउने क्रममा अभिनेता अक्षय कुमारकी पत्नी ट्वीङ्कल खन्नाले तौल घटाएर आफ्नो फिगरलाई सेपमा ल्याएकी छिन्। तौल घटाएपछि ट्वीङ्कल अझ सुन्दर र आकर्षक देखिएको बताइन्छ तर प्रश्न उठ्छ, उनले अचानक आफ्नो फिगरमा ध्यान दिनुपछाडिको कारण के होला ? कारण घुमाउरो छ। हिंजोआज ट्वीङ्कलका पति अक्की अर्थात् अक्षयकुमार लाइम लाइटमा छन्। उनी सफलताको शिखरमा छन्। आफ्ना पतिको सफलतासँगै आफू पनि मिडियामा आउनैपर्ने भयो। फोटोग्राफ, अटोग्राफसँगै विभिन्न पार्टी तथा अवसरमा अटेन्ड हुनैपर्‍यो। अतः मेन्टेन नगरी धेरै पाइएन। ट्वीङ्कल भोलिका दिनमा अक्षयकै जोडीका रूपमा सिल्भर स्किनमा पनि देखा पर्ने हुन् कि ?



# एक हुँदैछन् ल र मिलर

कुनै समय हलिउड स्टार कपलका रूपमा चर्चित जूड ल तथा सिएना मिलरबीच सम्बन्ध-विच्छेद भएको धेरै भैसकेको छ, तर पछिल्लो समयमा उनीहरू पुनः एक हुने खबरले चर्चा पाएको छ। पत्रपत्रिकामा उनीहरूबीच पुनः डेटिङ प्रारम्भ भएका प्रसंगहरू देखिन थालेका छन्। यसबीच गत नोभेम्बर महिनामा उनीहरूलाई दोस्रो पटक सँगै ...नाइट आउट मा देखिएको थियो। पहिलो पटकको नाइट आउटलाई सामान्य रूपले हेरिए पनि दोस्रो नाइट आउटपछि उनीहरू पुनः श्रीमान्-श्रीमतीका रूपमा एक हुने सम्भावना बढेको हो। यसअघि सन् २००६ मा आफूलाई धोका दिएको आरोपमा मिलरले लसँगको सम्बन्ध तोडेकी थिइन्। करिब चार वर्ष लामो विछोडपछि दुवैले आफूलाई एक-अर्काको अँगालोमा बाँध्ने निर्णय गरिसकेको दाबी पत्रपत्रिकाको छ।



‘हल्काफुल्का व्यायाम गर्ने बानी भए पनि फोर प्याक वा सिक्स प्याक निकाल्ने गरी कसरत कहिल्यै गरिनँ । हेल्दी हुनुपर्छ भन्ने मेरो मान्यता छ । जहाँसम्म पेगको कुरा छ, आक्कल-झुक्कल एक पेग पिइन्छ होला । त्यो पनि अचेल कम भएको छ । रोज्नैपरे म सिक्स प्याक नै रोज्छु ।

**सुशील क्षेत्री (नायक)**

म सिक्स प्याक रोज्छु, त्यसैले सिक्स प्याक नै बनाउनलाई त होइन, स्वस्थ हुन बिहान मर्निङ वाक गर्दै पशुपति डुलेर आउने बानी छ । अनि सिक्स पेग पनि रोज्छु, त्यसैले बेलुका सिक्स पेग त होइन, दुई-तीन पेग चढाउँछु ।

**विकास आचार्य (चलचित्र निर्देशक/लेखक)**

म दुवै रोज्दिनँ । किनभने मेरो जीवनमा यी दुवैको महत्व हालसम्मलाई छैन, तर रक्सीको पेग त होइन, सिक्स प्याक बनाउने गरी एक्सरसाइज गर्ने मनचाहिँ छ ।

**विरेन श्रेष्ठ (नायक)**

म एक्सन डाइरेक्टर तथा इन्स्ट्रकटर भएकाले सिक्स प्याक नै रोज्छु । मैले पनि कुनै बेला एट प्याक आउने गरी व्यायाम गरेको थिए । जहाँसम्म रक्सीको पेगको कुरा छ, म रक्सी पिउँदिनँ, पिलाउँछु मात्र ।

**–योगेन्द्र श्रेष्ठ (द्वन्द्व निर्देशक)**

आबुई, सिक्स पेग रोजियो भने त मातेर ढलिन्छ नि । जमघटमा हल्का पिए पनि सिक्स पेग त कहिल्यै पुऱ्याउँदिनँ । बरु मैले सिक्स प्याक आउने गरी एक्सरसाइज गरेको छु । त्यसैले हेल्थ इज वेल्थ भन्दै म सिक्स प्याक नै रोज्छु ।

**–जीवन लुइँटेल (नायक)**



## केवल एक प्रश्न

# तपाईं सिक्स प्याक र सिक्स पेगमध्ये के रोज्नुहुन्छ र किन ?



# म:म

रञ्जु लामिछाने
(नायिका/सहनिर्देशक)

तस्बिर : कमल श्रेष्ठ

## • मेरो अनुभव •

मुखमै पानी आयो, यता कतै मीठो म:म पाइने पसल छैन ? भोक लागेको बेला सबैभन्दा खान मन लाग्ने कुरा नै म:म हो । जाडोको मौसममा त म:म खान अझ मज्जा हुन्छ । तात्तातो म:म खाएपछि भोक पनि मेटिने, शरीर पनि तातो हुने । मेरो मूल घर सिक्किम हो । त्यहाँ पाइने म:म यताको भन्दा फरक हुन्छ । त्यताको म:ममा मसलाभन्दा प्याज र मासुको मात्रा बढी हुन्छ । यता कतिपय स्थानमा म:म खाँदा ठ्वास्स मसलाको गन्ध आउँछ । पहिले म बफ खान्नथेँ । काठमाडौंमा बफकै म:म मीठो हुँदो रहेछ । कालिकास्थान र गौशाला ओह्रालोमा तिलको झोल हालेको लोकल म:म खाएको थिए । त्यहाँको जस्तो स्वादिलो लोकल म:म मैले काठमाडौंमा खान पाएकी थिइनँ । महाराजगन्ज चक्रपथको युनिभर्सल क्याफेमा पाइने म:म सिक्किममा पाइने म:मजस्तो भएकाले साथीहरूसँग प्रायः त्यहाँ जाने गरेकी छु । सिक्किममा तातो सुपमा डुबाइएको म:म पाइन्छ । मलाई त्यो निकै मन पर्छ । म:म खाएर बिरामी नै नभए पनि भर्खर काठमाडौं आउँदा एक ठाउँमा म:म खाएपछि पेट खराब भएको सम्झन्छु । त्यसपछि सफा र चलेको ठाउँको म:म मात्र खाने गरेकी छु । म:म सबैको रोजाइ बनेको छ । शाकाहारीहरू पनि भेज म:म खाएर आनन्द लिन्छन् । घरमा पनि परिवार र साथीभाइसँग बसेर म:म बनाएर म:म पार्टी गर्दा रमाइलो हुन्छ । म खानको सौखिन हुँ । त्यसैले पनि म:म खान उत्सुक हुन्छु । बरु कति म:मका बारेमा कुरा गरिरहने ? हिंड्नुस म:म खान जाऊँ...।



हास्यश्रृंखला 'मेरी बास्सै' हेर्ने दर्शकका लागि कुञ्जना घिमिरे (सुन्तली) परिचित अनुहार हो। प्रत्येक शनिबार राती ८:५० बजे नेपाल टेलिभिजनबाट प्रसारण हुने यो श्रृंखलामा सुन्तलीको भूमिकामा प्रस्तुत भएर दर्शकलाई हँसाइरहेकी कुञ्जना पछिल्लो एक वर्षदेखि अत्यन्त व्यस्त छिन्। कुञ्जना हप्ताका तीन दिन मेरी बास्सैको छायांकन तथा सम्पादनलाई दिएपछि बाँकी चार दिनसांस्कृतिक कार्यक्रममा प्रहसन प्रस्तुत गर्न पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म पुगिरहिन्छन्। धुर्मुस र मागनेबूढासँगै सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्न हरेक शुक्रबार राजधानीबाहिर जाने कुञ्जना रेडियो कार्यक्रम 'साथीसँग मनका कुरा' मा पनि आबद्ध छिन्। रेडियो नाटकबाट अभिनय गर्दै कलाकारिता क्षेत्रमा आएकी कुञ्जनाले पहिलो पटक २०५९ सालमा टेलिभिजन कार्यक्रम 'मोटोले मागदैन आफैंले दिनुपर्छ' को टेलिश्रृंखलामा अभिनय गरेकी थिइन्। त्यसपछि उनले क्रमशः 'थोरै भए पुगिसरी', '५२ घुस्सा ५३ ठक्कर', 'अपराध', 'तीतो सत्य' आदि श्रृंखलामा अभिनय गरिन्। 'मेरी बास्स' को पहिलो श्रृंखलादेखि नै यसमा अभिनय गर्न थालेकी कुञ्जनालाई यही श्रृंखलाले सीताराम कट्टेल (धुर्मुस) का रूपमा जीवनसाथी पनि दिएको छ। गत वर्षको मंसिर १४ गते परम्परागत शैलीमा सीतारामसँग वैवाहिक जीवन प्रारम्भ गरेकी कुञ्जनाले गत आइतबार धुर्मुससँग विवाहको पहिलो एनिभर्सरी मनाएकी छिन्। एउटा रेडियो नाटकको रेकर्डिङमा व्यस्त कुञ्जनासँग *साप्ताहिकले* तीन प्रश्न सोधेको थियो :



तस्बिर : नवराज बाग्ले

**विवाहको पहिलो वार्षिकोत्सव कसरी मनाउनुभयो ?**

एक-अर्कालाई अँगालो मारी वैवाहिक जीवनको दीघार्युको कामना गर्दै वार्षिकोत्सव मनायौं। एक वर्षअघि मंसिर १४ गते उहाँ मेरो माइती चापागाउँमा लिन आउनुभएकाले यसपटक पनि म १३ गते बेलुका माइती गएँ, भोलिपल्ट बिहान उहाँ मलाई लिन आउनुभयो।

**एकवर्षे वैवाहिक जीवनचाहिं कस्तो रह्यो नि ?**

साह्रै रमाइलो गरी बित्यो। विवाहपछि हामी थप लोकप्रिय मात्र भएनौं, हप्तैपिच्छे सांस्कृतिक कार्यक्रमका लागि काठमाडौंबाहिर गैरहनुपरेकाले वर्ष दिनभरि नै हनिमुन मनाइरहन पायौं।

**विवाहअघि र विवाहपछिको धुर्मुसमा के अन्तर पाउनुभयो ?**

विवाहपछि हामी दुवै जना अभिनयकर्ममा यति धेरै व्यस्त भयौं कि उहाँमा केही परिवर्तन आएको छ कि छैन भन्ने कुरासमेत मूल्यांकन गर्न भ्याइनँ। टेलिश्रृंखलाको छायांकनदेखि सांस्कृतिक कार्यक्रममा समेत दिन-रात सँगै हुन पाउँदा हामी श्रीमान्-श्रीमती भन्दा पनि प्रेमी-प्रेमिकाका रूपमा रमाइलो गरिरहेका छौं कि जस्तो लाग्यो।



## ● सानो पर्दा ●

### प्रतिभाका कलाकार

नेपाल टेलिभिजनबाट प्रसारणको क्रममा रहेको रियालिटी शो 'खोजी प्रतिभाको' का एक प्रतियोगी कर्ण धितालले कार्यक्रम प्रसारण हुनुअगावै अभिनय गर्ने अवसर पाएका छन्। अडिसनमा एउटा पागल युवकको अभिनय गरेर निर्णायकबाट 'साप्ताहिक ग्रीनकार्ड' पाएका कर्णले सोही कार्यक्रमका निर्देशक तथा उद्घोषक दिनेश डिसीको निर्देशनमा तयार भैरहेको हास्यश्रृंखला 'कहिले होला' मा अभिनय गर्ने अवसर पाएका हुन्। कर्णले उक्त श्रृंखलामा पनि पागल युवककै भूमिका निर्वाह गर्नेछन्। छायांकन भैरहेको उक्त श्रृंखला केही सातापछि नेपाल टेलिभिजनबाट प्रसारण हुनेछ।

### नरेश अब तराई टेलिभिजनमा

इमेज च्यानलमा कार्यरत टेलिभिजनकर्मी नरेश भट्टराईलाई दर्शकले अब तराई टेलिभिजनमा देख्न पाउनेछन्। नयाँ व्यवस्थापनसहित पुनः प्रसारण प्रारम्भ भएको तराई टेलिभिजनमा नरेशले मनोरञ्जनात्मक कार्यक्रम प्रस्तुत गरिरहेका छन्। हरेक बिहिबार राति आठ बजे प्रसारण हुने उनको नयाँ कार्यक्रममा नेपाली चलचित्रका लोकप्रिय अनुहारसँग रमाइलो वार्तालाप प्रसारण गरिन्छ।

### खेलौं दोहारी नयाँ समयमा

इमेज च्यानलबाट प्रसारण भैरहेको दोहोरी गीतमा आधारित कार्यक्रम 'खेलौं दोहोरी' को प्रसारण समय परिवर्तन भएको छ। लोकगायक बद्री पंगेनीले सञ्चालन गर्ने यो कार्यक्रम प्रत्येक बिहीबार राति ८:३० बजे प्रसारण भैरहेकोमा यसै सातादेखि शुक्रबार राति ८:३० बजे प्रसारण हुन थालेको छ। यो कार्यक्रमको निर्माण नील बाराही फिल्म्सले गरेको हो।

### दीपकराजको नयाँ लुक

हास्यश्रृंखला 'तीतो सत्य' का नायक तथा निर्देशक दीपकराज गिरी नयाँलुक्समा देखिएका छन्। यसअघि लामो केश पालेका गिरीलाई मंसिरको पहिलो सातादेखि छोटो कपालमा देखिन थालिएको छ। श्रृंखलाको ३ सय २६ औं श्रृंखलादेखि उनको गेटअप परिवर्तन भएको हो। हिजो बिहीबार श्रृंखलाको ३ सय २८ औं श्रृंखला प्रसारण भएको छ। 'दर्शकलाई नयाँ स्वाद दिन गेटअप परिवर्तन गरेको हुँ,' गिरी भन्छन्– 'नयाँ लुकलाई पनि दर्शकले रुचाएकोमा खुसी छु।'

### गाई कि त्रिशूलको लोकप्रियता

तराई टेलिभिजनबाट प्रसारण भैरहेको हास्यटेलिश्रृंखला 'गाई कि त्रिशूल' ले छोटो समयमै दर्शकको मन जितेको छ। प्रत्येश शुक्रबार राति ८ बजेदेखि प्रसारण हुने यो श्रृंखलाको निर्देशन प्रकाश ओझाले गरेका हुन्। समसामयिक विषयमा आधारित यो श्रृंखलामा प्रकाश ओझा, सुरज चापागाईं (बान्द्रे), सुरेन्द्र केसी, पल्पसा डंगोल, प्रकाश पौडेल, सुरेन्द्र तामाङ, किरण थापा आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्।

### कमेडी सर्कसमा रोशनी

सोनी टेलिभिजनबाट प्रसारण भैरहेको हास्यप्रधान कार्यक्रम 'कमेडी सर्कस' मा केही परिवर्तन गरिएको छ। 'कमेडी सर्कस-तीनका तडका' को रूपमा प्रसारण भैरहेको यो कार्यक्रमबाट उद्घोषिका मौनी राय हटेकी छिन्। उनको स्थान जी टिभीको लोकप्रिय श्रृंखला 'कसम से' मा पियाको भूमिका निर्वाह गरेर दर्शकको मन जितिसकेकी नायिका रोशनी चोपडाले लिएकी छिन्। यसअघि उनी 'कमेडी सर्कस' मा प्रतियोगीका रूपमा पनि सहभागी थिइन्।

### फेरि आयो आहट

सोनी च्यानलबाट विगतमा प्रसारण भैसकेको धारावाहिक 'आहट' पुनः प्रसारण हुन थालेको छ। नयाँ विषयवस्तु, कलाकार तथा समूहसहित दर्शकमाझ आएको यो श्रृंखलाका लागि एउटा नयाँ शीर्षक जुराइएको छ– 'आहट- बिल्कुल नयाँ धारावाहिक'। आफ्नो पहिलो संस्करणमै यो धारावाहिकले दर्शकको मन जितेको थियो। दोस्रो संस्करणमा भने हरेक साता नयाँ-नयाँ कथामा 'आहट' प्रसारण हुने बताइन्छ। धारावाहिक निर्माण संस्थाले जनाएअनुसार मानव मस्तिष्क जति नै तर्कसंगत भए पनि अज्ञात वस्तुप्रति एक प्रकारको डर भैरहन्छ। यही यथार्थतालाई आहटको मुख्य विषय बनाइएको छ। यो श्रृंखला प्रत्येक शुक्रबार राति ११:१५ बजे प्रसारण भैरहेको छ।



## ● विदेशबाट ●

### अझै सशक्त दुरदर्शन

दूरदर्शनले आफ्नो स्थापनाको ५० वर्ष पूरा गरेको छ। भारतको सबैभन्दा ठूलो सूचना, समाचार, संस्कार तथा मनोरञ्जन कार्यक्रमका अतिरिक्त करोडौं दर्शकको विश्वास जितेको यो च्यानल ५० वर्ष पूरा भैसक्दा समेत उत्तिकै लोकप्रिय छ। दूरदर्शनका एक दर्जनभन्दा बढी च्यानलमार्फत विभिन्न कार्यक्रम प्रसारण भैरहेका छन्।

## जम्का भेट

**यतिबेला के गर्दै हुनुहुन्छ ?**

म पाल्पाको कसेनी गाविसको सराई मैदानमा 'गोर्खा पल्टन' चलचित्रको सुटिङमा व्यस्त छु। दार्जीलिङतिर बस्ने मानिस नयाँ ठाउँमा आएको छु। यही डिसेम्बरमा दिदीको विवाह छ, त्यो काम पनि छाडेर म अहिले यहीं व्यस्त छु।

**यो चलचित्रमा तपाईंको भूमिका ?**

यो चलचित्र मेरै घरको कथाजस्तो छ। यो चलचित्रको कथा पहिल्यै लेखिए पनि मलाई ठ्याक्कै मिल्ने खालको छ। तीन महिनाअघि यसको कथा पढ्दा म आफैं दङ्ग परें। गोर्खालीहरूले भारत, वेलायतजस्ता मुलुकमा सैनिक जीवन बिताउनुपर्छ, उसको जिन्दगीको मुख्य समय उतै बितेको हुन्छ। संगी-साथीभाइहरू सानो र बूढो हुने बेला मात्र भेटिन्छन्। यो चलचित्रमा मेरो जस्तै घरमा आमा र दिदी हुन्छन्। बाबु सानैमा बितेका हुन्छन् अनि कक्षा १० मा पढ्दापढ्दै गोर्खा पल्टनमा भर्ती हुन्छ। जे होस्, कथा राम्रो छ।

**तेस्रो इन्डियन आइडल हुँदा र अहिले चलचित्रमा अभिनय गर्दा कस्तो महसुस हुँदैछ ?**



पहिलो कुरा त चलचित्रमा खेल्ने कुनै सोच थिएन। म डेनी डेनजोङ्पाको 'कान्छीलाई घुमाउने काठमाडौं शहर....' रिमिक्स गीतको भिज्यूलाईज्ड गर्न काठमाडौं आउँदा नारायण रायमाझीसँग भेट भयो। कथा पढें, संयोग नै भन्नुपर्छ, अभिनय तिर लागियो। इन्डियन आइडल फरक क्षेत्र हो, यो अभिनय फरक क्षेत्र हो। त्यसमा क्यामेराको मतलब हुँदैनथ्यो, यहाँ दर्शकको चाहनालाई ध्यान दिँदै अभिनय गर्नुपर्छ। इन्डियन आइडलका लागि पनि निकै मेहनत गर्नुपर्थ्यो र अहिले पनि मेहनत गर्नुपर्छ तर अहिले निकै दुखजस्तो लागिरहेको छ।

**नयाँ अनुभव के पाउनुभयो ?**

नयाँ ठाउँमा आइयो। नयाँ अनुभव बटुल्न पाएँ। सयौं-हजारौं दर्शक ठेलमठेलभन्दा पर यो गाउँको आनन्द लिन पाएको छु। पाल्पाको कसेनी क्षेत्र र माडीफाँटको आनन्द लिएको छु। घरी-घरी त माडीफाँटका गाउँले दाजुभाइ, दिदीबाहिनीसँगै धान काट्न, बोक्न, ठटाउन जाऊँजस्तो लाग्छ, तर सुटिङले गर्दा जान भ्याएको छैन। तानसेन पनि दार्जीलिङजस्तै छ। शान्त वातावरणमा बसेको छु। निकै खुसी पनि लागेको छ। घरमा मलाई धेरै थाहा नभएका कुरा यहाँ आएर सिक्न पाएको छु।

**अन्त्यमा के भन्न चाहनुहुन्छ ?**

'गोर्खा पल्टन' चलचित्रको कथा राम्रो छ। हिन्दीको कपी गरिएको छैन। लेखक तथा निर्देशक नारायण रायमाझीले निकै मेहनत गर्नुभएको छ। उहाँको यो चलचित्रले बजार पाओस्। नेपाली चलचित्रले बजार पाएन भन्ने सुनेको छु, यस्तो नहोस्। हिजो तेस्रो इन्डियन आइडल बनाउन मलाई सहयोग गर्ने नेपाली दाजुभाइहरूलाई पुनः धन्यवाद दिन चाहन्छु। आगामी दिनमा पनि मलाई माया गरिरहनुहुनेछ र यो चलचित्र पनि मन पराउनुहुनेछ भन्ने लागेको छ। भारतमा पनि लाखौं नेपालीभाषी छन्, उनीहरूलाई पनि यो चलचित्र हेरिदिन आग्रह गर्छु।

–माधव अर्याल

● चलचित्र ●

# यतिको खोजीमा

गत वर्ष नै निर्माण सम्पन्न भएको चलचित्र 'यतिको खोजीमा' मलेसिया, दक्षिण कोरिया तथा ब्रुनाईमा प्रदर्शन भएपछि आज शुक्रबारदेखि उपत्यकाबाहिरका विभिन्न सहरमा तथा आउादो सातादेखि उपत्यकामा प्रदर्शन हुादैछ। भिजुअल प्रोडक्सनको ब्यानरमा निर्मित यो चलचित्रले छायाँछवि डिसिने एवार्डमा उत्कृष्ट एनिमेसन विधामा एवार्ड पाएको थियो। बिर्तामोड, दमक, धरान, बुधबारे, भद्रपुर, बेलवारी, लहान, जलजले, टााडी, बुटवल, भैरहवा, नेपालगन्ज, पोखरा, जनकपुर, वीरगन्ज आदि सहरका करिब दुई दर्जन चलचित्र भवनबाट सार्वजनिक हुने यो चलचित्रमा क्यारेक्टर एनिमेसन गरी रोमाञ्चक बनाइएको छ।

रहस्यमा रहेको तथा खोजीको विषय बनेको हिममानव यतिको खोजी गर्न गएको एउटा टोलीले यति भेटेपछिको कथालाई चलचित्रमा उतारिएको छ। चलचित्रको छायांकन मुस्ताङको ले-ले, टुकुचे, अन्नपूर्ण रेन्जजस्ता उच्च हिमाली क्षेत्रमा गरिएकाले पनि यो चलचित्रका हरेक दृश्य रमणीय छन्। लक्ष्मण बस्नेत, पामेला सान्टरेली, दिव्यश्वर गौतम, पेमा शेर्पा, सुनिता गन्धर्व आदिको मुख्य भूमिका रहेको यो चलचित्रमा स्वामी कृष्णको लेखन, सुमन तन्डुकारको छायांकन, रोशन श्रेष्ठको द्वन्द्व निर्देशन र सन्तोष ढकालको निर्देशन छ। काठमाडौंको प्रदर्शनपछि यो चलचित्रलाई सिंगापुरमा पनि प्रदर्शन गरिने निर्माता लक्ष्मण बस्नेतले बताएका छन्।





# रेडियो

बलिउडमा आज शुक्रबार सार्वजनिक हुने 'रेडियो' सांगीतिक चलचित्र हो। बलिउडका संगीतकार तथा गायक हिमेश रेशमियाँद्वारा अभिनीत यो चलचित्रलाई उनले नै संगीतबद्ध गरेका छन्। इशान त्रिवेदीद्वारा निर्देशित यो चलचित्रमा रेशमियाँका अतिरिक्त शहनाज ट्रेजरीवाला, सोनल सहगल, जाकिर हुसैन, राजेश खट्टर आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। १० वटा गीत समावेश भएको यो चलचित्रका गीतमा हिमेश रेशमियाँ, श्रेया घोषाल तथा रेखा भारद्वाजले स्वर दिएका छन्।

चलचित्रमा विवान (हिमेश) ले एउटा सफल रेडियो जक्की (आरजे) को भूमिका निर्वाह गरेका छन्। उनी मुम्बईको एउटा रेडियो स्टेशनका लागि काम गर्छन्। आरजेका रूपमा प्रसिद्ध विवानसँग पैसा छ, प्रसिद्धि छ तर विवाहको प्रसंगमा भने उनी असफल छन्। पूजा (सोनल सहगल) सँग उनको सम्बन्ध-विच्छेद भैसकेको छ। वैवाहिक जीवन टुक्रिनुमा विवानको जीवनशैली नै जिम्मेवार छ। बढ्दो व्यस्तताका कारण विवानले पूजालाई पर्याप्त समय दिन सक्दैनन्। त्यसैले उनीहरूको वैवाहिक जीवन लामो समयसम्म टिक्न सकेन। विवानको एक्लो जीवनमा शनाया (शहनाज) को प्रवेश हुन्छ। शनायाका बारेमा विवानले पूजासँग पनि कुरा गर्छन्। आफ्ना पूर्व श्रीमान्को जीवनमा नयाँ युवतीको प्रवेशले पूजालाई असहज महसुस हुन्छ। चलचित्रको कथामा त्यसबेला नाटकीय मोड आउँछ जब विवानकै पूर्वश्रीमतीले विवान तथा शयानालाई नजिक ल्याउने काम गर्छिन्। विवान दोधारमा पर्छन्। एकातिर उनले आफ्नी श्रीमती पूजालाई बिर्सन सकेका हुँदैनन् भने अर्कातर्फ शयानाका रूपमा एउटी राम्री युवती उनको जीवनमा आइसकेकी छिन्। चलचित्रको क्लाइमेक्समा दर्शकले सोच्दै नसोचेको घटना घट्छ। शयानाले पूजा र विवानको बिग्रिएको दाम्पत्य जीवनलाई जोड्ने कसरत चलचित्रको क्लाइमेक्समा आएर मात्र छर्लङ्ग हुन्छ। चलचित्र प्रदर्शन हुनुभन्दा दुई महिनाअघि देखि नै यसका गीत लोकप्रिय भैसकेका छन्।

# ब्रदर्स



जिम शेरिडनद्वारा निर्देशित हलिउडको नयाँ चलचित्र 'ब्रदर्स' को सार्वजनिक प्रदर्शन आज शुक्रबारदेखि हुँदैछ। १ घण्टा ५० मिनेट लामो यो चलचित्रमा टोबे म्यागुर, ज्याक गिलेन्हल, नटालि पोर्टम्यान, साम सेफर्ड, मेर विनिङ्घम आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। ज्याक स्क्रिफले निर्माण गरेको यो चलचित्रको विश्वव्यापी वितरण लाइन्सगेटले गर्न लागेको हो। चलचित्रलाई ड्रामा, रिमेक तथा वारको श्रेणीमा राखिएको छ।

चलचित्रको शीर्षकअनुसार यसमा दुई जना दाजुभाइको कथा समेटिएको छ। ३० वर्ष उमेर पूरा गरेका क्याप्टेन साम काहिल तथा उनका कान्छा भाइ टम्मी काहिलको जीवनशैलीलाई चलचित्रको मुख्य विषय बनाइएको छ। सहोदर दाजुभाइ भए पनि उनीहरूबीचको सम्बन्ध अत्यन्त चिसो छ। एक-अर्कालाई दुस्मनका रूपमा लिने यी दाजुभाइमध्ये दाजु साम पानीजहाजका क्याप्टेन हुन् भने भाइ टम्मी पेसेवर अपराधी हुन्। परिवारप्रति उत्तरदायी साम कामप्रति पनि इमान्दार छन्। त्यसको ठ्याक्कै उल्टो अपराधी स्वभावका टम्मीलाई जेल आउनु तथा जानु सामान्य कुरा हो। यसबीच अफगानिस्तानबाट फर्कने क्रममा दाजु सामको निधन भएको अपुष्ट खबर सार्वजनिक हुन्छ। परिवारका अभिभावकको अचानकको निधनपछि परिवारको दायित्व टम्मीको काँधमा आउँछ। अपराधको संसारबाट पारिवारिक जीवनसम्म आइपुग्दा टम्मीको जीवनमा आएको परिवर्तनलाई चलचित्रमा आकर्षक ढंगले चित्रण गरिएको छ।





जयबागेश्वरी, काठमाडौंमा बसोबास गरिरहेकी सरिनाले मोडलिङ यात्रा प्रारम्भ गरेको दुई वर्ष मात्र भयो । याक एन्ड यति होटलमा सम्पन्न डिजाइनर कन्टेस्टमा आयोजित फेसन शोमा क्याटवाक गर्दै उनको मोडलिङ यात्रा प्रारम्भ भएको हो । मोडलिङको प्रारम्भमै व्यावसायिक डिजाइनरले तयार पारेका विभिन्न पहिरन प्रदर्शन गर्ने जिम्मा पाएकी सरिनाले उक्त फेसन शोपछि आजसम्म फुर्सदमा बस्नुपरेको छैन । पछिल्ला दुई वर्षमा उनले झन्डै एक दर्जनभन्दा बढी काम गरिसकेकी छिन् ।

दीपेशकिशोर भट्टराई तथा रेश्मा सुनुवारका म्युजिक भिडियोमा अभिनय गरिसकेकी सरिनाले बियर, बैंक, चिजबल्स आदिका कमर्सियल विज्ञापनमा समेत मोडलिङ गर्न भ्याइसकेकी छिन् । एक दर्जन फेसन शोमा क्याटवाक गर्दै आफूलाई व्यावसायिक मोडलका रूपमा स्थापित गराइसकेकी सरिना यतिबेला चाहिं एउटा एजुकेसन कन्सल्टेन्सीमा काउन्सिलरका रूपमा कार्यरत छिन् ।

५ फिट ५ ईन्च अग्ली २१ वर्षीया सरिनाले बीबीएस तह उत्तीर्ण गरेकी छिन् । भविष्यमा सफल बिजनेस वुमन बन्ने लक्ष्य लिएकी सरिना अझ पाँच वर्ष मोडलिङमै सक्रिय रहने बताउँछिन् । जिन्स पाइन्ट र टिसर्टकी पारखी सरिना हल्का मेकअप गर्न रुचाउँछिन् । फुर्सदमा यात्रा गर्न मन पराउने सरिनालाई प्रेममा विश्वास भए पनि आफू प्रेम विवाहप्रति विश्वस्त हुन नसकेको बताउँछिन् । पाँच वर्षपछि विवाह गर्ने योजनालाई भने उनले लुकाइनन् ।

– कृष्ण भट्टराई




तस्बिर : कमल श्रेष्ठ

## ● साताको स्वर ●



## योगिता मोक्तान

**डम्फु बजाऊ.... गीत कस्तो शैलीमा तयार पारिएको छ ?**

मूलतः यो गीत तामाङ सेलोको शैलीमा तयार पारिएको छ। यसलाई लोक-पप शैलीको गीत पनि भन्न सकिन्छ।

**गीतको कुन पक्ष श्रोताले मन पराएका छन् ?**

गायक रोज मोक्तानको शब्द तथा संगीत श्रोताले मन पराएका छन्। यसबाहेक मेरो स्वर मन पराउनेहरू पनि प्रसस्त छन्।

**तपाईंको विचारमा गीतको शब्द राम्रो कि संगीत ?**

सरल तथा सबैले बुझ्न सक्ने भएकाले शब्द नै राम्रो छ, शब्दअनुसारकै संगीत तयार पारिएकाले संगीत पनि राम्रो छ।

**गीतमार्फत कस्तो भावना व्यक्त गर्नुभएको छ ?**

एउटी टिनएजरको मनमा उत्पन्न हुने खुल्दुली तथा चञ्चलपनलाई आकर्षक ढंगले चित्रण गरिएको छ।

**म्युजिक भिडियो लोकप्रिय भयो त ?**

तामाङ संस्कृति झल्कने म्युजिक भिडियोकै कारण यो गीत कम समयमै लोकप्रिय भएको हो कि जस्तो लाग्छ।

## ● म्युजिक अपडेट ●

### ओझेल ब्यान्डको गीत भिडियोमा

धरानको ओझेल ब्यान्डको दोस्रो एल्बम 'आँखाको नानी' को शीर्ष गीतको म्युजिक भिडियो तयार भएको छ। ब्यान्डका गायक दिल राईको स्वरको उक्त गीतमा जानुका जलन तथा रूपेश घिमिरेले अभिनय गरेका छन्। मोरङको लेटाङ तथा धनकुटाको भेडेटारमा छायांकन भएको उक्त भिडियोको निर्देशन एवं सम्पादन रञ्जित सिंहले गरेका हुन्।

### मल्लिकाको मल्लिका

गायिका मल्लिका कार्कीको पहिलो एकल गीतिसंग्रह 'मल्लिका' को विमोचन सम्पन्न भएको छ। शान्तिनगरस्थित एक वृद्धाश्रममा रहेका वृद्धाहरूले उनको संग्रह विमोचन गरेका हुन्। संग्रहमा आधुनिक शैलीका गीतहरू समावेश गरिएका छन्।

### विवाह-बन्धनमा सञ्जयकिशोर

पप गायक सञ्जय किशोर श्रेष्ठ वैवाहिक जीवनमा बाँधिएका छन्। लोकप्रिय गीत 'रुमाल लुकाई-लुकाई...' का यी गायकले गत बुधबार कोटेश्वर, महादेवस्थान निवासी सुष्मिता श्रेष्ठसँग वैवाहिक जीवन प्रारम्भ गरेका हुन्।

### अम्बर गुरुङको अभिनन्दन

वरिष्ठ संगीतकार अम्बर गुरुङलाई नेपालगन्जमा अभिनन्दन गरिने भएको छ। नेपालगन्जमा पहिलो पटक एकल गायन कार्यक्रममा सहभागी हुन लागेका संगीतकार गुरुङलाई सोही समारोहमा अभिनन्दन गर्न लागिएको हो। उनलाई अभिनन्दन गर्न नेपालगन्जमा युवा गजलकार नादिर शर्माको अगुवाइमा संयोजन समिति नै गठन गरिएको छ। मंसिर २३ गते नेपालगन्जमा आयोजना हुने सांगीतिक श्रृंखला 'पलैंटी' मा उनलाई अभिनन्दन गर्न लागिएको हो।

### अनिलाको द लाइफ

गायिका अनिला राईले गाएका पप तथा आधुनिक गीतहरूको संग्रह 'द लाइफ' गत साता सार्वजनिक भएको छ। विगत सात वर्षदेखि बेलायतमा बसोबास गर्दै आएकी गायिका राईको यो पहिलो एकल गीतिसंग्रह हो। बेलायतमा रहँदा अधिकांश नेपाली सांस्कृतिक कार्यक्रम गीत-संगीत प्रस्तुत गरिरहेकी राईलाई यतिबेला संगीतकार शान्तिराम राईले श्रोतासमक्ष ल्याएका हुन्।

### नारायणगोपाल सम्मान

वर्ष २०६५ को नारायणगोपाल स्मृति संगीतकर्मी भीम विरागलाई प्रदान गरिने भएको छ। गायक, गीतकार तथा संगीतकार भीम विरागलाई आज शुक्रबार राजधानीको महाराजगन्जस्थित नारायणगोपाल संगीत कोषमा आयोजना गरिने कार्यक्रममा २५ हजार रुपैयाँ राशिको उक्त पुरस्कार प्रदान गरिनेछ। कोषका अध्यक्ष नगेन्द्र थापाको अध्यक्षतामा बसेको बैठकले भीम विरागलाई उक्त सम्मान प्रदान गर्ने निर्णय गरेको हो।

### नेपालगन्जमा कन्सर्ट

निकै कम सांगीतिक कार्यक्रम हुने नेपालगन्जमा हिउँद लागेपछि सांगीतिक कार्यक्रमको आयोजनामा तीव्रता आएको छ। गत साता आयोजित एउटा भव्य सांगीतिक कार्यक्रममा दर्शकको उल्लेख्य सहभागिताका कारण आयोजकलाई समेत यस्ता कार्यक्रमलाई नियमित गर्ने हौसला मिलेको छ। अन्तराल नामक संस्थाको चौथो श्रृंखलाअन्तर्गत आयोजित सांगीतिक कार्यक्रममा एक दर्जनभन्दा बढी सदाबहार आधुनिक गीत-संगीत प्रस्तुत गरियो।

### मकवानपुर तारा

मकवानपुरको उत्तरी क्षेत्रबाट गायन प्रतिभाको खोजी गरिने भएको छ। पालुङको नवक्षितिज कला केन्द्रले क्षेत्रीय स्तरमा एकल गायन प्रतियोगिता आयोजना गरी नवप्रतिभा खोजी गर्न लागेको हो। केन्द्रले प्रतिभालाई पायक पर्ने विभिन्न स्थानमा प्रिअडिसनको व्यवस्था गरेको छ। केन्द्रका निर्देशक विजय अमात्यका अनुसार मार्खु, चित्लाङ, कुलेखानी, सिस्नेरी तथा फाखेलका प्रतिभाहरूले गत शुक्रबार मार्खुमा आयोजित प्रारम्भिक चरणको अडिसन भाग लिइसकेका छन्। त्यस्तै गत शनिबार नै भीमफेदीमा आयोजित प्रि-अडिसनमा भैंसे, नामटार, निबुवाटार, भीमफेदी, बुढीचौर, कोगटे र इपापञ्चकन्या गाविसका प्रतिभाले प्रतिस्पर्धा गरेका छन्। आगामी शनिबार भने दामन, पालुङ, वज्रबाराही तथा टिस्टुङका प्रतिभाहरू पालुङमा आयोजना हुने प्रिअडिसनमा प्रतिस्पर्धा गर्दैछन्।

### म्युजिक भिडियोमा झरना

नायिका झरना थापा म्युजिक भिडियोमा व्यस्त हुन थालेकी छिन्। चलचित्रमा समेत उत्तिकै व्यस्त झरनाले सानो पर्दाबाट प्रसारण हुने भिडियोलाई पनि उत्तिकै प्राथमिकता दिएकी छिन्। केही समयअघि मात्र गायक हेमन्त शर्माको एउटा म्युजिक भिडियो तथा एउटा लोकगीतको भिडियोमा अभियन गरेकी झरनाले प्रदीप कसपालको निर्देशनमा बनेको एउटा नयाँ म्युजिक भिडियोमा पनि अभिनय गरेकी छिन्। गायिका एलिना राइको 'द लाइफ' गीति-संग्रहको 'भन म के गरूँ' मा झरनाले अभिनय गरेकी छिन्। भिडियोमा झरनासँगै अयुब केसीले पनि अभिनय गरेका छन्।

### दमकमा १९७४ एडी

सांगीतिक समूह '१९७४ एडी' ले दमकमा आयोजित सन्देशमूलक सांगीतिक कार्यक्रममा गीत-संगीत प्रस्तुत गरेको छ। संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्च आयोगले दमकको सरस्वती उच्च मा.वि.को प्रांगणमा आयोजित सांगीतिक कार्यक्रममा उक्त समूहले आफ्ना लोकप्रिय आठवटा गीत प्रस्तुत गरेको थियो। करिब ५ हजार दर्शक सहभागिता रहेको कन्सर्टमा पूर्वाञ्चल आइडल सुष्मा सुब्बाले पनि गीत-संगीत प्रस्तुत गरेकी थिइन्। कार्यक्रममा भुटानी शरणार्थी युवा मैत्री केन्द्रका कलाकारले एड्ससम्बन्धी चेतनामूल नाटक मञ्चन गरेको थियो।

### ११ वर्षीया गायिका

स्मिता प्रधान ११ वर्षको उमेरमै गायिका बनेकी छिन्। उनले गाएका छवटा बालगीतको पहिलो संग्रह 'स्मिता' गत साता सार्वजनिक भएको छ। चेतन सापकोटाद्वारा संगीतबद्ध संग्रहमा गायिका प्रधानले मेरी आमा, थरी-थरीका फूलहरूको, ए बाबा आदि गीतहरू समावेश गरिएका छन्।

### एकै ठाउँमा आस्था

सांगीतिक समूह 'आस्था' का दुई सहकर्मी पुनः एकजुट भएका छन्। समूहका दुई गायक नरेन लिम्बू तथा सुदीप गुरुङ विगत केही वर्षदेखि एक्ला-एक्लै थिए। नरेन काठमाडौंमै बसेर सांगीतिक कार्य अघि बढाइरहेका थिए भने सुदीप लामो समयदेखि लन्डनमा बसोबास गरिरहेका छन्। यसबीच सुदीप स्वदेश फर्किएपछि दर्शक तथा श्रोताले उनीहरू दुवैलाई एउटै स्टेजमा देख्न पाएका छन्। अघिल्लो बुधबार राजधानीमा आयोजित एउटा सांगीतिक कार्यक्रममा दुवै गायकले आफ्ना पुराना लोकप्रिय गीत गाएर दर्शकलाई मनोरञ्जन मात्र दिएनन्, आफ्नो सांगीतिक समूह कहिले नटुक्रिने दावी समेत गरे।

### एड्सविरुद्ध एड्रिन

विश्व एड्स दिवसको अवसर पारेर आयोजित मेघा कन्सर्टमा गएको शनिबार 1974 एडी ब्यान्डले दमकका दर्शक तथा श्रोतालाई पर्याप्त मनोरञ्जन गरायो। ब्यान्डका गायक एड्रिन प्रधानले पिञ्जडाको सुँगा, यो मन त मेरो नेपाली हो, मैच्याङ आदि १ दर्जन गीत गाउँदा उपस्थित १० हजारभन्दा बढी दर्शकले उनलाई साथ दिएका थिए। संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायोग र कारिटास नेपालले आयोजना गरेको कन्सर्टमा प्रत्येक सहभागीलाई कन्डम बाँडिएको थियो।

### लसताको आरोहण विमोचित

गायिका लसता जोशीले गाएका गीतहरूको संग्रह 'आरोहण' को हिंजो विहीबार राजधानीमा आयोजित एक समारोहबीच विमोचन सम्पन्न भएको छ। संग्रहलाई गायिका जोशीकै संगीत कम्पनी क्विक मिडियाले बजारमा ल्याएको हो। कमलादीस्थित क्यान्डल्स रेष्ट्रो लन्जमा आयोजित विमोचन समारोहमा संग्रहको एउटा गीतको म्युजिक भिडियो पनि सार्वजनिक गरिएको थियो।

### भजन संग्रहबाट सहयोग

गायिका सरला घिमिरे (नेपाल) ले भजन गीतिसंग्रह' कृष्ण वृन्दा बनैमा' शीर्षकको भजन संग्रह तयार पारेकी छिन्। आफ्ना स्वर्गीय बुबा तथा छोराको सम्झनामा यो संग्रह तयार पारेको सरलाले बताएकी छिन्। संग्रहको एउटा भजनको म्युजिक भिडियो पाटनको कृष्ण मन्दिरमा छायांकन गरिएको थियो। 'सबै त्याग्न सक्छु तर धर्म त्याग्न सक्दिनँ, सरला भन्छिन्– 'यो संग्रहबाट आएको रकम अनाथ बालबालिकाहरूको लागि खर्चिनेछु।'

## ● अफबिट ●



बुटबलका फोटोग्राफर तथा सागीतकार हितान शुक्रको नयाँ गीतको म्युजिक भिडियोमा अभिनय गर्दै एक जोडी मोडल।


## विदेशबाट

### बियोन्सको लगाब

हलिउडकी पप स्टार बियोन्स नोल्सले आफूलाई लागूऔषधको नभै कामको नशा लागेको बताएकी छिन्। गीत रेकर्ड गराउने क्रममा उनी गीतको भावमा यति सम्म डुब्छिन् कि उनले ब्रेक पनि लिन्नन्। 'सिंगल लेडिज' गीतका कारण लोकप्रिय भएकी बियोन्स अहिले आफ्नो करियरका बारेमा मात्र चिन्तित भएको बताउँछिन्। मेसिनको जस्तो काम गर्न रुचाउने बियोन्स गीत रेकर्डिङका क्रममा खानासमेत नखाने बताउँछिन्।

### ब्रिट्नी बुबाबाटै शोषित ?

प्रायः सधैं विवादमा आइरहने गायिका ब्रिट्नी स्पेयर्स यसपटक घरभित्रकै घटनाबाट विवादमा आएकी छिन्। एउटा समाचारमा जनाइएअनुसार स्पेयर्स आफ्नै बुबाबाट यौन शोषित भैरहनुपरेको छ। ब्रिट्नीले बुबाबाटै यौनशोषित हुनुपरेको आरोप भने अर्की गायिका कर्टनी लवले लगाएकी हुन्। कर्टनीले आफ्नो फेसबुकको वालमा ब्रिट्नीका बुबा जेमीले नै उनको यौनशोषण गरिरहेको लेखेकी छिन्। कर्टनीले लेखेकी छिन्– 'जसका लागि दिनभरि गीत गाएर पैसा कमाउनुपर्छ अनि राति उसैको दुराचार सहनुपर्छ। योभन्दा पागलपन अरू के हुन सक्छ ?' कर्टनीको यो आरोपप्रति ब्रिट्नीले



कुनै प्रतिक्रिया जनाएकी छैनन्। यतिबेला ब्रिट्नी अस्ट्रेलियाको सांगीतिक यात्रामा छिन्।



## ● ब्याण्ड ●

# साउन्ड कडल्स

सांगीतिक समूहहरूको राष्ट्रव्यापी प्रतियोगिता 'स्प्राइट ब्यान्ड च्यालेन्ज' को निर्णायक चरणमा पुग्न सफल छवटा समूहमध्ये 'साउन्ड कडल्स' पनि एक हो। पाँच वर्षअघि बौद्धस्थित अरुणिमा माध्यमिक विद्यालयमा अध्ययनरत छँदै 'अल टाइम लुजर्स' नामक सांगीतिक समूह स्थापना गर्ने संगीतकर्मीहरू नै विगत दुई वर्षदेखि 'साउन्ड कडल्स' का रूपमा उदाएका हुन्। समूहमा सात जना सदस्य छन्। राजन योञ्जन (गायक), नवीन लामा (गिटारिस्ट), साजन लामा (गिटारिस्ट), दिनेश श्रेष्ठ (ड्रमर), विराट श्रेष्ठ (बेस गिटारिस्ट) तथा सुमन गुरुङ र प्रकाश भट्टराई म्यानेजरका रूपमा सक्रिय छन्।

'अल टाइम लुजर्स' मै रहेका बेला सांगीतिक कार्यक्रममा सक्रिय भैरहने 'साउन्ड कडल्स' का संगीतकर्मीहरू यो क्षेत्रमा विगत दुई वर्षदेखि सक्रिय छन्। काठमाडौंका अधिकांश स्थानमा लाइभ कन्सर्ट प्रस्तुत गरिसकेको यो समूह कर्णप्रिय स्लो रक तथा अल्टरनेटिभ फ्लेवरका गीतका कारण श्रोतामाझ लोकप्रिय छ। खासगरी टिनएजर युवायुवतीको रोजाइमा परेको यो समूहले गत शनिबार राजधानीमा सम्पन्न 'दरबारमार्ग फेस्टिभल' मा समेत आकर्षक प्रस्तुतिमार्फत दर्शकको मन जितेको थियो। 'ब्यान्ड च्यालेन्ज' मा आफ्नो प्रस्तुतिलाई निर्णायकले उच्च मूल्यांकन गरेकाले टप सिक्ससम्म पुगेको धारणा समूहका सहकर्मीहरूको छ। गायक राजन भन्छन्– 'अब टप सिक्सबाट टप थ्रीसम्म पुग्न दर्शकको भोटको आवश्यकता छ।'



## हाइ हिल रेस

पेरिसमा हालै हाइ हिल रेस सम्पन्न भयो । १ सय ८० मिटरको यो रेसमा ९६ जना महिला हाई हिल जुत्ता लगाएर दौडिएका थिए । महिलाहरू 'सुपर वुमेन' हुन् भन्ने कुरा देखाउन उक्त दौड प्रतियोगिता आयोजित गरिएको आयोजकले बताए ।

**तस्विरः मिग्युल मेडिना/एएफपी**

● पहिलो विश्व ●

# निःशुल्क लिंग प्रत्यारोपण

कम्युनिस्ट राष्ट्र क्युबाले आफ्ना नागरिकलाई निःशुल्क लिंग प्रत्यारोपण गरिदिने घोषणा गरेको छ । ४० वर्षपछि पुरुषहरूमा देखा पर्ने मधुमेह, तनाव आदि कारणले लिंग उत्तेजनामा आउने समस्याबाट ग्रसित भएपछि क्युबा सरकारले त्यस्ता नागरिकको लिंगको निःशुल्क प्रत्यारोपण गरिदिने घोषणा गरेको हो । सिलिकन र चाँदी प्रयोग गरेर तयार पारिएको उक्त कृत्रिम लिंग अहिले क्युबाका सात राज्यमा उपलब्ध छ । अन्य मुलुकमा निकै खर्चिलो मानिने यो प्रत्यारोपणलाई क्युबाले निःशुल्क घोषणा गरेपछि बाँकी विश्वले यसलाई क्युबा राजनैतिक उदारतातर्फ उन्मुख हुन लागेको संकेतका रूपमा लिएको छ ।




# छाती देखाउन छुट




विश्वभरका महिलाहरू आफ्नो अधिकारको पक्षमा एकजुट छन् । महिला अधिकारका बुँदाहरू देशअनुसार भने फरक-फरक हुँदै गएको छ । नेपालमा महिला अधिकारको पक्षमा घरेलु हिंसा मुख्य समस्याका रूपमा देखिएको छ । सरकारले महिलामाथि हुने घरेलु हिंसा रोक्न विभिन्न उपाय समेत अपनाएको छ भने अमेरिकाको ओरिगनको रोज सिटीमा हालै महिलाहरूले पनि पुरुषसरह छाती खुला गरेर हिँड्न पाउने कानुन लागू गरिएको छ । यो कानुनअनुसार महिलाले आफ्नो इच्छाअनुसार छाती खुला गरेर हिँड्न पाउनेछन् । सार्वजनिक स्थलमा हिँड्न पाए पनि उनीहरूले यौनउत्तेजना बढाउने किसिमको काम भने गर्न पाउनेछैनन् । महिलाहरूले आफूहरूले पनि पुरुषसरह हिँड्डुल गर्न पाउनुपर्ने माग गरेपछि सरकारले यो कानुन लागू गरेको हो ।

## अन्त्यमा...



उपन्यास लेखन मार्फत् सन् १९९६ को पुलित्जर पुरस्कार जितेका फिलिप रोथ यौन उपन्यास लेखनको पुरस्कारमा पनि मनोनीत भएका छन् । अंग्रेजी लेखक-पत्रकारहरूद्वारा मनोनीत गरिने उक्त पुरस्कारका लागि उम्मेदवारमा रोथ सन् २००९ का लागि मनोनीत भएका हुन् । यौनका कुरालाई अश्लील ढंगले भन्दा कलात्मक रूपमा प्रस्तुत गर्ने उपन्यासकारहरूलाई प्रदान गरिने उक्त पुरस्कारमा रोथले लेखेको 'द हम्बलिङ' पुस्तक मनोनयनमा परेको हो । यो पुरस्कार सन् १९९३ मा अंग्रेजी साहित्यकार तथा पत्रकार औबेरोन वाले स्थापना गरेका हुन् । रोथले उक्त पुस्तकमा एक युवतीलाई बारबाट दुई युवकले यौन सम्बन्ध कायम गर्न लिएर गएको प्रसंग प्रस्तुत गरेका छन् ।



# नारीको मंसिर अंक





# मेलाले रंगियो पोखरा

पोखरा- राष्ट्रिय औद्योगिक व्यापार मेलास्थल पोखरा प्रदर्शनी केन्द्रमा देखिएको चहलपहलले हरेकको ध्यान त्यतैतिर केन्द्रित भएको छ। मंसिर ११ गते प्रारम्भ भएको औद्योगिक व्यापार मेलाले स्थानीय मात्र होइन, स्वदेशी तथा विदेशी पर्यटकहरूको समेत ध्यान तानेको छ। हरेक वर्ष हुँदै आएको व्यापार मेलाले पर्यटक आगमनमा समेत टेवा पुऱ्याएको छ, पश्चिमाञ्चल होटल संघका अध्यक्ष गोविन्दराज पहारीले भने, मेला भर्न आउने आन्तरिक पर्यटक बढेका छन्। नेपाल उद्योग वाणिज्य महासंघ तथा पोखरा उद्योग वाणिज्य संघले संयुक्तरूपमा आयोजना गरेको व्यापार मेला मंसिर २२ गतेसम्म चल्नेछ।

मेलामा २ सय ७३ वटा स्टल छन्। आधुनिक तवरले बनाइएको स्थायी 'डोम' भित्रका स्टलहरूले मेलामा बेग्लै आकर्षण थपेको छ। डोमभित्र सूचना प्रविपध, इलोक्ट्रोनिक्स, बैकिङ तथा शैक्षिक परामर्श, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उत्पादन गरी ७८ वटा स्टल छन्। पोखरालाई शिक्षा, स्वास्थ्य तथा पर्यटकीय सहरका रूपमा परिचित गराउन आयोजना गरिएको मेलामा कृषि, अटो, औद्योगिक उत्पादन तथा सेवाहरूको बृहत् प्रर्दशनी एवं व्यापार, वित्तीय तथा अन्य सेवामूलक संघ-संस्थाहरूको सेवाका सम्बन्धमा जानकारी तथा स्थानीयदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका दैनिक उपभोग्य वस्तुहरू एउटै थलोमा उपलब्ध गराइएको छ।

दैनिक उपभोग्य वस्तु, घरायसी सरसमान, लत्ताकपडा, श्रृंगारका सामानहरूको बिक्री-वितरणसँगै मेलाको थप आकर्षणका रूपमा लोकतारा प्रतियोगिता, नेपालका ख्यातिप्राप्त ब्यान्डहरूको सांगीतिक कार्यक्रम तथा स्थापित हास्यकलाकारहरूको मनोरञ्जन कार्यक्रमहरू छन्। मेला प्रवेश टिकटमा दैनिक रूपले पुरस्कारको व्यवस्था, उत्कृष्ट स्टललाई पुरस्कार, चमेनागृह तथा बालउद्यानको समेत व्यवस्था छ। मेलामा दर्शक, स्टल तथा बालउद्यानको समेत बिमा गरिएको छ। ४० लाख रुपैयाँ खर्च हुने मेलामा २ लाखभन्दा बढी दर्शक भित्रिने अपेक्षा राखेका छौं, -संघका अध्यक्ष मानकाजी माकाजुले बताए। मेलाबाट हुने आम्दानीलाई पोखरामा निर्माण हुने क्षेत्रीय स्तरको प्रदर्शनी केन्द्र निर्माणका लागि खर्च गरिनेछ।

**मेलामा मनोरञ्जन**

औद्योगिक व्यापार मेला एकल नृत्य प्रतियोगितामा रमाएको छ। मेला व्यापारसँगै फरक खालका विविध सांस्कृतिक कार्यक्रमले आकर्षण बनेको छ। लोकदोहोरी तारा प्रतियोगितामा पाका दर्शक ओइरिएका छन् भने त्यसमा दाङ, वीरगञ्ज, लमजुङ, स्याङ्जा, तनहुँ लगायत देशका विभिन्न भागबाट आएका कलाकारहरूले भाग लिएका छन्।

मेलामा राखिएका पृथक् खालका सांगीतिक प्रस्तुतिले दर्शकहरूलाई आनन्दित तुल्याइरहेको छ। आकर्षक तवरले सजाइएको स्टेजमा बिहानदेखि साँझ अबेरसम्म भैरहेका मनोरञ्जनात्मक कार्यक्रमले मेलाको वातावरण रन्किएको छ। गायनमा लोक-आधुनिकदेखि पपले सबैलाई नचाएको छ।

पपमा भरत सिटौला, सिने गुरुङ, रेस्मा सुनवार, धर्मेन्द्र सेवान, सुनिल रानाभाट, डम्बर नेपालीले मेला अवधिभर आकर्षक प्रस्तुति दिनेछन्। त्यस्तै स्थानिय दिनेश गुरुङ, निर्मल गुरुङ, विवेक केसी, सोभीत बस्याल आदिले पनि आफ्ना घरेलु दर्शकहरूलाई नचाइरहेका छन्। आधुनिक गायनमा गायक हेमन्त शर्माको प्रस्तुति छ।

गायन र संगीतका अतिरिक्त दर्शकलाई हँसाउन जिरे खुर्सानीको टोली पनि छ। उक्त टोलीले दर्शकलाई पेट मिची-मिची हँसाइरहेको छ। हाँस्य प्रहसनमा शिवहरि पौडेल, किरण केसी, सुनिता गुरुङ, देवीराम पराजुली, शिवहरि वैरागी, राजाराम पौडेल तथा हेमा कोइरालाको ठ्यौली प्रस्तुति रमाइलो छ। त्यस्तै बेनीको तीते-तारे हास्यटोलीले पनि पोखरेली दर्शकलाई हँसाइरहेको छ।

सांस्कृतिक कार्यक्रमलाई रोचक बनाउन चलचित्र छायांकनका लागी पोखरा आएका कलाकारहरूको पनि जमघट गराउन आयोजकहरू जुटेका छन्। मेलामा राखिएको बालउद्यानमा मनोरञ्जन गर्न बालबालिकाहरूको पनि त्यतिकै भीड लागेको छ।

**-शिव शर्मा**

# सूर्योदयको गाउँमा सांगितिक रौनक



शान्तिबजार (इलाम)- बिहानीपखको मिर्मिरेमा अन्तुडाँडामा झुल्केघाम हेर्न भेला भएका पर्यटक मध्याह्नतिर शान्तिबजारमा ओर्लिए। सबै जना शान्तिबजारस्थित समाल्बुङ मा.वि.को खुला मैदानमा निर्माण गरिएको मञ्च अगाडि थिए। आफ्नो पर्यटकीय गाउँमा राष्ट्रिय स्तरका कलाकारहरूको उपस्थितिमा सांगीतिक कार्यक्रम हुने भएपछि गाउँलेहरूले चियापत्ति टिप्ने चटारोलाई थाँती राखेर फुर्सद मिलाएका थिए। नेपाली गीत-संगीत भनेपछि हुरुक्क हुने दार्जीलिङ तथा मिरिकका संगीतप्रेमीहरू पनि कञ्ची सडक छिचोल्दै सोमबार दर्जनौं गाडी र मोटरसाइकलमा शान्तिबजार आएका थिए।

अन्तु पर्यटन उत्सवको अन्तिम दिन आयोजित कार्यक्रम स्थानीय बालकलाकारहरूले प्रस्तुत गरेको राष्ट्रगान र नवप्रतिभा सन्तोष लिम्बू र उनका साथीहरूको स्वागतबाट प्रारम्भ भयो। जब चर्चित पप गायक मिङ्मा शेर्पा मञ्चमा उक्लिए दर्शकहरूले तालीको पर्रा छुटाए। उनले आठवटा चर्चित गीत सुनाएर दर्शकहरूलाई तताएका थिए।

पहिलो पटक शान्तिबजार आएका लोकगायक महेश बूढाथोकीले गाएको 'काफल गेडी कुटुक्कै, भइयो भुत्तुकै' गीत सुनेर वयस्क तथा वृद्धाहरूले घेरा तोडेर नाच्न भ्याए। चर्चित हास्यकलाकार मनोज गजुरेलले प्रधामन्त्री माधवकुमार नेपालको भेषमा 'क्यारिकेचर' गर्दा दर्शकहरू पेट मिचिमिची हाँसेका थिए।

जब गायक राजेशपायल राई मञ्चमा उक्लिए तन्नेरी पुस्ताले ताली र सिट्ठी फुकेर वातावरण गुन्जायमान तुल्याइहाले। राजेशपायलले 'बैगुनी रैचछौ मायालु' गीत सुनाउन थालेका मात्र थिए, दर्शकहरूले मञ्चअघि बनाइएको घेरा तोडे। पहिलो पटक अन्तुमा पाइला हालेका राजेशले 'शिर फूलै शिरबन्दी' गाउँदा तन्नेरीपुस्ता एकतमासले नाचेका थिए। कालो पहिरनमा देखिएका राजेशप्रति युवापुस्ता बढी झुम्मिएका देखिन्थे। उनले कार्यक्रममा एक दर्जनभन्दा बढी गीत गाएका थिए।

**उत्सव सकियो**

बर्सेनि आयोजित गरिँदै आएको अन्तु पर्यटन महोत्सवलाई यसवर्ष अन्तुपर्यटन विकास केन्द्रले उत्सवका रूपमा मात्र मनाएको छ। उत्सवका अवसरमा अन्तु र समाल्बुङमा मेला एवं सांस्कितिक कार्यक्रमको आयोजना गरियो। उत्सवका अवसरमा बिहान अन्तुडाँडाबाट सूर्योदयको दृश्यावलोकन, सुरम्य कोणधारी सल्लाघारीको अवलोकन, अन्तुपोखरीमा डुङ्गा सयरजस्ता कार्यक्रम सम्पन्न भएका थिए।

**-युवराज गौतम**

# चलचित्र महोत्सवमा सांस्कृतिक आदान-प्रदान




बुटवल- 'आम्मै कति रमाइलो नाच ? मगरहरू पनि यति राम्रो नाच्दा रै'छन्, मलाई त थाहै थिएन'- बुटवलमा सञ्चालन भएको अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सवमा धेरैको आकर्षण बनेको लोपोन्मुख सोरठी नाच हेरेपछि बुटवलको आधुनिक रहनसहनमा अभ्यस्त मगर समुदायकी यशोदा गाहाले भनिन् -'आफ्नो समुदायमा के-कस्ता संस्कार र परम्परा छन् भन्ने विषयमा बल्ल ज्ञान भयो।' रूपन्देहीकै कविता गुरुङलाई अन्य आदिवासीहरूको संस्कार र रहनसहन बुझ्ने कुरामा त्यति वास्ता थिएन,अझ भनौं मन पर्दैनथ्यो, तर आदिवासी चलचित्र महोत्सवले उनको धारणामा सकारात्मक परिवर्तन ल्याइदियो। गुरुङले भनिन्- 'आफ्नो मात्र राम्रो मान्नु गलत रै'छ, गुरुङ जस्तै मगर र थारुको संस्कृति पनि साह्रै मन पऱ्यो।' यशोदा र कविता मात्र होइन, कपिलवस्तुकी तुल्सी चौधरी पनि महोत्सवले अन्य आदिवासीहरूको संस्कृति बुझ्ने र आफ्नो अरूरुलाई बुझाउने अवसर दिलाएकोमा मख्ख थिइन्। 'यहाँ मनोरञ्जन मात्र होइन, संस्कृति कला कला र सिर्जनाको आदान प्रदान भयो,' उनले भनिन्- 'महोत्सव सबै आदिवासीको उत्थानका लागि साझा थलो बन्यो।'

हुन पनि बुटवलमा तीन दिनसम्म चलेको अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सव मनोरन्जन भन्दा सांस्कृतिक ज्ञान र कला आदान-प्रदानको थलो बनेको धेरैको प्रतिक्रिया थियो। आदिवासी जनजातिहरूको थातथलो, भाषा, संस्कृति परम्पराको संरक्षण र पहिचान र विस्तार गराउने उद्देश्यले इन्डिजिनियस फिल्म अर्काइभ (आइफा) काठमाडौंको आयोजना तथा राज्यसत्ता साप्ताहिक बुटवलको सह-आयोजनामा बुटवलको हाटबजारस्थित विश्वहिन्दु महासंघको हलमा शनिबारदेखि सोमबारसम्म चलेको अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सव झन्डै १० हजार दर्शकले हेरेको आयोजकको दाबी छ। ५ नेपाली र १ विदेशी चलचित्र तथा ५ नेपाली र ६ विदेशी वृत्तचित्र प्रदर्शन भएमध्ये लाहुरे परम्पराको सामाजिक प्रभाव र त्यसले युवाहरूमा पारेको नकारात्मक असरको विषयमा बनेको माओत्से गुरुङको 'तिनागा' र जन्म दिनेभन्दा कर्म दिने महान् हुन्छ भन्ने सन्देश बोकेको मगर भाषा, परम्परा, संस्कृति झल्काउने मौसम पाइजा पुनको चलचित्र 'बाराहीपुत्र' अधिकांश दर्शकको मन जित्दै उत्कृष्ट घोषित भए। महोत्सवमा गोठालाले गाउँमा शिक्षा छर्न गरेको संघर्ष समेटिएको तामाङ चलचित्र गोदेवा, बोलिभियामा संविधानसभाका लागि त्यहाँका आदिवासीले गरेको संघर्षको 'बिल्डिङ डिग्निटी', स्क्विजी ब्यान्डिट, अलेटा बाउन आदि विदेशी तथा लाप्चा, थारू भाषाको भूयारलगायतका चलचित्र प्रदर्शन गरिनुका साथै आदिवासी जनजातिका गीत, नृत्य, वेशभूषा एवं झाँकी पनि प्रस्तुत गरिएको थियो। महोत्सवले आदिवासी जनजातिको भाषा, संस्कृति, मौलिकताको आदान-प्रदान एवं सांस्कृतिक सद्भाव कायम गर्न र आदिवासी चलचित्रको बजार विस्तारमा सहयोग पुगेको आयोजक संस्थाका शंकर गाहामगरले साप्ताहिकलाई बताए। महोत्सव अवलोकन गर्न आदिवासी समुदायसँगै गैरआदिवासीहरूको पनि उल्लेख्य उपस्थिति थियो। चितवनबाट प्रारम्भ भएको महोत्सव पोखरा, बुटवल हुँदै दाङ, धरान र बिर्तामोडमा पनि सञ्चालन हुँदैछ।

**-टोपराज शर्मा**

# जाडोमा महोत्सवको ताँती

पुस महिना आन्तरिक पर्यटनको मुख्य महिना हो। त्यही भएर यो सिजनमा नेपालका विभिन्न स्थानमा महोत्सवहरू आयोजना गर्ने तयारी भैररहेका छन्। स्थानीय उत्पादनहरूको प्रचार गर्ने उद्देश्यले महोत्सवहरू हुन लागेका हुन। पुस ११ गतेदेखि ओखलढुङगामा रुम्जाटार महोत्सव हुन लागेको छ। पुस ९ गतेदेखि कैलालीमा डल्फिनको आकर्षणसहित टीकापुर महोत्सव हुनेछ। मंसिर २१ गतेसम्म पोखरा महोत्सव भैरहेको छ। मंसिर १५ गते इटहरीमा पुर्वाञ्चल महोत्सव सुरु भएको छ।

औद्योगिक नगर हेटौंडामा उत्पादित सामाग्रीहरूको प्रचार गर्ने उद्देश्यले मध्यमाञ्चल व्यापार मेला हुने भएको छ। मंसिर २७ गतेदेखि पुस ३ गतेसम्म हुने उक्त मेलामा ३ सयवटा स्टल राख्ने तयारी भैरहेको छ। हेटौंडालाई आद्योगिक पर्यटकीय गन्तव्यका रूपमा चिनाउन मेला गर्न लागिएको हो। यो मेलामा आउनेहरूको सुविधाका लागि हेटौंडाका ६ वटा कम्पनीले यातायात तथा खानपिन र आवाससहितको १ तथा २ दिने भ्रमण प्याकेजको पनि व्यवस्था मिलाएका छन्। एकै समयमा आयोजित मेला तथा महोत्सवहरू प्रतिस्पर्धात्मक हुँदा दर्शकहरूले खानपिन र बासमा साबिकको दरभन्दा कम मूल्यमा सुविधा प्राप्त गर्न पाउनेछन्। अरू क्षेत्रका आयोजकहरूले भने प्रतिस्पर्धालाई भन्दा पनि आन्तरीक तयारीलाई महत्त्व दिएका छन्। त्यसैले महोत्सवको मिति सार्वजनिक गरिएको छैन।

पुस १० गते काठमाडौंमा पहिलो पटक सेयर बजार र आर्थिक गतिविधिका बारेमा जानकारी गराउने उद्देश्यले क्यापिटल एक्स्पो शीर्षकको मेला हुनेछ। यी मेलाहरू जाडोमा अल्छी मानेर बसेकाहरूलाई ऊर्जा थप्न सहयोगी हुने देखिन्छ। विद्यालयहरूले पनि आफ्नै सक्रियतामा शैक्षिक मेलाहरू गरिरहेका छन्। पुसको अन्तिमतिर सेन्ट जेभिएर कलेजमा वातावरण, प्रविधि तथा विज्ञानसम्बन्धी एकदिने मेला आयोजना गर्ने तयारी भैरहेको छ। ख्वप कलेज भक्तपुर पनि वार्षिक उत्सवका अवसरमा शैक्षिक मेला आयोजना गरिनेछ। त्यसै गरी क्यान इन्फोटेक पुस २९ गतेदेखि माघ ४ गतेसम्म गर्ने तयारी भैरहेको छ।

# दरबारमार्गमा रौनक



**साप्ताहिक समाचार**

काठमाडौं- 'झिल्केले जाल बुन्यो, फसायो मेरी सानीलाई..'- गायक झिल्केले आफ्नी सानी लगेको गुनासोले भरिएको रमाइलो गीत गाउँदै थिए, गायक सुगम पोखरेल। उनको गीतमा दर्शकहरू ताली बजाउँदै उफ्रदै थिएँ। नारायणहिटी दरबार संग्रहालयको मूलढोका अघिल्तिर सडकको बीचमा बनाइएको स्टेजमा सुगमले त्यसरी गाउँदा दर्शक उनीसँगै गाउँदै थिए। सुगमजस्तै गरी दरबारमार्ग घन्काए गायक योगेश्वर अमात्य र दीपक बज्राचार्यले पनि। नलिना चित्रकार, कर्मा समूह, माउन्ट ८८४८ समूह, द एक्स ब्याण्ड, श्रेया सोताङ आदि सबैले दरबारमार्गको सडक तात्ने गरी गाए।

दरबारमार्ग विकास बोर्डको आयोजनामा यामाहा मोटरसाइकलले प्रायोजन गरेको शनिबार सम्पन्न 'किड्स वे फेस्टिभल'मा भर्खरै खुलेको पिज्जा हट र केएफसीदेखि लिएर नाङ्लो बेकरी क्याफे, हट ब्रेड आदिमा विभिन्न परिकारको स्वाद लिनेहरूको लाम थियो भने 'खानपान, संगीत र मस्ती'को उक्त कार्यक्रममा हजारौं मानिस रमाइलो मानिरहेका थिए। जतिजति साँझ पर्दै गयो, मानिसहरूको उपस्थिति पनि बाक्लिँदै गएको थियो। स्वदेशी मात्र होइनन्, सयौं विदेशीले पनि यस पटकको 'किड्स वे फेस्टिभल'को मज्जा लिए।

## विन्टर ब्लाष्ट डान्स पार्टी

**साप्ताहिक समाचार**

काठमाडौं– गत शुक्रबार राजधानीमा एउटा पृथक डान्स पार्टी सम्पन्न भयो। बढ्दो जाडोलाई बेवास्ता गर्दै आयोजकले डान्स पार्टीको शीर्षक नै विन्टर ब्ल्याष्ट राखेका थिए। पार्टीमा सहभागी युवा-युवतीहरू जाडोबाट बच्न बाक्ला पहिरनमा देखिए पनि पछि नाच्दै जाँदा उनीहरूको शरीरबाट पहिरनहरू पनि बिस्तारै कम हुँदै गएका थिए।



नेपाली चलचित्र तथा सांगीतिक क्षेत्रका परिचित अनुहारहरू सम्मिलित पार्टीको थिम नै सेलिब्रेट विद सेलिब्रेटी राखिएको थियो। डान्स पार्टीमा नवीन के भट्टराई, सुगम पोखरेल, विवेक पोखरेलमात्र नाचेनन् चलचित्र अभिनेता विरेन श्रेष्ठ तथा नायिका अरुणीमा लम्सालले पनि धित मरुञ्जेल नृत्य गरे। साँझ सात बजेपछि दरबारमार्गस्थित भिन्टेज रेष्टुराँ एन्ड बारमा आयोजित डान्स पार्टीमा नेपाली, हिन्दी तथा अंग्रेजी गीतहरू पालैपालो बजाइएको थियो। डान्स पार्टीमा अविवाहित गायक नवीन के भट्टराई तथा विवाहित नायिका अरुणीमा लम्सालले अँगालोमा बाँधिएर गरेको नृत्य आकर्षक देखिन्थ्यो। डान्स पार्टीमा नायिका लम्सालकी कलाकार आमा राधा लम्साल भावु समेत उपस्थित भएकाले अरुणीमालाई घर फर्कन समस्या थिएन। अरुणीमाले नवीनमात्र होइन सुगम पोखरेलसँग पनि बल डान्स गरेर गायकहरूसँग नाच्ने धोको पूरा गरिन्। स्नु प्रोडक्सनले आयोजना गरेको डान्स पार्टी मध्यरात सम्म जारी थियो।

## बिर्तामोडमा कर्पोरेट पार्टी



अनारमनी - मौसममा चिसोपन बढ्दै गएको बेला 'हट डान्स' भनेपछि को सहभागी नहोला ? सोमबार बिर्तामोडस्थित होटल लन्डनमा गायिका रेश्मा सुनुवारसित तन्नेरीहरू असिन-पसिन हुँदै नाचेनन् मात्र, उनीसँगै गीत पनि गाए। ग्ल्यामर नेपाल डटकमको आयोजनामा भएको कर्पोरेट पार्टीमा स्थानीय मोडल तथा आगन्तुकहरूले रेश्माको 'मै ठूली भइछु रे...' लगायतका गीतमा उफ्री-उफ्री कम्मर भाँचे। कार्यक्रममा मोडलहरू मनोज कार्की, जीवन ओडारी, लक्ष्मण श्रेष्ठ, सन्ध्या बस्नेत, बिमला राई, पिया कार्की, सबिन सुब्बा, अनुसा खतिवडा, सुवास अधिकारी र प्रकाश सुवेदीले आ-आफ्नो प्रस्तुतिसाथ आकर्षक नृत्य प्रस्तुत गरेका थिए।

**–युवराज गौतम**

## डान्सपार्टीमा मस्त धरान

**भीषण राई**



धरान- शनिबार बेलुकी धरान-१५ स्थित स्विमिङ पुलको बन्द हलमा रम्न आएकाहरू डान्सपार्टीमा जमे। डिजेले घन्काएको सेलेक्टेड डान्सिङ नम्बर नै त्यस्तो भएपछि जो-कोहि बाध्य भैहाल्छन्। शनिबार बेलुकी डान्सत्रेजीहरूले स्वीमिङ पुलको हललाई पूरै तताइदिए। ननस्टप हिट नम्बरहरू प्रस्तुत गरिरहँदा पार्टीक्रेजीहरू आराम गरी-गरी नाचिरहेका थिए। गरिमा युथको आयोजनामा सञ्चालित स्पार्कल अफ युथ टिम पार्टी बिस्तारै पूरै तात्तिएर मस्त भैसकेको थिए। आयोजकहरूले पार्टीमा विभिन्न प्रतियोगिता राखेकाले उनीहरूमा थप जोस देखिन्थ्यो। डान्स पार्टीको वेस्ट कपल कृष्ण र सुस्मिताको जोडीले उपाधि पाएका थिए। बेस्ट मेल डान्सरमा शिशिर श्रेष्ठ भए भने वेस्ट फिमेल डान्सरमा मनीषा श्रेष्ठ भइन्। डान्स पार्टीको बेस्ट ड्रेसमा बेबिका छानिइन्। बेलुकी ६ बजे शुरु भएको पार्टी राति ११ बजेसम्म चलेको थियो।


KANTIPUR TELEVISION NETWORK
LIVE
पौष १, २०६६
साँझ ४ बजे
नेपाली चलचित्रको एक विशेष उत्सव
३१ विधाहरूका १५५ प्रतिस्पर्धीहरू
सर्वोत्कृष्ट कथा
सर्वोत्कृष्ट अभिनेता
सर्वोत्कृष्ट अभिनेत्री
सर्वोत्कृष्ट हाँस्य कलाकार
सर्वोत्कृष्ट निर्देशक
सर्वोत्कृष्ट चलचित्र
सर्वोत्कृष्ट खल पात्र
सर्वोत्कृष्ट संगीत
सर्वोत्कृष्ट गायक
सर्वोत्कृष्ट गायिका
......................
Presents
NEFTA KTV FILM AWARD २०६६
In Association with RATHI CFL LAMPs
२६२६ मा SMS गर्नुहोस्
KFA टाइप गरी एक स्पेस दिनुस्, विधाको लागि कि-वर्ड टाइप गर्नुस् र आफ्नो प्रतिस्पर्धीको अल्फावेट कोड टाइप गरी २६२६ मा SMS पठाउनुस्।


| Category | Key Words | A | B | C | D | E |
|---|---|---|---|---|---|---|
| सर्वोत्कृष्ट कथा | BST | सुनिल पोखरेल (विष) | युगेश रायमाझि (मि. मंगले) | राम वि. नेपाली (सन्देश) | सुस्मिता के.सी. (म तिमिबिना मरीहाल्छु) | दिनेश न्यौपाने (मृत्युन्जय) |
| सर्वोत्कृष्ट पटकथा | BSP | श्याम भट्टराई (मौसम) | युगेश रायमाझि (मि. मंगले) | विकास आचार्य (नसीव आफ्नो) | ब्रजेश खनाल/विकाश आचार्य (म तिमिबिना मरीहाल्छु) | शिवम अधिकारी (सिलसिला) |
| सर्वोत्कृष्ट उत्कृष्ट सम्वाद | BDIA | श्याम भट्टराई (मौसम) | युगेश रायमाझि (मि. मंगले) | विकास आचार्य (नसीव आफ्नो) | ब्रजेश खनाल/विकाश आचार्य (म तिमिबिना मरीहाल्छु) | राम वि. नेपाली (सन्देश) |
| सर्वोत्कृष्ट कला निर्देशक | BARTD | पासाङ टि. शेर्पा (गिरफ्तार) | दिनेश गैडा/निर्जल श्रेष्ठ (मौसम) | सिङ्गे लामा/विजय चौधरी (सुन्दर मेरो नाम) | दिनेश गैंडा (म तिमिबिना मरीहाल्छु) | रिसछैन राई (मृत्युन्जय) |
| सर्वोत्कृष्ट ड्रेस डिजाईनर | BDRD | भिक्टोरीया (सिलसिला) | उत्तरा ( मि.मंगले) | आशा दाहाल/नम्रता पौडेल (सुन्दर मेरो नाम) | निरा राणा ( म तिमिबिना मरीहाल्छु) | नाट्येश्वर (मृत्युन्जय) |
| सर्वोत्कृष्ट श्रृङ्गार | BMU | चन्द्र लामा (जनयुद्ध) | चन्द्र लामा (मि. मंगले) | श्याम बराल (सुन्दर मेरो नाम) | सरोज पाण्डे ( म तिमिबिना मरीहाल्छु) | पुस्पन लामा (नसिव आफ्नो) |
| सर्वोत्कृष्ट पार्श्व संगीत | BBM | सम्राट थापा (खलनायक) | दिनेश सुनाम ( नसिव आफ्नो) | मनोज राजभण्डारी (मृत्युन्जय) | महाराज थापा ( मि.मंगले) | मनोज राजभण्डारी (सिलसिला) |
| सर्वोत्कृष्ट डबिङ | BDUB | राजकृष्ण श्रेष्ठ (जय शिव शंकर) | किरण बसी (जनयुद्ध) | सुनय/मुकेश (मि.मंगले) | एन.एफ.डि.सि. (गोर्खा रक्षक) | मुकेश शाह (सिलसिला) |
| सर्वोत्कृष्ट गीतकार | BL | दयाराम पाण्डे – मागेर पाउने भए (खलनायक) | दयाराम पाण्डे – मलाई फुल मनपर्छ (सन्देश) | भोल रिजाल – बन्धनमा पर्यो की (सुन्दर मेरो नाम) | दयाराम पाण्डे – कुन लोकको परी (मौसम) | बसन्त सापकोटा – सागर सरी चोखो (सिलसिला) |
| सर्वोत्कृष्ट गायक | BPSM | आनन्द कार्की – म तिमिबिना मरीहाल्छु ( म तिमिबिना मरीहाल्छु) | राजेश पायल राई – मलाई फुल मनपर्छ (सन्देश) | सोम निरौला – बन्धनमा पर्यो की (सुन्दर मेरो नाम) | दिपक लिम्बु – कुन लोकको परी (मौसम) | राजेश पायल राई – सागर सरी चोखो (सिलसिला) |
| सर्वोत्कृष्ट गायिका | BPSF | माण्डवी त्रिपाठी – मैले आँखामा गाजल (नसिव आफ्नो | अन्जु पन्त – मलाई फुल मनपर्छ (सन्देश) | अन्जु पन्त – बन्धनमा पर्यो की (सुन्दर मेरो नाम) | संगीता राणा – सुसेली हाली बतासले (गिरफ्तार) | अन्जु पन्त – सागर सरी चोखो (सिलसिला) |
| सर्वोत्कृष्ट संगीत | BM | महेश खड्का (सन्देश) | बसन्त सापकोटा (सिलसिला) | शम्भुजित बासकोटा (म तिमिबिना मरीहाल्छु) | सुरेश अधिकारी (मौसम) | चेतन सापकोटा (खलनायक) |
| सर्वोत्कृष्ट एरेन्जर | BA | महाराज थापा – मलाई फुल मनपर्छ (सन्देश) | महाराज थापा – सागर सरी चोखो (सिलसिला) | मनोज राजभण्डारी – म तिमिबिना मरीहाल्छु (म तिमिबिना मरीहाल्छु) | अमुल कार्की ढलि – कुन लोकको परी (मौसम) | फणिन्द्र राई – मागेर पाउने भए (खलनायक) |
| सर्वोत्कृष्ट नृत्य निर्देशक | BDD | गोविन्द राई – सुसेली हाल्यो बतासैले (गिरफ्तार) | बसन्त श्रेष्ठ – रन्धारोई (मि. मंगले) | शान्ता नेपाली – त्यसो गरे कसो होला (सिलसिला) | दिनेश पाख्रिन – माया गर्यो मायालुले (घायल) | बसन्त श्रेष्ठ – मलाई फुल मनपर्छ (सन्देश) |
| सर्वोत्कृष्ट सम्पादन | BAD | अनिल गौतम (नसिव आफ्नो) | विपिन मल्ल (मि. मंगले) | शिव पुरी (विष) | बनिश शाह (म तिमिबिना मरीहाल्छु) | बनिश शाह/मनोरन्जन श्रेष्ठ (सिलसिला) |
| सर्वोत्कृष्ट द्वन्द्व निर्देशक | BE | एन.वि. महर्जन (गिरफ्तार) | हिमाल के.सी. (मि.मंगले) | रोशन श्रेष्ठ (गोर्खा रक्षक) | राजेन्द्र खड्गी (म तिमिबिना मरीहाल्छु) | योगेन्द्र श्रेष्ठ (घायल) |
| सर्वोत्कृष्ट छायाँकार | BCMT | दिर्घ गुरुङ (मौसम) | रामशरण उप्रेती (मि. मंगले) | रत्न ढकाल मुन्ना (विष) | शम्भु सापकोटा (म तिमिबिना मरीहाल्छु) | दिपक वान्तवा (सिलसिला) |
| सर्वोत्कृष्ट बाल कलाकार | BCA | संगम विष्ट (जय शिव शंकर) | राकेश लामा (मि.मंगले) | बब्रिम बस्नेत (इन्साफ) | सुजल नेपाल (म तिमिबिना मरीहाल्छु) | विज्वल गिरी (मि. डन) |
| सर्वोत्कृष्ट हाँस्य कलाकार | BCOM | शक्ति पण्डित (मि. मंगले) | अन्जु मर्हजन (मि. मंगले) | सि.पि पौडेल (सिलसिला) | श्याम राई (सुन्दर मेरो नाम) | रवि डंगोल (को होला मेरो मायालु) |
| सर्वोत्कृष्ट चरित्र अभिनेता | BCAM | पुकार भट्टराई (मि. मंगले) | मुकुन्द श्रेष्ठ (मृत्युन्जय) | गणेश उप्रेती (मौसम) | गणेश उप्रेती ((जनयुद्ध) | देशभक्त खनाल (नसिव आफ्नो) |
| सर्वोत्कृष्ट चरित्र अभिनेता | BCAF | रमा थपलिया (सुन्दर मेरो नाम) | सपना श्रेष्ठ (मि. मंगले) | शर्मिला मल्ल (मौसम) | तारा के.सी. (जनयुद्ध) | मिथिला शर्मा (जय शिव शंकर) |
| सर्वोत्कृष्ट सह अभिनेता | BSAM | विक्रान्त बस्नेत (मि. डन) | दिवश उप्रेती (मि.मंगले) | सुरज आर.डि. (सन्देश) | शिव श्रेष्ठ (गोर्खा रक्षक) | राजेश ढुङ्गाना (जय शिव शंकर) |
| सर्वोत्कृष्ट सह अभिनेत्री | BSAF | रेजीना उप्रेती (घायल) | जेनी कुँवर (घायल) | रेजीना उप्रेती (सन्देश) | सुस्मिता के.सी. (म तिमिबिना मरीहाल्छ) | रन्जु लामिछाने (को होला मेरो मायालु) |
| सर्वोत्कृष्ट खल पात्र | BANR | शुशिल पोखरेल (सिलसिला) | शुशिल क्षेत्री (विष) | मुरलीधर (सन्देश) | शुशिला रायमाझि (म तिमिबिना मरीहाल्छु) | धिरेन शाक्य (ईन्साफ) |
| सर्वोत्कृष्ट अभिनेता | BAM | विराज भट्ट (सिलसिला) | आर्यन सिग्देल (मौसम) | विरेन श्रेष्ठ (मि.मंगले) | भुवन के.सी. (म तिमिबिना मरीहाल्छु) | निखिल उप्रेती (जय शिव शंकर) |
| सर्वोत्कृष्ट अभिनेत्री | BAF | सन्चिता लुईटेल (मृत्युन्जय) | रेखा थापा (नसिव आफ्नो) | अरुणीमा लम्साल (मि.मंगले) | झरना थापा (म तिमिबिना मरीहाल्छु) | रिचा घिमिरे (देशदेखि विदेश) |
| सर्वोत्कृष्ट नव निर्देशक | BDED | शंकर घिमिरे (विष) | विमल पौडेल (जनयुद्ध) | विकाश आचार्य (नसिव आफ्नो) | रञ्जित राना (सहारा) | नरेन्द्र थापा (देशदेखि विदेश) |
| सर्वोत्कृष्ट नव अभिनेता | BDAM | प्रमोद दिप (जिन्दगी) | सनी वि.के.सी. (गोर्खा रक्षक) | जीवन लुईटेल (नसिव आफ्नो) | दिपकराज गिरी (सुन्दर मेरो नाम) | सुवास मेचे (गिरफ्तार) |
| सर्वोत्कृष्ट नव अभिनेत्री | BDAF | सञ्चिता गुरुङ (हाम्रो मिलन कहिले हुन्छ) | रुपा उपाध्याय (को होला मेरो मायालु) | जेनिशा के.सी. (नसिव आफ्नो) | सोनिया के.सी. (सिलसिला) | सोभिता सिंखडा (सन्देश) |
| सर्वोत्कृष्ट निर्देशक | BD | दयाराम दाहाल (म तिमिबिना मरीहाल्छु) | राजेन्द्र उप्रेती (सिलसिला) | श्याम भट्टराई (मौसम) | नारायण पुरी (मृत्युन्जय) | किशोर राणा ( मि.मंगले) |
| सर्वोत्कृष्ट चलचित्र | BF | म तिमिबिना मरीहाल्छु (काजल फिल्मस् प्रा.लि.) | सिलसिला (सिने दर्पण फिल्मस्) | मौसम (साजन फिल्मस्) | नसिव आफ्नो (अभि फिल्मस् प्रोडक्सन्) | मि.मंगले (मिराकल मिडिया) |


Sponsored by:
Mahindra RODEO
LG MOBILE
Ecom Emergency Contraceptive Pills
भार्गव बचत तथा ऋण सहकारी संस्था लि.
हिमालय डेरीको एउटा उत्कृष्ट उत्पादन
Hospitality Partner
SOALTEE KATHMANDU THE PLACE TO MEET.
Supported by
Promotion
SANSARA
Tel: 4460338, 4466167
Official Media
साप्ताहिक

## सचित्र











### बाइक एन्ड ब्युटी

मोटरसाइकलसँग तस्बिर खिचाउँदै सुन्दरीहरू क्रमश: पूर्व मोडल कोहिनुर सिंह, नायिका झरना थापा, मिस नेपाल जेनिशा मोक्तान, गायिका सञ्जना श्रेष्ठ तथा नायिका नन्दिता केसी ।

# एवार्डका लागि भोट माग्दैछन् कलाकार



कृष्ण भट्टराई

काठमाडौं– 'नमस्कार, म चलचित्र निर्देशक विकास आचार्य, केटिभी चलचित्र एवार्डमा सर्वाधिक पाँच विधामा मनोनीत भएको छु । मलाई जिताउन २६२६ मा एसएमएस गर्नुहोला !'

'म चलचित्र अभिनेता जीवन लुइटेल । चलचित्र 'नसिब आफ्नो' बाट सर्वोत्कृष्ट नवनायकको विधामा मनोनीत भएको छु । मलाई जिताउन २६२६ मा एसएमएस गर्नुहुन अनुरोध गर्दछु ।'

'म चलचित्र अभिनेता सुशील क्षेत्री । चलचित्र 'विष' बाट सर्वोत्कृष्ट खलनायकको विधामा मनोनीत भएको छु । मलाई जिताउन २६२६ मा एसएमएस गर्न अनुरोध गर्दछु ।'

गत सोमबार झन्डै दुई दर्जन चलचित्रकर्मी कान्तिपुर टेलिभिजनको स्टुडियोमा भेला भएका थिए । अवसर थियो, आगामी पुस १ गते बुधबार वितरण गर्न लागिएको 'दोस्रो केटिभी चलचित्र एवार्ड-२०६६' का लागि आमदर्शकसँग भोट माग्ने कार्यक्रम । कान्तिपुर टेलिभिजनको स्टुडियोमा प्राविधिकहरू चलचित्रकर्मीहरूलाई भोट माग्ने शैली सिकाइरहेका थिए । आयोजक चलचित्र प्राविधिक संघका महासचिव मनोज केसी चलचित्रकर्मीलाई भोट माग्ने संवाद अभ्यास गराइरहेका थिए ।


'भोट माग्ने' बाइट रेकर्ड गराउने कार्यक्रममा सदावहार नायक भुवन केसीदेखि चकलेटी नायक विरेन श्रेष्ठसम्म सहभागी थिए । सेतो सुटमा सजिएका भुवन केसीले 'अहिले तपाईं हेर्दै हुनुहुन्छ केटिभी चलचित्र एवार्ड' भन्ने वाक्यांश बोलेपछि आफ्नो चलचित्र 'म तिमीबिना मरिहाल्छु' का लागि दर्शकसमक्ष एसएसएस गर्न अनुरोध गरिरहेका थिए । एवार्डमा आफ्नो चलचित्र सफल हुने कुरामा विश्वस्त देखिएका भुवन केसी भन्दै थिए – 'दर्शहरूले अत्यन्त रुचाएकाले एवार्ड पाउने कुरामा ढुक्क छु ।' भुवन केसीपछि नायिका रेजिना उप्रेतीले दर्शकमाझ आफ्ना लागि भोट मागेकी थिइन् । उनी चलचित्र 'सन्देश' बाट सर्वोत्कृष्ट सहअभिनेत्रीको विधामा मनोनीत भएकी छिन् ।

भोट माग्न भेला भएकाहरूमा चलचित्र संगीतकारका तर्फबाट संगीतकार वसन्त सापकोटा कार्यक्रममा सहभागी थिए । 'सागरसरि चोखो माया तिमीलाई दिउँला...' गीतका संगीतकार सापकोटालाई यही गीतले चलचित्र 'सिलसिला' का तर्फबाट सर्वोत्कृष्ट संगीतकारको विधामा मनोनीत बनाएको छ । 'यो गीत अत्यधिक सफल भएकाले पनि संगीतकारतर्फको एवार्ड मैले नै पाउँछु जस्तो लाग्छ, सापकोटा भन्दै थिए ।

सर्वोत्कृष्ट नवनिर्देशकको विधामा मनोनीत भएका निर्देशक शंकर घिमिरेले पनि दर्शकमाझ प्रस्तुत भएर आफ्नो पक्षमा भोट मागे । उनी चलचित्र 'विष' बाट सर्वोत्कृष्ट नवनिर्देशकको विधामा मनोनीत भएका छन् । शंकरसँगै अर्का निर्देशक श्याम भट्टराई पनि कार्यक्रममा उपस्थित थिए । निर्देशक भट्टराई चलचित्र 'मौसम' बाट सर्वोत्कृष्ट निर्देशकको विधामा मनोनीत छन् । त्यसो त उक्त समारोहमा द्वन्द्व निर्देशक योगेन्द्र श्रेष्ठ, गायिका माण्डवी त्रिपाठी, गीतकार दयाराम पाण्डे, निर्माता सिपी पौडेल (सिलसिला), नव नायिका रञ्जु लामिछाने आदि पनि उपस्थित भएर दर्शकमाझ आफ्नो पक्षमा भोट मागिरहेका थिए ।







# जोहन्सबर्गमा जेनिशा



कृष्ण भट्टराई

काठमाडौं– आगामी मंसिर २७ गते शनिबार दक्षिण अफ्रिकाको जोहन्सबर्गमा आयोजना हुने वर्ष २००९ को विश्वसुन्दरी प्रतियोगितामा नेपाली सुन्दरी जेनिशा मोक्तानले प्रतिनिधित्व गरिरहेकी छिन् । प्रतियोगितामा सहभागी हुन एक महिनाअघि नै काठमाडौंबाट त्यसतर्फ प्रस्थान गरेकी जेशिना जोहन्सबर्गमा निर्णायक चरणअघि सम्पन्न हुने विभिन्न प्रतिस्पर्धामा सहभागी भैरहेकी छिन् ।

प्रतियोगिताको सहभागिताका लागि जेनिशा लन्डन हुँदै दक्षिण अफ्रिका पुगेकी हुन् । जेनिशाले जोहन्सबर्गमा आयोजित 'द मिस वर्ल्ड टप मोडल', 'मिस वर्ल्ड ट्यालेन्ट शो', 'मिस वर्ल्ड बिच ब्युटी' आदि प्रतिस्पर्धामा सहभागिता जनाइसकेकी छिन् ।

यो सातासम्म 'मिस वर्ल्ड टप मोडल' प्रतिस्पर्धामा मिस मेक्सिको पेर्ला बेल्ट्रान अकोस्टा उत्कृष्ट भएकी छिन् । 'मिस वर्ल्ड टप मोडल' को उपाधि जित्ने क्रममा उनी बेल्ट्रान क्लुक सिज्डद्वारा डिजाइन गरिएको पहिरनमा प्रस्तुत भएकी थिइन् । शीर्षक उपाधि जितेकाले बेल्ट्रान मिस वर्ल्डको सेमिफाइनल चरणमा समेत पुगिसकेकी छिन् । टप मोडलको प्रतिस्पर्धामा मिस भियतनाम ट्रान थि हुङले दोस्रो स्थान तथा मिस मार्टिनिक इन्ग्रिड लिटरले तेस्रो स्थान हासिल गरेका थिए ।

मिस मेक्सिको बेल्ट्रानसँगै मिस जापान इरुजा सासाकी (मिस वर्ल्ड स्पोर्ट्स ओमन), मिस क्यानडा यान्बिङ, मिस सिरिया लियोन मोरिटी कार्ग्बो (संयुक्त मिस वर्ल्ड ट्यालेन्ट) तथा मिस गिब्राल्टर किन अल्डोरिनो (मिस वर्ल्ड बिच ब्युटी) पनि मिस वर्ल्डको निर्णायक चरणमा समेत पुग्न सफल भएकी छिन् । विश्वभरिका १ सय १२ देशका सुन्दरीहरूले प्रतिस्पर्धा गरिरहेको मिस वर्ल्डको निर्णायक चरणमा बाँकी १ सय ७ सुन्दरीमध्ये एक जनाले मिस वर्ल्ड ब्युटी विद अ पर्पोज उपाधि जित्दै निर्णायक चरणमा प्रवेश गर्ने अवसर पाउनेछिन् । जोहन्सबर्गको मिडच्यान्डस्थित गालाघेर कन्भेन्सन सेन्टरमा हुने निर्णायक चरणलाई भव्य रूपले सम्पन्न गर्न सम्पूर्ण तयारी पूरा भैसकेको छ । प्रतियोगिताको मिस ट्यालेन्ट चरणमा अधिकांश सुन्दरीले नृत्य, गायन तथा कराँते खेल प्रदर्शन गरेका थिए । उक्त अवसरमा मिस नेपाल जेनिशा मोक्तानले नेपाली लोकगीतमा नृत्य गरेकी थिइन् । मिस ट्यालेन्ट विधामा मिस जापान जो रि किम दोस्रो तथा मिस नर्वे सारा स्क्जोल्डन्सले तेस्रो स्थान हासिल गरेका थिए । यसअघि मिस वर्ल्डका सम्पूर्ण प्रतिस्पर्धीले दक्षिण अफ्रिकाका राष्ट्रपति ज्याकोब जुमासँग भेट गर्ने अवसर पाएका थिए ।

(एजेन्सीको सहयोगमा)

## म नेपालकी छोरी हुँ



नेपालको प्रतिनिधित्व गरिरहेकी जेनिशा मोक्तानले मिस वर्ल्डको आधिकारिक वेबसाइटलाई एउटा अन्तर्वार्ता दिंदै आफूले प्रतियोगितामा सकेसम्म राम्रो गर्ने प्रयास गरिरहेको बताएकी छिन् । अन्तर्वार्ताको छोटो अंश :

**तपाईंको शिक्षा अथवा जागिरका बारेमा केही बताउनुहोस् न ?**

म बीबीए (बिज्नेस एड्मिनिस्ट्रेसन) की विद्यार्थी हुँ ।

**दक्षिण अफ्रिकामा भैरहेको मिस वर्ल्ड प्रतियोगितामा तपाईंको तयारी कस्तो छ ?**

राम्रो तयारी भैरहेको छ । अभिव्यक्ति दक्षता बढाउने प्रयासमा छु । यसबाहेक व्यक्तित्व विकास तथा विश्वव्यापीकरणका हरेक मुद्दालाई नजिकबाट नियालिरहेकी छु ।

**तपाईंको अहिलेको दैनिकी कस्तो छ ?**

बिहानको शारीरिक व्यायाम, प्रशिक्षण, भेटघाट, सपिङ अनि खानपिनमै बितिरहेको छ ।

**पहिलो पटक दक्षिण अफ्रिका आउँदा कस्तो अनुभव गर्नुभयो ?**

एक्साइटेड !

**मिस वर्ल्ड प्रतियोगिताको सबैभन्दा आकर्षक पक्ष के पाउनुभयो ?**

विभिन्न देशबाट आएका सुन्दरीहरूमार्फत विश्वकै विभिन्न देशका कला, संस्कृति तथा फेसनलाई नजिकबाट नियाल्ने अवसर नै सबैभन्दा आकर्षक लागिरहेको छ ।

**मिस वर्ल्डका अन्य प्रतिस्पर्धीलाई के सन्देश दिन चाहनुहुन्छ ?**

मलाई लाग्छ, मिस वर्ल्ड २००९ लाई सफलतापूर्वक सम्पन्न गर्न हामी विश्वभरिकै सुन्दरीहरूले एक-अर्कामा हातेमालो गर्नु आजको आवश्यकता हो ।

**आफूमा भएको कुन विशेषताका कारण यो प्रतिस्पर्धाका लागि छनौट हुनुभएको हो जस्तो लाग्छ ?**

इमान्दारिता, स्वाभिमान तथा धैर्यताका कारण नै म यहाँ छु ।

**त्यस्तो कुनचाहिं प्रतिभाले तपाईं अन्य प्रतिस्पर्धीभन्दा भिन्न बनाएको छ ?**

नेतृत्वदायी क्षमता तथा आत्मविश्वास !

**एउटा त्यस्तो वस्तुको नाम लिनुहोस्, जसबिना तपाईं बाँच्नै सक्नुहुन्न ?**

माया र प्रेम ।

**तपाईंलाई सबैभन्दा मनपर्ने व्यक्तित्व ?**

नेपालकी अधिवक्ता सपना प्रधान मल्ल तथा दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति नेल्सन मण्डेला ।

**आफ्नो जीवनमा कोबाट प्रभावित हुनुहुन्छ ?**

मेरी आमाबाट ।

**तपाईंको विचारमा मिस वर्ल्डमा राम्रो गर्नुको अर्थ के हो ?**

नेपालको पहिलो त्यस्तो प्रतिनिधि पात्र बन्नु जसले आफ्नो देशको गौरव तथा प्रतिष्ठा बढाउन सकोस् ।

**तपाईंको प्यारो चिनारी के हो ?**

म नेपालकी छोरी हुँ ।

## दुई ब्यान्डको लाइभ कन्सर्ट



धरान- मंगलबार धरानको वातावरणमा पूरै संगीतको धुन नै मिसिएको थियो भने हावामा संगीतको बास्ना छरिएको थियो । कन्सर्टमा उपस्थित नेपालका दुई चर्चित ब्यान्डको प्रस्तुतिले धरानलाई यस्तो बनाएका हुन् । पब्लिक उच्च मा.वि.को खेल मैदानमा आएका पाहुना ब्यान्ड मुक्ति एन्ड रिभाइबल र नाइन्टिन सेभेन्टिन फर एडीको जबजस्त लाइभ म्युजिक र गायकीले पनि धराने दर्शक मस्त बने ।

दुई ब्यान्डको लाइभ कन्सर्ट प्रस्तुत हुने खबरले गत मंगलबार सिंगो धरानवासी पब्लिक उच्च मा.वि.को खुला चौरमा उत्रिएको थियो । नेपालको फेमस ब्यान्डको लाइभ हेर्न त्यस दिन उनीहरूको प्रस्तुति हेर्न धराने जनताको उपस्थिति बाक्लो थियो भने अधिकांशको उपस्थित दर्शकको चाहना भने ब्यान्डका सदस्यहरू हेर्न र उनीहरूले गाएका गीत-संगित सुन्ने नै थियो । हजारौं धराने दर्शक-श्रोतामाझमा लगातार दुई ब्यान्डले भरमग्दुर आफ्ना गीतहरू प्रस्तुत गरेका थिए । कन्सर्टको पहिला मुक्ति एन्ड रिभाइवलले नहेर मलाई, चौबन्दी चोलो लगायतका आफ्ना अरू एक दर्जन गीतहरू पस्केका थिए ।

कार्यक्रममा ब्याण्डहरूले गाइरहँदा वान्स मोर माग्नेको हुटिङ गर्नेको खाँचो थिएन । ब्यान्डलाई दर्शकले लगातार साथ दिई नै रहेका थिए । संगीतप्रेमी धराने जनताको माया पाएकाले होला, उनीहरूले गीत-प्रस्तुत गर्ने क्रममा समय लम्ब्याइरहेको भान पर्थ्यो । अर्को ब्यान्ड सेभेन्टी फर एडीले पनि निकै राम्रा-राम्रा गीतहरू पस्केका थिए । एडीले छुदैन तिम्रो मायाले, धेरै-धेरै आउँछ मनमा, तिमीलाई पिरतीले बाँधौंला, वरपर गाउँभर हल्ला छ, हिंड्दा-हिंड्दै, सम्बोधन, पिंजडाको सुगा र अन्त्यमा जे गर जसो गर गीत प्रस्तुत गरे । उनीहरूले लाइभ प्रस्तुति गर्दा धराने जनता चुप लागेर बसेनन्, भ्याएजति उनीहरूसँगै नाच्दै ब्यान्डहरूलाई गाउन सहयोग गरेका थिए ।

कार्यक्रममा आमन्त्रित दुई ब्यान्डले श्रोता-दर्शकमा राम्रै छाप छोडेको थियो । बाइसौं विश्व एड्स दिवसका अवसरमा आयोजित लाईभ कन्सर्टमा नरमाउने कोही भएनन् । सबै कन्सर्टको धुममा जमे । एनएपीएन धरानको आयोजनामा सञ्चालित उक्त लाइभ कन्सर्टले पूरै चौरलाई सांगीतिक माहौलमा तताएको थियो । कार्यक्रमको सुरुमा स्थानीय रेडियन्ट ब्याण्डको म हुँ जंगे गीतले पनि ताली पाएको थियो ।

## इलाममा संगीत साँझ



गएको शनिबार इलाम क्याम्पसमा आयोजना गरिएको सांगीतिक कार्यक्रममा पहिलो पटक प्रस्तुत हुँदै गायक आनन्द कार्कीले प्रशस्त मनोरञ्जन प्रदान गरे । गायक कार्कीसँगै महिलाहरूले प्रयोग गर्ने परिवार नियोजनको अस्थायी साधन कपर टीको प्रचारमा निस्किएका झन्डै एक दर्जन कलाकारहरूको प्रस्तुतिले इलाम गुन्जिएको थियो । कार्यक्रममा सहभागी गायक जगदीश समालले दर्शकहरूलाई आफ्ना गीतमार्फत भावुक बनाए भने गायिका प्रश्ना शाक्य र रेश्मा सुनुवारले पहिलो भेटमै दर्शकलाई घुम्टी ओढाउन आह्वान गर्दै मन चोरिन् । हास्यकलाकार सुरेन्द्र केसी 'मुलासाग' ले पनि दर्शकहरूलाई हँसाउन भ्याए । उक्त कार्यक्रममा सञ्चालिका सुगरिका केसीलाई ठट्यौली उद्घोषणमा सघाउने माम्पी घोष 'पवनकली'को प्रस्तुति पनि जमेको थियो ।

– विप्लव भट्टराई

### एड्स दिवसमा गीति संग्रह

विश्व एड्स दिवसको अवसर पारेर गत मंगलबार मीनभवनस्थित नेपाल कमर्स क्याम्पसमा एउटा सांगीतिक समारोह सम्पन्न भयो । उक्त अवसरमा नेपाली पप गीतहरूको संग्रह 'द मेमोरिज' सार्वजनिक गरियो । साहित्यकार डा. डिपी भण्डारीले गायकद्वय यज्ञराज भण्डारी तथा भरत पराजुलीले गाएका गीतहरूको उक्त संग्रह विमोचन गरेका हुन् ।


कर्मचारी चाहियो
यस कम्पनीमा रित्त रहेको पद पुर्तीको लागी कर्मचारी चाहियो ।
योग्यता: SLC /Inter
संख्या : 5 Ladies & 5 Gents
तलब: 7500/-
U.A. Pvt.ltd
गोंगबु चोक र सामाखुसि चोकको बिच गोरखा लिंगलिंग पोलिक्लिनिक भएको घरको तेस्रो तल्ला
2292347, 9841881313
9841485885
नोट: आफ्नो योग्यताको प्रमाणपत्र र २ PP Photo आवश्यकता

Learn to Speak English
★2 & 3 Months Packages
★Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
OASIS Language Centre
Golkopakha, Thamel
4359170

निशुल्क होटलतालिम
वेटर/वेट्रेस
साथमा रु 3000/- भत्ता
उत्कृष्टलाई ७ देखि १० हजार सम्मको जागिरको व्यवस्था
साथै विदेश जानेहरुको लागि स्पेशल कोर्षको व्यवस्था:-
जस्तै ★Cook ★waiter/ss ★Bartender ★Coffee Making★House Keeping
★साथै अन्य कोर्षहरु विशेष छुटमा धमाधम भर्ना
Wisdom Hotel Training Center
Kalimati Chowk
Phone N.: 01-6223587, 01-4277104, 9841032377

RJ VJ MC
उदघोषण तालिम
पुर्णरुपले practical र स्टुडियो केन्द्रित रेडियो, टेलिभिजन, प्राविधिक तथा पत्रकारीता तालिम
रेडियो कर्मीदारा संचालित उदघोषण तालिम केन्द्र
ख्याती प्राप्त संचारकर्मी दिनेश डि.सी.का साथमा
रुपेश श्रेष्ठ, मृदुला खनाल, मुनाल शिशिर
सन्तोष खनाल, केशबजङ्ग पाण्डे, नबिन लुँइटेल
अमित अधिकारी, हिरामणि तिमल्सिना
रु १०००/- छुट सहित !
BIKALPA THE OPTION फोन: ०१-२२९०१६८
बगबजार, काठमाडौं (श्रेष्ठ टेलरिङ्गको दाहिनेपट्टि)
विकल्प FM TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी

# श्रीमान्प्रतिको विश्वास



> विश्वासको अर्थ एक-अर्कासँग गरिएका वाचा कुन हदसम्म पूरा हुन्छन् भन्ने कुरामा निहित हुन्छ। मनोवैज्ञानिक केरोल एलिसनका अनुसार विवाह एक सम्झौता हो जुन विश्वास अडिएको हुन्छ। त्यसमा कुनै तरिकाले विश्वासघात भए दाम्पत्य जीवन संकटमा पर्छ।

पुरुषहरू आफ्नी श्रीमतीसँग यौनसम्बन्धका कारण मात्र निकटता चाहँदैनन् । अधिकांश जोडीको सम्बन्ध आपसी प्रेम र विश्वासकै आधारमा कायम रहन्छ । यदि एक जनाले अर्काको वास्ता गरेन, जस्तै- श्रीमतीलाई उपचारको आवश्यकता छ र श्रीमान् आफ्नो कार खरिद गर्ने इच्छा पूरा गर्दै आफ्नी श्रीमतीको उपचार गर्न असमर्थता व्यक्त गर्छ भने त्यसलाई स्वार्थको पराकाष्ठा मान्नुपर्छ । यस्तो अवस्थामा श्रीमान्माथि विश्वास गर्ने अवस्था रहँदैन । विश्वासको अर्थ एक-अर्कासँग गरिएका वाचा कुन हदसम्म पूरा हुन्छन् भन्ने कुरामा निहित हुन्छ । मनोवैज्ञानिक केरोल एलिसनका अनुसार विवाह एक सम्झौता हो जुन विश्वास अडिएको हुन्छ । त्यसमा कुनै तरिकाले विश्वासघात भए दाम्पत्य जीवन संकटमा पर्छ ।

३२ वर्षीया अनुपमाका श्रीमान् आफ्ना मित्रहरूका बारेमा उनलाई कुनै कुरा बताउँदैनन् । विवाहको करिव ९ महिनासम्म सबै कुरा ठीकठाक चलिरहेको थियो । घरखर्च बढ्दै गएपछि समस्या देखिन थाल्यो । अनुपमाले घरखर्च चलाउन थप पैसा माग्दा समस्या देखियो । पछि उनले थाहा पाइन् कि उनका श्रीमान्को जुवा खेल्ने बानी छ । आम्दानी राम्रै भएकाले मित्रहरूले अनुपमाका श्रीमान्बाट बढी फाइदा उठाउँथे । यस क्रममा साथीहरूकै कारण उनमा जुवाको लत बसेको थियो । यो कुरा थाहा पाएपछि अनुपमाले कुरा उठाइन्, विवाद पनि भयो । अनुपमाका श्रीमान्का मित्रहरूले यस विषयमा आगोमा घिउ थप्ने काम गरे र ती दुईबीचको सम्बन्ध थप बिग्रियो ।

खराब बानी भएका आफ्ना मित्रका बारेमा नै प्रायः श्रीमान्ले कुरा लुकाउँछन् । आफ्ना श्रीमान्का के-कस्ता मित्र छन् भन्ने बारेमा जानकारी हुनुपर्छ । उनीहरूलाई उनका परिवारसहित कहिलेकाहीं आफूकहाँ खाना खान बोलाउनुपर्छ भने आफू पनि जानुपर्छ । यसबाट पारिवारिक मित्रता बलियो हुन्छ । श्रीमान्का मित्रकी श्रीमती मित्र बन्ने अवस्था आउँछ । यदि श्रीमान् गलत बाटोमा हिँडे त्यही पारिवारिक मित्रको सहयोग काम आउँछ । अतः श्रीमान्का मित्रहरूका बारेमा जानकारी राख्नुपर्छ ।

श्रीमान्माथि विश्वास गरियो र श्रीमान्ले त्यस्तो विश्वास तोडिदिए भने त्यो सम्बन्धलाई तोडिदिने ? आफ्ना केही कुरा श्रीमान्सित सेयर गरियो र श्रीमान्ले त्यस्तो कुरालाई ठट्टा बनाएर आनन्द लिए भने के गर्ने ? जस्तै- सुमित्राले आफ्ना श्रीमान्लाई आफ्नो टिनएज अवस्थाको रोमान्सका बारेमा बताइन् । यो कुरालाई सुमित्राका पति दीपकले आफ्ना साथीहरूलाई पनि सुनाए जुन गलत थियो । पछि यही कुरालाई लिएर दीपकका मित्रहरूले सुमित्रालाई जिस्काउन थाले । जब सुमित्राले यस विषयमा दीपकसित कुरा गरिन्, दीपकले भूलवश उक्त कुरा आफ्ना मित्रहरूमा पुगेको बताए । सुमित्रा रिसाएपछि दीपकले आफ्नो गल्ती स्वीकार्दै माफी पनि मागे । तसर्थ श्रीमान्सँग केही कुरा सेयर गर्दा केही नियम आफैले बनाउनु बुद्धिमानी हुन्छ ।

सहवासका समयमा महिला-पुरुषका आ-आफ्ना सीमा हुन्छन् । हाउ टु स्टे लवर्स फोर लाइफका लेखक वोल्फका अनुसार कतिपय पुरुष सहवासको समयमा स्वार्थी रूपमा प्रस्तुत हुन्छन्, श्रीमतीको चाहना नहुँदा-नहुँदै पनि श्रीमतीलाई आफ्नो इच्छाअनुसार चल्न बाध्य गर्नुको अर्थ हुन्छ स्वार्थी हुनु । पछि यदि श्रीमान् यस विषयमा क्षमा माग्छन् भने अवस्था हेरी उक्त कुरालाई भुल्नु उपयुक्त हुन्छ । यो विषयमा श्रीमान्लाई आफ्नो रुचि वा अरुचि आभास गराउनु आवश्यक छ, अन्यथा यसले भावनात्मक रूपले आघात पुऱ्याउँछ ।

जब श्रीमान्ले आफ्नो कुनै रुचिमा अन्धाधुन्ध खर्च गर्छन् भने त्यसको संकेत हो– उनलाई त्यस कुराको नशा छ । जस्तै- रमेश र मीनाको बीच पैसाका सम्बन्धमा जहिले पनि विवाद भैरहन्छ । दुवैको छुट्टाछुट्टै बैंक अकाउन्ट पनि छ । एक दिन जब मीनाले गल्फ क्लबको बिल देखिन् तब उनी आश्चर्यचकित भइन् । रमेशलाई गल्फप्रति निकै रुचि छ । मीनाले चाल नपाउने गरी उनी गल्फ क्लब धाउँथे । रमेशको उक्त कुरा थाहा पाएपछि मीनाले त्यसका बारेमा रमेशसँग सोधिन् । रमेशले आफ्नो रुचिका बारेमा बताए र भविष्यमा फजुल खर्च कम गर्ने वाचा गरे । मीनाले रमेशको रुचिलाई बुझ्दै उनले हरेक साता गल्फ क्लब नजान आग्रह गरिन् र महिनामा एकपटक आफ्नो इच्छा पूरा गर्न छुट दिइन् । दुवैको सहमतिमा फजुल खर्च पनि बन्द भयो र दुवै खुसी पनि भए ।

३५ वर्षीया उर्मिला भन्छिन्, 'मैले सुरजलाई जीवनसाथी छनौट गर्नुपछाडिको कारण के थियो भने ऊ इमान्दार थियो, उसमाथि विश्वास गर्न सकिन्थ्यो तर जब म आमा बन्न लागेकी थिएँ तब मलाई महसुस भयो कि सुरजलाई मेरो परवाह छैन ।' ९ महिना पूरा भएपछि उर्मिला सुरजसँगै फाइनल चेकअपका लागि डाक्टरकहाँ जाँदा डाक्टरले फाइनल डेटभन्दा एकदिन अगाडि एड्मिट हुन भने । सुरजले एकदिन अघि आफू व्यस्त रहेको बताए । यो कुराले उर्मिलालाई आहत बनायो । डेलिभरी डेट नजिकिँदै जाँदा एकदिन राति उर्मिलाको प्रसव पीडा प्रारम्भ भयो र अन्ततः सुरजले उनलाई अस्पताल पुऱ्याए । डेलिभरीपश्चात् पनि कैयन् दिनसम्म उर्मिलालाई सुरजको व्यवहारप्रति रिस उठिरहेको थियो । कैयन् पटक सम्बन्ध तोड्ने विचार पनि उनको मनमा आयो तर सुरजले आफू व्यस्त हुनुपछाडि आफूले आफ्नो शिशु र उर्मिलाको सुविधाका लागि खर्च जुटाउन अतिरिक्त काम गरेकाले व्यस्त भएको भन्ने कुरा स्पष्ट पारेपछि उनको रिस शान्त भयो । सुरज राम्रो पिता सावित भएकोमा उनी खुसी भइन् ।

विश्वासघात, लापरबाही र उपेक्षाबाट आफ्नो सम्बन्धलाई एकै झट्कामा तोड्नु ठीक होइन । कैयन्पटक स्थिति फरक हुन्छ र त्यसलाई व्यक्तिले सोच्ने वा बुझ्ने तथ्य फरक हुन्छ । अतः पुनः विचार गर्नुपर्छ, सम्बन्धलाई मौका दिनुपर्छ हुर्कने, सम्हालिने र सुमधुर रूपमा अघि बढ्ने । किनभने सम्बन्धरूपी बिरुवा रोप्न सजिलो छ, हुर्काउन र त्यसलाई जीवन्त राख्न अझ बढी कठिन छ ।

– रोजिन शाक्य

# उत्साहित हुँदै प्रतिभाहरू




बुटवल– 'आज म धेरै खुसी छु, मेरो सपना साँच्चिकै पूरा हुन्छ भन्ने आत्मविश्वास जागेको छ,' -'खोजी प्रतिभाको' शीर्षकको राष्ट्रियस्तरको प्रतियोगितामा छनौट भएपछि कक्षा १२ मा अध्ययनरत बाँकेकी कविता रिजाल भन्दै थिइन्- 'आफ्नो क्षेत्रमा त सधैं प्रथम हुन्थें तर मेरो इच्छा राष्ट्रिय स्तरमा चिनिनु थियो, जुन पूरा भयो ।'

गायन, नृत्य र अभिनय विधाका प्रतिभाहरूको खोजी गर्ने उद्देश्यले नेपाल टेलिभिजनको प्रस्तुतिमा आयोजित उक्त रियालिटी शोको बुटवलमा सम्पन्न अडिसनमा सहभागी भै अघिल्लो चरणका लागि छनौट भएका कविताजस्तै २२ जना प्रतियोगी निकै उत्साहित देखिन्थे । रहरले भर्खरै गायनमा पाइला टेकेकी नवलपरासीकी अमिता नेपाल पहिलो प्रयासमै छनौटमा परेपछि दंग हुदै भन्दै थिइन्- 'छनौट भएपछि खुसीसँगै संगीतलाई गहिराइमा पुगेर बुझ्नुपर्छ भन्ने चेतना पनि भयो ।' दिनेश डीसी, सुरेश अधिकारी तथा रेनशा राई निर्णायक रहेको अडिसनमा गायनतर्फ अमिता नेपाल, जलजला परियार, शुभेच्छा ठकुरी, सहिमा श्रेष्ठ, सुष्मा विक, छवि रास्कोटी, हरि परियार, इन्द्रप्रसाद सापकोटा, लोकबहादुर सुनार, केशवराज महतो, दीपक पाण्डे र सुवास पौडेल छनौट भए भने अभिनयमा गिरिजाप्रसाद रिजाल, गिरिप्रसाद भुसाल, खगेन्द्र दाहाल, कमल श्रेष्ठ, विन्दु पाइजा तथा सारंगा कलाथोकी छनौट भए । यस्तै नृत्यमा कविता रिजाल, निरमा पाण्डे, शारदा ओली र पूर्णबहादुर परियार छनौट भए । बुटवल अडिसनमा लुम्बिनी अञ्चलका साथै मध्यपश्चिम र सुदूर पश्चिमका जिल्लाबाट आएका झन्डै १ सय जनाले प्रतिस्पर्धा गरेका थिए । बुटवलपछि नारायणगढ, पोखरा, विराटनगर र धरानमा अडिसन हुने दिनेश डीसीले बताए । अडिसन राउन्ड पार गरेका प्रतिभाहरूबीचको विभिन्न चरणको प्रतिस्पर्धा नेपाल टेलिभिजनबाट ४४ सातासम्म प्रसारण हुनेछ । प्रतियोगिताको क्वाटर फाइनलपछि अडिसन भएका स्थानहरूमा कन्सर्टसमेत आयोजना गरिनेछ । सबै विधामा एक-एक जना उत्कृष्ट प्रतिभा छनौट हुनेछन् ।

–टोपराज शर्मा

# कला, गला र सिर्जनाको संयोग

चितवन– नेपाली चलचित्रका नायक राजेश हमालले मञ्चमा उभिएर भने, 'साथीहरूका लागि यो हात सलाम हो, दुस्मनका लागि यो हात फलाम हो ।' उनले अभिनय गरेको चलचित्र 'शंकर' मा सुनाएको यो एउटा संवादले मात्र दर्शकको चित्त बुझेन । दर्शकहरूले चिच्याउँदै भने– चलचित्र 'अल्लारे' को 'रातो टीका निधारमा...' गीतमा नाच्नुपऱ्यो । दर्शकको फर्माइसमा नायक राजेश हमालले स-साना तीन जना नानीले गाएका 'रातो टीका निधारमा' गीतमा नाचे।

नेपाली चलचित्रकी नायिका मौसमी मल्लले राजेश हमालको कलाकारिताको प्रशंसा गरिन् । त्यसपछि पालो आयो गायक शिव हमालको लोकगीतको । उनले पछिल्लो समयमा चर्चामा आएको 'पछ्यौरी लेऊ बैना, आजै टुङ्गो लगाइदेउ माया छ कि छैन...' गीतमा दर्शकलाई नचाए ।

उक्त प्रस्तुतिपछि सुरेश शाही सुदूर पश्चिमको देउडा संस्कृति बोकेर आइपुगे अनि गाउन थाले- 'सुनको शरीर हो, सुनै सरी, आँसु नझार कठैबरी .... ।' त्यसपछि नेपाली कलाकारिताका चर्चित निर्देशक तथा अभिनेता निर शाह विविध सांस्कृतिक कार्यक्रममा उपस्थित भए । ठकुरी समाज महासंघले आयोजना गरेको विविध सांस्कृतिक कार्यक्रममा शनिबार नेपालका चर्चित कलाकारहरूको उपस्थिति थियो ।

कार्यक्रमको बीच समयतिर आइपुगेका निर्देशक निर शाहलाई नायिका मौसमी मल्लले २५ वर्षअघि चितवनकी चेली आफूलाई कलाकारितामा प्रवेश गर्ने अवसर दिएको सम्झँदै गहभरी आँसु पारेर फूल-मालाले स्वागत गरिन् । दर्शकहरूले नेपाली कलाकारिताका कलाकारहरूलाई गणेश चलचित्र मन्दिरको ठूलो पर्दामा अभिनय गरेको देखेका थिए । गुरु र चेलीको सम्बन्ध सुनाउँदै गौरी मल्लले नीर शाहलाई सम्मान गर्दा सोही गणेश चलचित्र मन्दिरभित्र भरिएका दर्शक पनि भावुक भएका थिए ।

कार्यक्रममा राजन ठकुरी आफ्नो कलाका साथ प्रस्तुत भए । कार्यक्रमको अन्तिमतिर पालो पाएकी गायिका सिन्धु मल्लले युवा दर्शकलाई 'धरानको बजारैमा...., लाठी चार्ज नगर मेरो मायामा' आदि गीतमा छमछमी नचाइन् । उक्त अवसरमा विभिन्न नेपाली तथा हिन्दी गीतमा नृत्य प्रस्तुत गरिएको थियो ।

–प्रतिमा सिलवाल

# दोस्रो शैक्षिक महोत्सव

बुटवल– 'सामाजिक रूपान्तरणका लागि शिक्षामा नयाँ अभियान' नाराका साथ बुटवलमा दोस्रो बृहत् पुस्तक प्रदर्शनी तथा शैक्षिक महोत्सव हुँदैछ । नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघ रूपन्देहीको आयोजनामा मंसिरको अन्तिम साता (२४-३० गते) शैक्षिक महोत्सव आयोजना हुन लागेको हो । पढ्ने-पढाउने बानी विकास गरी सभ्य संस्कृति विकास गर्ने उद्देश्यसहित सञ्चालन हुने महोत्सवमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रकाशनका पाठ्यक्रम, साहित्य, सूचना-प्रविधि, ज्ञान-विज्ञान, कानुनका साथै धार्मिक पुस्तकहरू प्रदर्शन एवं बिक्रीका लागि राखिनेछन् ।

महोत्सवमा पुस्तकसँगै स्टेसनरी तथा मसलन्द सामग्री, वैदेशिक उच्च शिक्षाका कन्सल्टेन्सी, विज्ञान प्रविधिका नवीनतम प्रयोग आदिका ७० वटा स्टल रहनेछन् । महोत्सव अवधिमा विद्यालय र कलेजस्तरीय हाजिरीजवाफ, गीत, नृत्य आदि मनोरञ्जनात्मक प्रतियोगिता, शैक्षिक गोष्ठी, अन्तर्क्रिया र बहस पनि गरिनेछ । महोत्सवमा दाङका विद्यार्थीहरूले बनाएको हेलिकप्टर र अन्तर्राष्ट्रिय रूपमै चर्चा पाएको बाग्लुङका विद्यार्थीले बनाएको सौर्य ऊर्जाजडित कार प्रदर्शनीका लागि ल्याउने आयोजकहरूको दाबी छ । बुटवल-६ हाटबजारस्थित बालमन्दिर प्रांगणमा सञ्चालन हुने महोत्सवमा ३ लाख ५० हजार दर्शक अवलोकनका लागि आउने अपेक्षा आयोजकहरूको छ । बुटवलमा २०६४ सालमा पहिलो शैक्षिक महोत्सव सम्पन्न भएको थियो ।

–टोपराज शर्मा

## ● तालुमा आलु ●



प्रकाश ओझा

'के हो बहिनी तपाईंको नानीले बोल्न सिक्यो ।'

'बोल्न सिकेको त कति भो कति अब त म नानीलाई चुप लाग्न सिकाउँदैछु ।'

०००

'बुबा, म अरू एउटा सुन्तला खाऊँ ?'

'तीनवटा सुन्तला त अघि खाइसकिस्' बाउ रिसाउँदै करायो- 'सुन्तला रूखमा फल्छ कि क्या हो गधा ।'

०००

दुई महिला

'शिशु रोयो भने सुताइदिनुपर्छ ।'

'भन्न मात्र सजिलो दिदी, मेरो छोरा त जति गरे पनि सुत्दैन ।'

'मेरो त सुतिहाल्छ ।'

'ए हो र ? कसरी सुताउनुहुन्छ तपाईं ?'

'दुई-चारपल्ट हावामा उफार्छु सुतिहाल्छ ।'

'यसरी हावामा उफार्दा शिशु सुत्छन् ?'

'हो त... कुरा के हो भने हाम्रो कोठाको छत धेरै तल छ, नानी छतमा ठोक्किन्छ नि त... ।'

०००

जमुना दाइले छोराको स्कुलको प्रोग्रेस रिपोर्ट हेर्नुभयो र रिसाउनुभयो-

'गधा, यही हो तेरो प्रोग्रेस रिपोर्ट ? तेरो कक्षामा जम्मा २० जना विद्यार्थी छन् र त कक्षाको २० औं स्थानमा छस् ।'

'योभन्दा पनि नराम्रो हुन सक्थ्यो बुबा'- छोरा बोल्यो ।

'योभन्दा नराम्रो के हुन्छ र ?'

'कक्षामा योभन्दा धेरै विद्यार्थी पनि हुन सक्थे ।'

०००

राजु हजुरआमाकहाँ गएर भन्यो-

'हजुरआमा उखु खानुहुन्छ ?'

'यो उमेरमा के उखु खानु, मेरो दाँतै छैन'- हजुरआमाले भनिन् ।

'त्यसो भए यो उखु राखिदिनु म खेलेर आउँछु ।'

०००

हजुरआमा : राजु यदि तिमीले बाटोमा दस लाख भेट्यौ भने के गर्छौ ?

राजु : यदि त्यो पैसा कुनै गरिब मानिसको रहेछ भने फिर्ता गरिदिन्छु ।

०००

### मेरो कुरो

जुन व्यक्तिको सर्टमा बटन छैन त्यसलाई कि त श्रीमती चाहिएको छ कि डिभोर्स ।

## ● कविता ●

### भावना



फुल्नुको अर्थ भएन झरी जान सकिएन
बाँच्नुको अर्थ भएन मरी जान सकिएन
एक्लै यहाँ जिउनुपर्ने आफन्त नै कसलाई भन्ने
बस्नुको अर्थ भएन सरी जान सकिएन
झुत्राझुत्री समालिँदै जीवन जिउन गाह्रो पर्दा
जिउनुको अर्थ भएन जताततै छरी जान सकिएन
नचलेको घडीजस्तो देखावटी बनी बस्दा
समयको अर्थ भएन रात बनी टरी जान सकिएन ।

**– उमेश वान्तवा राई**

### आफैलाई जलाउँछु

चिता बनाई आफ्नो लासको आफैलाई जलाउँछु
तिम्रा सामु पर्दिन म संसारबाट हराउँछु
म जलेको रापले कहिल्यै नपोलोस् तिमीलाई
उप्रान्तको तिम्रो जीवन कष्टरहित बनाउँछु
भूतलमा तिम्रो-मेरो प्रेमको अन्त भए पनि
माथि तिम्रो याद आउने हो कि डराउँछु
तिम्रो यादमा पलपल तड्पी बाँच्न सक्दिनँ म
बाँकी जीवन चितामाथि चिच्याउँछु कराउँछु म
सयौं जुनी माग्छन् अरू मलाई एउटै काफी भयो
प्रेमजस्तो तुच्छ स्वर्ग, म त नर्क नै मन पराउँछु ।

**– राधेश्याम निराश**

### बेग्लै हुँदो रैछ

पहिले पहिले मन छुने नारा बेग्लै हुँदोरैछ
आफ्नो स्वार्थ पूरा भए सारा संसार बेग्लै हुँदो रैछ
नयाँ मुलुक नयाँ नीति तर देशको बेहाल देख्दा
नदेखिने देशलाई टोक्ने दारा बेग्लै हुँदो रैछ
यस्तो गर्छु उस्तो गर्छु भन्नलाई त जे नि भन्छन्
कुर्सी पाए अचम्मको पारा बेग्लै हुँदो रैछ
विकास गर्छु विकास गर्छु भुँडे दाइको सरल भाषा
जनताको आँखा छल्ने छारा बेग्लै हुँदो रैछ
आफ्नै भूमि प्यारो लाग्छ, जिन्दगीको भन्दा धेरै
देश दुख्दा आँसुको धारा बेग्लै हुँदो रैछ ।

**– विजय चम्लिङ**

### मेरै लागि बाँच

तिमी मेरो मनको बगैंचामा
आएर सधैं खुसीसाथ नाच
म लोक झ्याउरे गाउँला
तिमी अप्सराझैं कम्मर भाँच
म सदा-सदा तिम्रो नै भैरहनेछु
तिम्रो परेलीमा मेरो सपना साँच
आकाशमा जुनतारा रहेसम्म
तिमी केवल मेरै लागि बाँच ।

**– ऋजन कुमार**

### मलाई मात्र लागेको हो

सधैंजसो रुन्छिन् उनी आँसु छ कि सस्तै
हाँस्छन् अरु कि मलाई मात्र लागेको हो यस्तै
किन पिउने जहरको नुनिलो त्यो पानी
हुन्न भन्छु भूल म त सबको जानी-जानी
कति जीवन बित्यो यहाँ यसै बस्दा-बस्दै
हाँस्छन् अरू कि मलाई मात्र लागेको हो यस्तै
हाँस्नु बरु दुःख परे भित्र लुकाई-लुकाई
गर्छु सम्मान तिमीलाई बरु शिर झुकाई
सकी जान्छ कति सपना माथिबाट खस्दा-खस्दै
हाँस्छन् अरू कि मलाई मात्र लागेको हो यस्तै ।

**–रेशमकुमार सुनुवार**

## ● लघुकथा ●



### नेपालमा

'यु गेट आउट ।'

'यस सर !'

उसले पानी बगेजस्तै सजिलो उत्तर दिएर प्रिन्सिपलको आज्ञा पालन गर्‍यो । तत्काल बाहिर निस्कियो ऊ । कहाँ गयो, थाहा भएन । यो राजधानीको एउटा बोर्डिङ स्कुलको परीक्षाहलमा देखिएको दृश्य हो । छोटो तर रहस्यमय । प्रस्ट तर प्रश्नमय । रहस्यले भरिएको एउटा प्रश्नको लोला टाउकामा उफ्रन थाल्यो । 'आखिर किन निकालियो उसलाई भविष्य कोरिरहेको बेला ? प्रश्न झर्न लागेको के थियो, फेरि उत्तर अचानक प्रकट भएर हिर्काउन थाल्यो- 'उसका गरिब अभिभावकले फी तिरेका छैनन् रे ।'

**– विरल राई**

# ब्लू फिल्म खेल्न

पृष्ठ ६ बाट जारी

कार्यक्रमका प्रदीप निरौलाले एक रिपोर्ट प्रस्तुत गरे । निरौलाका अनुसार कार्यक्रम प्रसारण हुने अन्तिम समयसम्म पनि नायिका हिमानी डिसीलाई घटनाक्रमका बारेमा खुलस्त बताइदिन आग्रह गर्दा उनी सम्पर्कमा आइनन् । यसकारण बुढाथोकीविरुद्ध मुद्दा जाहेर गरिसके पनि उनी यो मुद्दाबाट टाढिन खोजेकी हुन् कि भन्ने निरौलाको ठहर छ । यस विषयमा बुझ्न खोज्दा हिमानीले प्रहरीले कारबाही अघि बढाइसकेको अवस्थामा साथीभाइ तथा पारिवारिक सल्लाहबमोजिम यसलाई जनचासोको विषय बनाउन नखोजेको बताइन् । एक चलचित्रकर्मी भन्छन्- 'हिमानीका कारण नेपाली चलचित्रलाई बदनाम गर्ने र चलचित्रकर्मीलाई कुबाटोतर्फ लगाउने एक जना मानिस फेला परेको छ । यो मुद्दा मिडियामार्फत सार्वजनिक भए अरू सबै सावधान हुन्छन् । तर उनी किन हो डराइरहेकी छिन् ।' उनको भनाइलाई आधार मान्ने हो भने अभियुक्त बुढाथोकी यस प्रकारको कार्य गर्ने एक्ला व्यक्ति छैनन्, उनको गिरोह नै हुनुपर्छ । सुरुमा महिला कलाकारहरूलाई सामान्य कुरा गर्दै फसाउने र पछि ठूलो रकमको आशा देखाएर कुकर्ममा लगाउने कार्य गर्ने गिरोह काठमाडौंमा सक्रिय भन्ने एक सदस्य बुढाथोकी हुनसक्ने सम्भावनालाई नकार्न सकिँदैन । कतै त्यही गिरोहका कसैले हिमानीलाई धम्क्याइ पो रहेको छ कि ? तर हिमानी भन्छिन्- 'त्यसको कुनै गिरोह छैन होला । मलाई कुनै धम्की पनि आएको छैन ।' उक्त मुद्दा हेरिरहेका प्रहरी नायब उपरीक्षक शेरबहादुर बस्नेत अनुसन्धानका क्रममा त्यो पक्षको पनि खोजी गरिने बताउँदै भन्छन् -'त्यसरी टेलिफोन, मोबाइल वा पत्रमार्फत कसैले कसैलाई गालीगलौज, डर वा धम्की दिइरहेको छ भने प्रहरीमा उजुरी गरेर त्यस्ता मानिसलाई पक्रन र सजाय दिन सकिन्छ ।'

अर्कातर्फ अभियुक्त बुढाथोकीले रक्सी पिएको बेलामा गरेको कुराकानीलाई हिमानीले गलत अर्थ लगाएको बताएका छन् । 'मैले उनलाई बहिनी तिमी कहाँ छौ, के गर्दैछौ ? भन्ने कुरा बुझ्न फोन गरेको थिएँ । ब्लू फिल्म बनाउने कुरा गरेकै छैन । मसँग त्यति धेरै पैसा पनि छैन । सामान्य परिवारको छोरा हुँ र त्यो बेलामा मैले बोलेका कुरा सबै रक्सीको मातमा बोलिएका हुन् ।' -बुढाथोकीले आफ्नो बयानमा भनेका छन् ।

# धरानमा राई इज किङ

**भीषण राई**

धरान- चर्चित गायक राजेश पायल राईको व्यग्र प्रतीक्षामा कराइरहेका दर्शकहरू अझ जोडले चिच्याउन थाले, जतिबेला राजेश पायल आफ्नो चोर औंला ओठमा राखेर देब्रे हातले भीडलाई अभिवादन गर्दै स्टेजतर्फ अघि बढिरहेका थीए । मञ्चमा छिर्नासाथ आफ्नो छातीतर्फ इङ्गित गर्दै उनले यो के हो भन्ने प्रश्न गरे, सबै दर्शक एकसाथ कराए- 'साप्ताहिक, साप्ताहिक', उनले फेरि प्रश्न गरे– तपाईहरूले साप्ताहिक पढ्नुभो ? यदि छैन भने पढ्नुहोला, अनि सुरु गरे आफ्ना सुपर गीतहरू । राई इज किङको उपाधि पाएका राईलाई किन किङ भनिएको होला भन्ने प्रश्नको जवाफ दिन त्यो सांगीतिक कार्यक्रममा उनको प्रस्तुति र श्रोताहरूको उल्लेख्य सहभागिता नै पर्याप्त थियो ।

धरान/सांगीतिक क्षेत्रमा गायक राजेश पायललाई राई इज किङको उपाधि त्यसै दिइएको भने होइन । उनलाई किन किङ भनिएको होला भन्ने प्रश्नको जवाफ भने शनिबार धरानमा सम्पन्न सांगीतिक कार्यक्रम नै काफी थियो । राजेश पायल स्टेजमा देखापर्दा झमक्कै साझ परिसकेको भए पनि धराने श्रोताहरु उनलाई व्यग्रताका साथ पर्खिबसेका थिए । कार्यक्रम सञ्चालिका ब्रिन्दा राईले स्टेजबाट राजेश पायलको नाम लिनेबित्तिकै पब्लिक उच्चमाविको मैदानमा एउटै नाम गुञ्जियो -राजेश.....राजेश.... ।

राजेशले पनि आफ्ना प्रशंसकहरूलाई निराश बनाएनन् । उनका चर्चित एवं हिट गीत प्रस्तुत हुँदा धरानेहरू उचालिने त भए नै, उनले पनि स्टेज भाँच्चिएलाझैं गरी जोस देखाए । राजेशले आफ्नो पछिल्लो एल्बम् दर्शन नमस्तेको गीतदेखि लिएर निष्ठुरीलाई माया गरी, खास त केही छैन, बल्ल भेट भो आदाङ्बे, शिरै फूलसम्मका गीत प्रस्तुत गरे । गायिका अञ्जु पन्तसँगको युगल गीत सागरसरि चोखो मायालाई धरानेहरूले अत्याधिक रुचाए, जसले गर्दा उनीहरूले पुनः नगाई धरै पाएनन् । राजेशले पनि आफधराने फतथा श्रोताहरुलाई निराश बनाएनन। उनका चर्चित एवं हिट गीत प्रस्तुत हादा धरानेहरु उचालिने त भए नै । उनी आफैले पनि स्टेज भााच्चिएला झैं गरी जोश देखाए । राजेशले आफपछिल्लो एल्बमदर्शन नमस्ते को गीतदेखि निष्ठुरीलाई माया गरी, खास त केही छैन, बल्ल भेट भो आदाङे, शिरै फूल बोलको गीत प्रस्तुत गरे । गायिका अञ्जु पन्तसागको द्वैध गीत सागरसरी चोखो माया बोलको गीतलाई त धरानेहरुले अत्यधिक रुचाए । जसले गर्दा उनीहरुले पुनः नगाएर धरै पाएनन।

त्यसअघि एक्स मन्त्रको रक मेटल शैलीको प्रस्तुति विशेष गरी टिनएजरहरूले रुचाए । उक्त ब्यान्डले खाते, सालिक र माकुराको जालो रक मेटल शैलीमा प्रस्तुत गर्दा अचम्म मान्नेहरू पनि भेटिए । गायिका सिने गुरुङले पनि आफ्ना चर्चित गीतहरू गाएर धरानेहरूको मन जितिन् । गायिका अञ्जु पन्तले धरानेहरूलाई भावनामा डुबुल्की मार्न बाध्य बनाइन् । त्यसअघि एक्स मन्त्रको रक मेटल शैलीको प्रस्तुति विशेषगरी धराने टिनएजर युवाहरुले रुचाए । उक्त ब्याण्डले खाते, सालिक र माकुराको जालो बोलको रक मेटल शैलीमा गीत प्रस्तुत गर्दा अचम्म मान्ने धरानेहरु पनि भेटिए । गायिका सिने गुरुङले पनि आफचर्चित गीतहरु मेरो प्यारो मान्छे, किन रुन्छ मन, तिम्रो मायामा, तिमीलाई छुने हात र हो कि होइन सोल्टीज्यू बोलको गीत गाएर धरानेहरुको मन जितिन। गायिका अञ्जु पन्तले त झनधरानेहरुलाई भावनामा डुबुल्की मार्न बाध्य बनाइन। उनले चर्चित गीत न बिर्से तिमीलाई, रिमिक्स माइतीघर र तिमीले पराइ ठानेपछि गाएर हजारौं धरानेहरुलाई भावुक बनाइदिइन।



तस्बिर : विकास राई

कार्यक्रममा मेरीबास्सैका हास्यका टिम धुर्मुस, सुन्तली र माग्नेबूढाको समसामयिक राजनीतिप्रतिको हास्यव्यंग्य प्रस्तुतिले खुबै हँसायो । लाहुरेहरूको जन्मभूमिप्रतिको कसम नामको उक्त सांगीतिक कार्यक्रम गोर्खा एस.पी.एस.(चोमजा) फाउन्डेसनले गरेको थियो । कार्यक्रममा मेरीबास्सैका हास्यका टिम धुर्मुस, सुन्तली र माग्नेबूढाको समसामयिक राजनीतिप्रतिको नौलो हास्यव्यंग्य प्रस्तुतिले धरानेहरुलाई खुबै हासायो । उनीहरुको माधव नेपाल सरकारको सम्बन्धविच्छेद मन्त्रालय विषयको प्रस्तुतिलाई धरानेहरुले रुचाए । लाहुरेहरुको जन्मभूमिप्रतिको कसम नामको उक्त सांगीतिक कार्यक्रम गोर्खा एस.पी.एस.(चोमजा) फाउण्डेशनले गरेको थियो ।



## ● सन्देश ●

रीता, तिम्रो धेरै याद आइरहेको छ। म तिम्रै सम्झनामा दिनहरू बिताइरहेको छु, किन थाहा छ ? म तिमीलाई धेरै माया गर्छु।

**राकेश**

साथीहरू मीना, बाबुराम, शिवराज, घनश्याम, विनोद, भावना, कल्पना, वन्दना (भान्जी), दयाराम, सचिन, पवित्रा आदिमा मीठो सम्झना।

**लोमश खतिवडा**

आत्मीय दिदी पी.सी., तपाईंलाई अहिले कस्तो छ ? आफ्नो स्वास्थ्यको ख्याल राख्नुहोला। मेरो मोबाइल हराएदेखि त सम्पर्कविहीन भएका छौं, म कुनै दिन तपाईंसँग सम्पर्क गर्नेछु। जुन दिन हाम्रो अन्तिम भेट थियो त्यो समय सम्झिँदा रुन मन लाग्छ। के गर्नु, यस्तै जिन्दगी जिउनुपर्ने रहेछ। दिदी, तपाईंको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

**कल्पना साम्पाङ**

तृप्ति, सन्चो नभएको अवस्थामा पनि मलाई सम्झिएकोमा एकदम खुसी छु। हजुरलाई छिटोभन्दा छिटो निको होस् भनी साथीहरू सुनिल, स्वेता, राग, चित्र र सन्तोषले श्री पशुपतिनाथसँग प्रार्थना गरेका छन्।

**एस.के.**

कान्छु, धेरै माया लाग्छ। जबदेखि तिम्रो साथ पाएको छु मैले पनि यो संसारमा केही पाएको छु अनि आफ्नो कोही छ भन्ने मीठो अनुभव गरेको छु। म सधैंभरि तिम्रो मनमा बस्न सकूँ, तिम्रो आँखामा रम्न सकूँ, सधैँ सधैंभरि तिमीलाई आफ्नो भन्न सकूँ।

**एन.आर.**

आत्मीय साथीहरू लाम्घारे, पाल, प्रिस्किला, मञ्जु, राजु, ब्येस, तपाईंहरूको सम्झना आइरहन्छ। तपाईंहरू किन यतिसारो निष्ठुरी भएको ?

**एस. गुराँस**

बीबीएस दोस्रो वर्षको परीक्षामा सफलताको धेरै-धेरै शुभकामना। विशेष गरी सुनसरी क्याम्पस इनरुवाका साथीहरूलाई।

**विनोद खतिवडा**

मुना, सुनेको छु हजुर पनि ताप्लेजुङबाट धरान आएर अध्ययन गर्दै हुनुहुन्छ। हजुरसँग धेरै सम्पर्क गर्न खोजें तर सकिनँ घरको नम्बरमा फोन गर्दा हजुरको आन्टीसँग बोल्ने साहस भएन, यदि भुल्नुभएको छैन भने एकपल्ट सम्पर्क गर्नुहोला।

**बाबु**

दादा सचिन, तपाईंलाई मामा दीपप्रकाशलगायत सम्पूर्ण आफन्तजनले खोजिरहनुभएको छ। तपाईंको जे चाहना भए पनि पूरा गराउने वाचा गनुभएको छ। जहाँ भए पनि एकपटक सम्पर्क गर्नुहोला।

**भाइ बाबुराम**

रीना, भाइ राजु, रोकश, रोशन, हर्टएट्याक माइजू, ममी, समुना, रविना, सुरज, यशराजका साथै सम्पूर्ण मित्रहरूमा मीठो सम्झना एवं शुभकामना।

**राकेश श्रेष्ठ**

## ● जीवनको गोरेटोमा ●



### अधुरो सपना

त्यतिखेरका मेरा दिन निकै रोमाञ्चकारी थिए। प्रवेशिका परीक्षा उत्तीर्ण भएकैले होला, मनमा हर्षका रंगीन बुट्टाहरू पलाउँदै थिए। मनमा नौलो उमंग अनि हर्ष थियो। उनी निकै लजालु तथा मिजासिली थिइन् अनि सहयोगी पनि। उनीसँग कसरी परिचय गर्ने ? मेरा लागि निकै ठूलो चुनौती थियो। आफ्नो कक्षा कहाँ छ ? भनेर अलमलिएकी उनलाई कक्षा देखाउनु परिचयको बहाना बन्यो।

कतिखेर हाम्रो मित्रता प्रेममा परिणत भयो हामीले थाहा पाएनौं, भनौं हामीलाई प्रेमप्रस्तावको कुनै आवश्यकता परेन। आखिर दुई मनको मिलन भएपछि के नै चाहिन्छ र ? हामी एक-अर्कामा समाहित भएका थियौं।

अहिले म जिन्दगीलाई नजिकबाट नियालिरहेको छु र सोचिरहेको छु– कसरी मेरो जीवन यति निस्सारलाग्दो, विरासिलो भयो ? सायद मेरो व्यवहारले मलाई यति निराश बनाएको छ। मेरा पौरखी हात निर्जीवजस्ता भैसकेका छन्। न समयमा खान पाइन्छ, न त सुत्न नै। हामी युवाहरूले यतिका मेहनत आफ्नै जन्मथलोमा गर्न सकेको भए कति विकसित हुन्थ्यो हाम्रो नेपाल ?

साँच्चै आमा बिमारी नभएको भए म यसरी यो संसारमा भासिने थिइनँ होला। नचाहँदा-नचाहँदै विदेशीहरूको शोषणमा पर्ने थिइनँ होला। भर्खर १२ कक्षामा पढ्दै थिएँ म। फुर्सदमा घरखर्च टार्न सानातिना काम गर्दै थिएँ। उनले र मैले कति सपना सजाएका थियौं। ती सपना मिलेर पूरा गर्नु थियो हामीले। अचानक आमा काम गर्न नसकेर थला परेको दिन ममा ठूलो बज्रपात भयो। छँदाखाँदाको पढाइ, जागिर अनि अधुरा सपनाहरूमा ताल्चा लगाउँदै रोजगारीका लागि भौंतारिनुपर्‍यो मैले। ममा ठूलो जिम्मेवारी थोपरिएको थियो। जसरी भए पनि परिवारका लागि सहारा बन्नुपर्ने थियो। मेरा इच्छा, चाहना अनि आवश्यकताहरूलाई पाखा लगाउँदै परिवारको गर्जो टार्न भनेर यो पीडादायी कुण्डमा होमिनुपर्‍यो।

त्यो दिन घरबाट टेलिफोन आएको थियो। आमा अचानक स्वर्गवास हुनुभएछ। त्यो खबरले बेचैनीको सुनामी नै ल्यायो। पैसा कमाएर आमाको उपचार गरौंला, यहाँ आउँदा लिएको ऋण चुक्ता गरौंला अनि आरामसँग नेपालमै बसी पौरख गरौंला भन्ने मेरा सपनाहरू चकनाचूर भए। घण्टौंसम्म रोएँ म। त्यसरी रुनुको कुनै अर्थ थिएन। आखिर रोएर आमा फर्कने पनि त होइन। भावना एवं संवेदनाहीन बिरानो सहरमा रुनुको कुनै अर्थ थिएन। यहाँ आँसुको कुनै मूल्य छैन। आफूले आफैलाई सम्हालें। मैले परिस्थितिसँग सम्झौता गरें।

अहिले बहिनी घरमा एक्लै छिन्। बिचरीलाई कति पीडा परेको होला यतिखेर ? एक्लै भएँ भन्दै होलिन् अनि मेरी प्राणप्यारी यतिखेर मेरै प्रतीक्षामा दिन गन्दै होलिन्। मेरो सम्पूर्ण संवेदनालाई आफ्नै मानी बिचरीले मेरो घरको सम्पूर्ण व्यवहार थामिदिएकी छिन्।

**–राजेश बुढाथोकी**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

नाम : ..........................................................................

उमेर : ...................................... उचाइ : ................................

पेसा : ................................... शिक्षा : ...............................

स्वभाव :.................................. वैवाहिक स्थिति : ......................

अभिरुचि : ..................................वर्ण : .................................

इमेल : ..........................................................................

ठेगाना :..........................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................................................

..........................................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## ● साथी ●



रामप्रसाद रिजाल पत्रकारिता पेसामा आबद्ध छन्। ५ फिट ६ इन्च अग्ला रामप्रसादसँग विभिन्न पत्रपत्रिकामा काम गरेको अनुभव छ। एमएड दोस्रो वर्षमा अध्ययनरत रिजाल गहुँगोरो वर्णका छन्। २८ वर्षीय रामप्रसाद हँसिलो स्वभावका छन्। अध्ययन, पत्रकारिता तथा राजनीतिमा अभिरुचि राख्ने रिजाल १८ देखि २५ वर्ष उमेर समूहकी जीवनसाथीको खोजीमा छन्। उनलाई बालकोट-४, भक्तपुरमा पत्राचार गर्न सकिन्छ।



स्नातक तह उत्तीर्ण सुरज दिव्य थापा संगीतमा अभिरुचि राख्छन्। ५ फिट ४ इन्च अग्ला सुरज पेसाले आर्टिस्ट हुन्। २५ वर्षीय सुरज गहुँगोरो वर्णका छन्। एकल जीवन बिताइरहेका सुरज स्पष्ट वक्ता, सत्यवादी, छलकपट नगर्ने, अहं नभएको साथीको खोजीमा छन्। उनलाई साथी बनाउन चाहनेहरूले फेन्टेसी आर्ट्स सुनवल-१, नवलपरासीमा पत्राचार गर्न सक्नुहुन्छ।



गहुँगोरो वर्णका विजय कट्टेल ५ फिट ६ इन्च अग्ला छन्। पेसाले विद्यार्थी कट्टेल हाल स्नातक तहमा अध्ययनरत छन्। अविवाहित विजय खेलकुदमा अभिरुचि राख्छन्। मित्रतालाई निरन्तरता दिने, मिलनसार तथा सुख-दुःखमा साथ दिने साथीको खोजीमा रहेका विजयलाई साथी बनाउन चाहनेहरूले फिक्कल-८, इलाममा पत्राचार गर्न सक्नुहुन्छ।

पत्रपत्रिका अध्ययन गर्ने तथा गीत-संगीतमा अभिरुचि राख्ने राधा विष्ट ५ फिट अग्ली छिन्। २५ वर्षीय राधा हाल राष्ट्रिय अभियान कार्यक्रममा सरिक छिन्। एसएलसीसम्मको औपचारिक अध्ययन पूरा गरेकी विष्ट हँसिली तथा मिलनसार स्वभावकी छिन्। अविवाहित राधा आफू कालो वर्णको भएको उल्लेख गर्छिन्। सकारात्मक सोच भएकी, सहकार्यको भावना राख्ने, ज्ञानवर्धक कुरा सिकाउने, आत्मीय सम्बन्ध जोड्न चाहने राधालाई साथी बनाउन radhe_herbs@yahoo.com इमेल गर्न सकिन्छ।



५ फिट ३ इन्च अग्ला दीपक मिश्र गहुँगोरो वर्णका छन्। २४ वर्षीय दीपकले आईएडसम्मको औपचारिक अध्ययन पूरा गरेका छन्। नोकरी पेसा गर्ने दीपक पत्रमित्रतामा अभिरुचि राख्छन्। नम्र, मिलनसार एवं सुख-दुःखमा साथ दिने, जातभातको भेदभाव नगर्ने साथीको खोजीमा रहेका दीपकलाई देउपुर-४, गैरीबिसौना, काभ्रेमा पत्राचार गर्न सकिन्छ।



# मानिसहरूलाई अर्काको श्रीमान्/श्रीमती किन राम्रा लाग्छन् ?

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?
२ पढेर जानिन्छ कि परेर ?
३. नेपालको सबैभन्दा ठूलो समस्या के हो ?
४. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
५. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
६. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
७. तपाईं वान साइडेड लभमा पर्नुभएको छ ?
९. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?
९. नेपालले खेलकुदमा किन सधैं हार्छ ?
१०. अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?

एउटै चीज धेरै खाइयो भने तीतो हुन्छ, त्यसैले होला ।

**कमल जीसी** (२५), **तित्याङ, बाग्लुङ**

सम्पादकज्यू, अर्काको भनेपछि जे पनि राम्रो लाग्छ नि, आफ्नो त सधै आफूसँग हुन्छ ।

**टीकाराम अर्याल, गल्कोट, स्याङ्जा**

किनकि आफ्ना श्रीमान्/श्रीमतीले भन्दा अर्काका श्रीमान्/श्रीमतीले भनेको काम जतिबेला पनि मान्छन् ।

**किसान रुचाल**

प्राकृतिक नियमअनुसार विपरीत लिंगीप्रति आकर्षण हुने भएकाले ।

**नानु थापामगर** (२०), **तनहुँ**

मेरो विचारमा त च्वाँक भएर होला ।

**रोजिन अधिकारी** (२०), **स्याङ्जा**

कस्तो अचम्म, आफ्नोभन्दा अर्काको राम्रो भएपछि मन पर्दैन त ? तपाईंलाई राम्रो लाग्दैन कि क्या हो ?

**राकेश श्रेष्ठ, पोखरा**

आफ्ना श्रीमान्/श्रीमतीलाई नजिकैबाट नियाल्दा उनीहरूका धेरै नराम्रा कुराहरू देखिन्छन् अनि अरूका श्रीमान्/श्रीमतीलाई टाढैबाट हेर्दा राम्रो, हिरो नम्बर वान देखिन्छ । टाढाबाट उसको पूरै व्यवहार नियाल्न सकिँदैन नि त ।

**हरिजंग थापा** (१६), **सिन्धुली**

नलाग्नु पनि किन, अरूको भागमा के-के न मीठो देख्ने मानिसको बानी नै हो होइन र ?

**आर.एस., पाल्पा**

क्या हो सम्पादकज्यू, होइन कसरी अर्काकी स्वास्नीतिर आँखा गएको ? चलिआएको रीति कहाँ तोड्न सकिन्छ र कि कसो ?

**प्रवीण पृथक** (२०), **करादी**

ओहो, यो त हजम हुने खालको प्रश्न भएन नि ? यस्तो प्रश्नका कारण तपाईंकी श्रीमतीले समस्या उत्पन्न गराउलिन् है । अर्काकी श्रीमतीतिर आँखा नलगाउनुहोला ।

**रेसम सुनुवार**



आफूले कार्यअनुरूपको सफलता नपाउनु, त्यस्तै आफ्नो रहर, इच्छा, मनोभावना, रहनसहन, बोलीचाली, उठबस, आफूले भनेको कुरा गर्न नपाउँदा तथा अपर्याप्तले गर्दा ती कुरा अर्काका श्रीमान्/श्रमितीसँग भएका कारण राम्रा लाग्छन् कि ?

**एपी सुधा** (२६), **शंकरनगर, रुपन्देही**

आफूसँग नभएका हरेक कुरा राम्रा हुन्छन् । सधैं उपलब्ध चीजहरूप्रति मानिसहरूको आकर्षण कम हुन्छ, तर यस्तो प्रश्नचाहिँ किन ? कतै तपाईंलाई पनि अर्काकी श्रीमती मन परिन् कि ?

**यल्जी विवश** (२४), **ताप्लेजुङ**

## ● यौन जिज्ञासा र समाधान ●

**प्रश्न : म २८ वर्षीय युवक हुँ । १५ वर्षको उमेरदेखि हस्तमैथुन गर्दै आएको छु । पहिले सातामा एकपल्ट गर्थें । अहिले ५-६ महिनादेखि सातामा दुई पटकसम्म हस्तमैथुन गर्छु । हालै मैले यौनसम्पर्क पनि गरें । मेरो लिंग सानो भएजस्तो महसुस भयो । त्यसैले औंलाबाट सन्तुष्ट गराएँ । मेरो लिंग त्यति कडा हुँदैन । करिब पाँच मिनेटमा वीर्य स्खलन हुन्छ । मेरो लिंग घट्दै गएको छ । मेरो लिंगको लम्बाइ ५ सेन्टिमिटर र मोटाइ ८ सेन्टिमिटर छ । लिंग उठ्दा १२ सेन्टिमिटर मोटाइ र ११ सेन्टिमिटर लम्बाइ पुग्छ । कसरी लिंगलाई अझ मोटो बनाउन सकिन्छ ? मेरा दुवै अण्डकोष बराबर छैनन् । दायाँ अण्डकोष कहिलेकाहीं माथि उठ्छ । एकपल्ट चिकित्सकलाई पनि देखाए । ठीक भएजस्तो भएको थियो । अहिले केही सातादेखि त्यस्तै भैरहेको छ, के गर्नुपर्ला ?**

**– सा.**



डा. राजेन्द्र भद्रा

**उत्तर : लिंगको नाप**

लिंग एक विशेष अङ्ग हो र यसको सांकेतिक महत्त्व बढी छ । सन्तान उत्पादन गर्ने अङ्ग भएकाले पनि यस्तो भएको हुन सक्छ । कतिपय व्यक्ति यसको आकार वा लम्बाइलाई पुरुषको 'व्यक्तित्व' वा भनौं उसको 'पौरुषत्व'सँगै जोडिएको मान्छन्, त्यसैले उनीहरूमा आफ्नो लिंगप्रति निकै चासो र चिन्ता हुन्छ । कतिपय व्यक्तिले लिंगको लम्बाइ वा मोटाइ सामान्य भए पनि सानो भयो कि भनेर पीर (चिन्ता) गर्छन् । यस्तो स्थितिलाई अंग्रेजीमा Small Penis Syndrome भनिन्छ । सामान्यतः उत्तेजित अवस्थामा लिंगको सालाखाला लम्बाइ यस्तै १५ सेन्टिमिटर हुन्छ । धेरैजसोको लिंगको लम्बाइ १३ देखि १६ दशमलव ५ सेन्टिमिटरभित्र पर्छ । थोरै व्यक्तिको लिंग त्यसभन्दा पनि सानो हुन्छ ।

**किन लिंगको नाप घटेजस्तो लागेको ?**

तपाईंलाई किन आफ्नो लिंगको नाप घटेजस्तो लागेको हो, स्पष्ट हुन सकेको छैन । लिंगको नाप लिँदा के पहिलेको भन्दा घटेको हो ? उमेरअनुसार लिंगको नापमा केही परिवर्तन आउँछ, तर अहिले नै तपाईं त्यो उमेरमा पुग्नुभएको छैन । कहिलेकाहीं आफू बेस्सरी मोटाउँदा पनि लिंग छोटो भएजस्तो हुन्छ ।

**लिंगको नाप कसरी फेर्ने ?**

कसरत तथा हातैले तन्काउने विधि, तौल वा यन्त्रको सहायताले तन्काउने विधि लिंगको नाप विशेष गरेर लम्बाइ बढाउन प्रयोग गरिन्छ । पम्प प्रयोग गर्ने विधिले लिंगको उत्तेजना कडा र बढी हुने कुरा गरेको छ । यस्ता विधिका दीर्घकालीन प्रभावका बारेमा त प्रश्न छूदैछ, ठीकसँग प्रयोग गर्न नजानिए लिंगमा चोट पुग्ने सम्भावना यसमा पनि हुन्छ । शल्यक्रिया गरेर लम्बाइ वा मोटाइ बढाउने वा नचबात गर्ने वा अन्य वस्तु राख्ने (प्रत्यारोपण) गर्नेजस्ता अनेक उपाय गरिन्छ । यस्तो शल्यक्रिया कुशल चिकित्सकबाट गरिनु आवश्यक छ । यसका बाबजुद कतिपय स्थितिमा शल्यक्रिया गराउने व्यक्तिको आशाअनुरूप नतिजा नभएको कुरा पनि आएको छ, जसले असन्तोषलाई थप्छ नै ।

**लिंगबाट नै यौनसम्पर्क गर्न के गर्नुपर्ला ?**

सामान्यभन्दा सानो लिंग भए पनि यौनसम्पर्क गर्न सकिन्छ भन्ने कुरा त तपाईंको यौनसम्पर्कले नै देखाइसकेको छ । यदि तपाईंले सजिलैसँग हस्तमैथुन गर्न सक्नुभएको छ र हातले अँठ्याउन सक्नुहुन्छ भने यौनसम्पर्क पनि गर्न सकिन्छ ।

तपाईंले औंलाले सन्तुष्ट गराएँ भनेर लेख्नुभएको छ । मेरो विचारमा यो एकदम ठीक तरिका हो । तपाईंलाई थाहै हुनुपर्छ, महिलाको यौनसुखको केन्द्र भगाङ्कुर हो र यो भगक्षेत्रमा बाहिरतिरै हुन्छ । पुरुष माथितिर रहेर लिंग-योनि मैथुन गरेर मात्र महिलालाई यौन चरमसुख प्राप्त गर्न गाह्रो हुन्छ । योनिकै कुरा गर्दा पनि यसको बाहिरतिरको एकतिहाइ भाग नै विशेष रूपमा यौन संवेदनशील हुन्छ र साधारणतया छोटो भनिने लिंग पनि आफ्नो यौनसाथीलाई यौनसुख दिन पुग्ने नै हुन्छ । किन्सेले गरेको अध्ययनमा योनिमा लिंग प्रवेश गराएको २ मिनेटभित्रै ७५ प्रतिशत पुरुषले चरमसुख पाएको कुरा देखिएको थियो । तपाईंको वीर्य स्खलन हुन औसत समयभन्दा बढी लाग्ने भएको मजाले यौनआनन्द लिन-दिन सक्ने हुनुभयो । महिलालाई चरमसुखको स्थितिसम्म पुग्न केही बढी समय लाग्न सक्छ, त्यसैले पुरुषले यौनसम्पर्क सुरु गर्नुभन्दा पहिले पर्याप्त मात्रामा पाक्कक्रीडामा संलग्न हुन सके तपाईंलाई सहयोग पुग्छ ।

**के दुवै अण्डकोष समान हुन्छन् ?**

यस्तै १०-११ वर्षको उमेरबाट यसको विकास शुरु हुन्छ र अण्डकोषको विकासले व्यक्ति किशोरावस्थामा प्रवेश गरेको संकेत गर्छ । किशोरवस्थाभरि यो क्रम निरन्तर चल्छ । यसको आकार अलि चेप्टो अण्डाकारको हुन्छ । सालाखाला यस्तै १० देखि १४ ग्राम तौलको यो अंगको आयतन सामान्यतया ४x३x२ दशमलव ५ सन्टिमिटर हुन्छ । यसभन्दा केही बढी र केही कम हुनु पनि सामान्य नै हो । अण्डकोषका आयतन तथा आकार व्यक्ति-व्यक्ति अनुसार फरक हुन्छ । फेरि दुवै अण्डकोष पनि समान आकार वा आयतनका हुँदैनन् र यसमा केही भिन्नता हुनु सामान्य कुरा नै हो । असामान्य रूपमा ठूलो भएको वा तलतिर झरेको भए चिकित्सकले पक्कै थाहा पाउनुहुन्थ्यो होला । यसको कारण हेरी उपचार गर्नुपर्ने हुन्छ ।


निः शुल्क
वेटर (Waiter) तालिम
- 5 Star होटलमा प्राक्टिकल
- विद्यार्थी बेरोजगारी र विदेश जानेलाई ग्राह्यता ।
दिनको रु. 100 भत्ताको व्यवस्था
किङ्ग्स एकेडेमी प्रा.लि.
4600245, 9841560139
9841465184

के तपाईंमा यौन सम्बन्धी समस्या छ ?
पुरुषहरूमा देखिने
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु ।
महिलाहरूमा देखिने
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु ।
मानसिक
निराशा, उदासिपन, मानसिक डर, भय, दिमागको बोधोपन ।
सम्पर्क स्थान: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५
शाखा कार्यालय
पोखरा – ०६१–५३९१९४ वुटवल – ०७१–५४८८९३
भरतपुर – ०५६–५२०९६८ इटहरी – ०२५–५८४०८८
दाङ्ग – ०८२–५६२९८३ हरिओन सर्लाही – ०४६–५३०४८४
हेटौडा – ०५७–५२६०४६ सप्तरी, फत्तेपुर – ०३१–५५०११२

GAS GEYSER
३ सेकेण्डमा पानी तात्ने Rs. 4000/-
2 Years Warranty
25% Discount
Water Filter, Solar, Chimney
Free Home Delivery & Fitting
स्मृति ट्रेडर्स, बबरमहल
Ph: 4244756, 9841344804

सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, निःसन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला ।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं

LATEST LASERS
FOR ANY SCARS
ACNE/CHICKEN POX
BURN MARKS
ACCIDENT/STITCH
SKIN RESURFACING
and many more .........
TOUCH BEAUTY LASER CLINIC
Tel : 4469302, 4469305 Old Baneshwor
Customer Service 9841549320

ब्युटीसियन कोर्स
निःशुल्क
- नेपाल सरकारबाट मान्यता प्राप्त ।
- उत्कृष्ट एवं व्यवसायिक कोर्स ।
- रोजगारीको ग्यारेण्टी ।
- अनुभवी एवं दक्ष प्रशिक्षकहरूद्वारा तालिम दिईने ।
- विदेश जानेहरूको लागि Special Class
कोर्स: बेसिक, एडभान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्ग, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४१३५०६१ / ९८०८१६२९७१
चाबहिल चोक, काठमाण्डौं

होटल तालीम अन्तर्राष्ट्रिय मापदण्डको
✧Cook ✧Waiter ✧Bartender ✧Housekeeping ✧Front Office ✧Coffee Making ✧Bakery ✧Caregiver ✧Hotel Mgmt. ✧F&B Mgmt.
✧Airfare & Ticketing (Fare Calculation) ✧Abacus, Amadeus, Galileo, e-ticketing ✧Travel Operation ✧Tour & Travel Mgmt.
✧3/4/5 Star होटलहरुमा तालिम दिइने
✧Abroad Study- UK, USA र Australia
बिदेश जानेहरूको लागि विशेष कोर्ष
Excel Academy of Tourism & Hotel Mgmt. Pvt. Ltd.
Ph: 4460956 Chabahil, Ktm (Near to Medicare)

ग्यारेन्टी उपचार
100% Gurantee
यौन: शिघ्र स्खलन, यौन सन्तुष्टि नहुने
अनुहार: कालो पोतो, डन्डीफोर, चायाँको उपचारको लागि ।
शारिरिक तौल घटाउने, बढाउने ।
मधुमेहको उपचार साथै ग्याष्टिक, प्रेसर, बाथ, दम आदि समस्याहरूको समाधान
सावधान! डाक्टरद्वारा जाँच गरेर मात्र औषधि प्रयोग गर्नुहोस।
माहारूद्र आयुर्वेद फार्मेसी
लगनखेल साझाभवन - 2291316
कोटेश्वर - 4601989

## बाटो पत्ता लगाउनुहोस्



## भन्न सक्नुहुन्छ ?

राम र श्याम एउटा चोकमा बसेर कुरा गरिरहेका थिए। कुराकानीका क्रममा रामले श्यामलाई भन्यो- मेरो हजुरबुबा जन्मिँदा तिम्रो हजुरबुबा जन्मिसकेका थिए, तर तिम्रा हजुरबुबाको विवाह मेरो हजुरबुबाको विवाहभन्दा पाँच वर्ष ढिलो भयो तर पनि तिम्रो बुबा मेरो बुबाभन्दा एक वर्षअघि जन्मनुभयो । तिम्रो बुबाभन्दा मेरो बुबा एक वर्षले मात्र जेठो हुनुहुन्छ। अहिले तिम्रो बुबा ४० वर्ष हुनुभयो भने हजुरबुबा ७० वर्ष हुनुभयो। अब भन मेरो हजुरबुबा र बुबाको उमेर कति होला ?

## साप्ताहिक कोठेपद

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | २ | | | ३ | ४ | |
| | ■ | ५ | | | ६ | | | ■ | |
| | ■ | | ■ | | | ■ | | ■ | |
| | ■ | | ■ | ७ | | ■ | | ■ | |
| ८ | | | ९ | | | १० | | | ११ |
| | १२ | | | १३ | | | १४ | | |
| | | १५ | | | १६ | | | १७ | |
| | | | | | | १८ | | | |
| | | | १९ | | | | २० | | |
| २१ | | | | | २२ | | | | |

**दायाँ**

१. चिसो चुल्होका लेखक (६)
२. एकनासको तह (४)
३. वचन, बोली (३)
५. एकप्रकारको दाल (३)
६. आकाश (२)
७. त्रिगुणमध्ये एक (२)
८. झ्यालखाना (४)
९. टिम्मुरको स्वाद (४)
१०. मन हर्ने, लोभ लाग्दो (४)
१२. मनैदेखि, मनबाट (३)
१३. उचित, ठीक (३)
१४. बालीनाली विनाश गर्ने एक प्रकारको कीरा (३)
१५. सम्हाल्ने काम, रेखदेख (३)
१९. पृथ्वीको उपग्रह (३)
२०. धाक, धक्कु (३)
२१. साताको पहिलो दिन (५)
२२. झुक्नु, निहुरिने काम (५)

**तल**

१. असल जातको धान (४)
२. वास्ता, चासो (४)
३. सबैभन्दा सानो (४)
४. एक सुगन्धित बुटी (४)
५. मस्तिष्क, दिमाग (३)
६. मुसलमानहरूले गर्ने प्रार्थना (३)
७. मुसलमानहरूको एक पर्व (४)
८. वृत्तान्त वर्णन (५)
९. सप्तपातालमध्ये एक (४)
१०. श्रम गर्ने व्यक्ति (४)
११. बाटो ढुकेर लुट्ने काम (४)
१२. उचित, ठीक (४)
१३. सीता, रामकी पत्नी (३)
१४. एउटै गर्भका (४)
१५. जनताको राय (४)
१६. पवनपुत्र (४)
१७. सन्देशवाहक चरा (३)
१८. शरीरमा हुन्छ (३)

## पत्याउनु हुन्छ ?



भियतनामका ५५ वर्षीय लि भानले आफ्नी श्रीमतीको लास चिहानबाट झिकेर विगत पाँच वर्षदेखि आफूसँगै सुताउँदै आएका छन्। श्रीमतीको न्यास्रो लागेपछि उनले चिहानबाट श्रीमतीको शव झिकेर ल्याएको स्थानीय सञ्चार-माध्यमलाई बताएका छन्।

भेनेजुएलामा पाइने खैरो रंगको चमेराको संवेदना यति सूक्ष्म हुन्छ कि त्यसले आकाशको पानी छलेर आफ्नो गुडमा फर्कंदा उसको शरीरमा एक थोपा पनि पानी परेको हुँदैन।



स्कटल्यान्डको एक मदिरा कम्पनीले विश्वकै सर्वाधिक स्ट्रङ बियर ब्रिउ डगलाई हालै बजारमा ल्याएको छ। ३२ प्रतिशत अल्कोहल भएको यो बियर ह्वीस्कीसरह छ।





समुद्रको प्राकृतिक बहावका कारण नुनिलो पानीमा पाइने माछा पछाडितर्फ पौडन सक्दैन।

## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी



# तेक्वान्दोमा नेपालको आशा

राजु घिसिङ

काठमाडौं- मार्शल आर्ट्सको उपलब्धि बिर्सने हो भने नेपाली खेलकुद अन्तर्राष्ट्रिय जगत्मा अझै पनि शून्यको स्थितिमा छ। मार्शल आर्ट्समा पाएको सफलता नै अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको चिनारी हो। त्यसमा पनि तेक्वान्दोले नेपाललाई विशेष सफलता दिलाएको छ।

नेपालले अन्तर्राष्ट्रिय खेलकुदमा सबैभन्दा बढी पदक तेक्वान्दोबाटै हासिल गरेको छ। दक्षिण एसियाली खेलकुद (साग) मा पनि नेपाललाई सर्वाधिक पदक तेक्वान्दोबाटै मिलेको छ। एक दशकअघि काठमाडौंमा सम्पन्न आठौं संस्करणबाट सागमा तेक्वान्दोले प्रवेश पाएको हो। तेक्वान्दोबाट नेपालले कुल २२ स्वर्ण, ६ रजत र ३ कांस्यपदक पाएको छ।

नेपालले काठमाडौंमा १४ स्वर्ण र २ रजत तेक्वान्दोमा हासिल गरेको थियो। पछिल्ला दुई सागमा भने तेक्वान्दोमा नेपालको प्रदर्शन कमजोर भएको छ। त्यसको प्रभाव स्वात्तै घटेको पदक संख्याले पुष्टि गर्छ। पाकिस्तानको इस्लामाबादमा भएको नवौं सागमा ६ स्वर्ण र २ कांस्य जितेको नेपाल ३ वर्षअघि कोलम्बोमा सम्पन्न दसौं संस्करणमा २ स्वर्ण, ४ रजत र १ कांस्यमा सीमित भएको थियो।

विदेशी टिमको राम्रो तयारी, ठूलो लगानी र उपलब्ध सुविधाले सागमा नेपाली तेक्वान्दोको प्रभाव खस्कँदै गएको हो। समयसापेक्ष उन्नति गर्न नसकेपछि कुनै बेला दक्षिण एसियाली केन्द्रका रूपमा रहेको नेपालले पुरानो स्वर्णिम युगलाई कायम राख्न सकेन। त्यसैले बंगलादेशको राजधानी ढाकामा माघ महिनामा हुने ११ औं साग नेपाली तेक्वान्दोका लागि साख जोगाउने राम्रो अवसर हो। कुनै बेला सहजै स्वर्ण जित्ने नेपाली खेलाडीले कुनै पनि पदकका लागि ढाकामा कठिन संघर्ष गर्नुपर्ने चुनौती त छँदैछ।

एघारौं सागको तेक्वान्दोमा महिलाका ४ र पुरुषका ६ गरी कुल १० स्पर्धा समावेश छ। सबै स्पर्धामा नेपाली खेलाडीले चुनौती पेस गर्नेछन्। मंसिर ३ गते सम्पन्न छनौटबाट ढाका यात्रा गर्ने नेपाली खेलाडीको सूची तय भैसकेको छ। छनौटमा विभागीय टिमको वर्चस्व रह्यो। प्रहरीका ३, सेनाका २, एपीएफका १ तथा राष्ट्रिय टिमका ४ खेलाडीले छनौट चरण पार गरे।

लाइटवेट (७४ किलोग्राममुनि) छनौट भएका दानबहादुर ऐरी र ८७ किलोग्राममाथिको तौल समूह हेभीवेटमा चुनिएका बद्रीनाथ बस्नेतले ११ औं सागबाटै अन्तर्राष्ट्रिय तेक्वान्दो यात्रा सुरु गर्नेछन्। पहिलोपल्ट राष्ट्रिय टिममा स्थान पाएका यी दुवै खेलाडी आर्मीका हुन्। दुवै खेलाडीले देशलाई सागमा पदक दिलाउने वाचा गरेका छन्। बद्रीनाथले छनौटको फाइनलमा नवौं सागका कांस्य विजेता रामजी दाहाललाई ५-४ ले पाखा लगाएका थिए।

सागमा निरन्तर चार स्वर्ण जित्ने अभियानमा जुटेका दीपक विष्टमा सबैको नजर केन्द्रित छ। आठौं, नवौं र दसौं सागमा स्वर्ण जितेर उनले सर्वाधिक साग पदक जित्ने म्याराथन धावक वैकुण्ठ मानन्धरको कीर्तिमानसँग बारबरी गरेका थिए। 'अब चौथो स्वर्ण जितेर नयाँ कीर्तिमान कोर्न चाहन्छु', दीपकले भने, 'खेल जित्नका लागि खेलिन्छ। सफलताका लागि भाग्यले पनि साथ दिनुपर्छ।' छनौट चरण पार गरेर बेइजिङ ओलम्पिक खेलेको अनुभवले पनि आफ्नो चौथो स्वर्णको अभियानमा आत्मविश्वास बढाएको उनले बताए।


तस्बिर : सुन्दर श्रेष्ठ

| खेलाडी (पुरुष) | स्पर्धा |
|---|---|
| कुमार मानन्धर | वेन्टमवेट (६३ किलोग्राममुनि) |
| आशिष महर्जन | फेदरवेट (६८ किलोग्राममुनि) |
| दानबहादुर ऐरी | लाइटवेट (७४ किलोग्राममुनि) |
| रमेशकुमार श्रेष्ठ | वेल्टरवेट (८० किलोग्राममुनि) |
| दीपक विष्ट | मिडलवेट (८७ किलोग्राममुनि) |
| बद्रीनाथ बस्नेत | हेभीवेट (८७ किलोग्राममाथि) |
| **खेलाडी (महिला)** | **स्पर्धा** |
| यानकुमारी चौलागाईं | फिनवेट (४६ किलोग्राममुनि) |
| सविना महर्जन | फ्लाइवेट (४९ किलोग्राममुनि) |
| आयशा शाक्य | वेन्टमवेट (५३ किलोग्राममुनि) |
| मनिता शाही | फेदरवेट (५७ किलोग्राममुनि) |

दीपकसँगै कुमार मानन्धर, आयशा शाक्य र मनिता शाही पनि सागका अनुभवी खेलाडी हुन्। बाँकी दस खेलाडी नयाँ हुन्। नवौं सागमा कुमार र आयशाले रजत तथा मनिताले स्वर्ण जितेका थिए। ४६ किलोग्राममुनिको फिनवेटमा प्रतिस्पर्धा गर्ने यानकुमारी चौलागाईं छनौट भएर पनि दसौं साग खेल्न नपाएका खेलाडी हुन्। 'जन्डिस भएकाले अन्तिम समयमा कोलम्बो जान पाइनँ', उनी भन्छिन्, 'ढाकामा स्वर्ण जितेर खेल्न नपाएको नमीठो स्मरण मेट्न चाहन्छु।'

एक अंकले अगाडि रहँदारहँदै अन्तिम समयमा आक्रामक खेल्ने क्रममा काउन्टरमा अंक दिएपछि दसौं सागमा स्वर्ण गुमाएकी आयशा भन्छिन्, 'ढाकामा त्यस्तो गल्ती गर्नेछैन। अनुभवको कमीले मैले स्वर्ण गुमाएकी थिएँ।' यसपालि स्वर्ण जित्ने लक्ष्यका साथ २२ वर्षीया युवतीले कडा अभ्यास गरिरहेकी छिन्। अनुभवी खेलाडी मनिता लगातार दोस्रो स्वर्ण जित्ने योजना धुनमा छिन्। 'यसपालि पहिलेभन्दा राम्रो तयारी गरिरहेका छौं र राम्रो नतिजा दिलाउनेमा विश्वस्त छौं', उनले भनिन्।

पुलिसकी खेलाडी मनिताले वर्ल्ड तेक्वान्दो कल्चर एक्स्पोमा स्वर्ण र एसियन च्याम्पियनसिपमा कांस्य पदक जितिसकेकी छिन्। सबिना महर्जनले पनि तीन महिनाअघि बैंककमा भएको एसियाली मार्शल आर्ट्स गेम्सको अनुभव गरिसकेकी छिन्। पुरुषतर्फ आशिष महर्जन र रमेशकुमार श्रेष्ठले पनि अन्तर्राष्ट्रिय प्रतियोगिता खेलिसकेका छन्।

ढाकामा कम्तीमा ५ स्वर्ण जित्ने लक्ष्य रहेको बन्द प्रशिक्षण सम्हालिरहेका तेक्वान्दो प्रशिक्षक नवीनकुमार श्रेष्ठले बताए। 'हामी कमजोर छैनौं', उनले भने- 'हामीसँग अनुभवी खेलाडी छन्। तयारीका लागि पर्याप्त समयको उपयोग गर्नेछौं। सम्भव भए प्रशिक्षणका लागि विदेश जानेछौं वा विदेशी प्रशिक्षण झिकाएर यहीं तयारी गर्नेछौं।' वैदेशिक प्रशिक्षणका लागि तेक्वान्दोलाई बजेटको अभाव छ।

पछिल्लो समय ओलम्पिक, वर्ल्ड र एसियाली तेक्वान्दो च्याम्पियनसिपमा निरन्तर पदक जितिरहेको युद्धग्रस्त अफगानिस्तान तथा भारत, श्रीलंका र बंगलादेश नेपालको तगारो बन्न सक्ने अर्का प्रशिक्षक इन्द्रमान तुलाधरले बताए। 'पुरुषको तुलनामा महिलाको स्पर्धाबाट बढी आशा छ', उनले भने- 'अन्य दक्षिण एसियाली मुलुकको तुलनामा हाम्रा महिला खेलाडी केही अघि छन्।'

## ५ प्रश्न



तेक्वान्दो स्टार दीपक विष्ट ११ औं दक्षिण एसियाली खेलकुद (साग) मा स्वर्ण जितेर नेपालको सर्वाधिक सफल खेलाडी बन्न चाहन्छन्। सागमा यो उनको लगातार चौथो स्वर्ण हुनेछ। छनौट चरण पार गर्ने दोस्रो नेपाली खेलाडीका रूपमा बेइजिङ ओलम्पिक-२००८ मा प्रतिस्पर्धा गरेका यी ३३ वर्षीय धनगढीका खेलाडीले २२ अन्तर्राष्ट्रिय प्रतियोगिताको अनुभव बटुलेका छन्। एसियाली खेलकुदमा २ कांस्यसमेत जितेका विष्टसँग पाँच प्रश्न :

**सागको तयारी कस्तो छ ?**

लामो समयदेखि हामी प्रशिक्षणमा छौं। दुई महिनाअघि नै बन्द प्रशिक्षण सुरु भएकाले तयारी राम्रै मान्न सकिन्छ। वैदेशिक प्रशिक्षणको व्यवस्था गरिदिए अझ राम्रो हुनेछ। छनौटमा पनि खासै गाह्रो भएन।

**चौथो साग स्वर्णको अभियानमा हुनुहुन्छ। तपाईंको लक्ष्यमा अन्तर्राष्ट्रिय प्रतियोगिताको लामो अनुभवले कस्तो प्रभाव पार्नेछ ?**

सागमा चार स्वर्ण चुम्ने मेरो यसपालिको लक्ष्य हो। त्यसमा १३ वर्ष लामो अन्तर्राष्ट्रिय तेक्वान्दोको सहभागिताले मेरो आत्मविश्वास बलियो बनाएको छ। वर्ल्ड च्याम्पियन, एसियन च्याम्पियन, वर्ल्ड नम्बर वन खेलाडीसँग प्रतिस्पर्धा गरिसकेको छु। ढाकामा म त्यसकै फाइदा उठाउने दाउमा छु।

**तौल समूह अर्थात् स्पर्धा परिवर्तन गर्नुको कारण ?**

मेरो घुँडामा समस्या छ। पूर्ण स्वस्थ अवस्था छैन। यसपालि माथिल्लो ८७ किलोग्राममुनि तौलसमूहमा खेल्दैछु। तौल घटाउँदा मांसपेशी र घुँडामा समस्या उत्पन्न हुने चिकित्सकले बताएपछि बढी तौलको स्पर्धामा खेल्न लागेको हुँ।

**विगतको तुलनामा यसपालिको प्रतिस्पर्धा कस्तो हुनेछ ?**

नेपाली खेलाडीका लागि सागको पदक चुनौतीपूर्ण बन्दै गएको छ। पहिले हामीले सहजै स्वर्ण जितेका थियौं। अहिले त्यो स्थिति छैन। सबै देशले राम्रो तयारी, ठूलो लगानी र बढाएको सुविधाले छिटो-छिटो उन्नति गरिरहेका छन्। त्यसमा हामी पछि परेका छौं।

**सबैभन्दा कठिन प्रतिद्वन्द्वी कुन् मुलुकका खेलाडी हुनेछन् ?**

निश्चित रूपमा अफगानिस्तान। पछिल्लो समयमा उसले तेक्वान्दोका अन्तर्राष्ट्रिय प्रतियोगितामा एकपछि अर्को उपलब्धि हासिल गरिरहेको छ। भारत, श्रीलंका र आयोजक बंगलादेशले पनि राम्रो तयारी गरिरहेका छन्।

# साफ च्याम्पियनसीपमा बलियो मानसिकता

अजय हमाल

नेपाली फुटबललाई अन्तर्राष्ट्रिय सफलता चाहिएको छ। दक्षिण एसियाली राष्ट्रबीच हुने प्रतियोगितामै जित हासिल गरे नेपाल एक हदसम्म सफल मानिनेछ। नेपाली फुटबलले यसपालि छैटौं साफ च्याम्पियनसिपमा सफलता हासिल गर्न फरक किसिमले सहभागिता जनाउँदैछ।

बंगलादेशको ढाकामा शुक्रबार सुरु हुने च्याम्पियनसिपमा नेपाली टिमलाई 'उच्च मनोबल' का साथ पठाइएको छ। पछिल्ला केही साता खेलाडीलाई उत्प्रेरित गर्ने खालका कार्यक्रम भए, जुन नेपाली फुटबलमा भएको पहिलो प्रयोग हो।

भारतको कोलकातामा भएका अभ्यास खेलको नतिजाले पनि खेलाडीको मानसिकता बलियो बनाउन मद्दत पुऱ्याउनेछ। दुवै अभ्यास खेलमा नेपाली टिम विजयी भयो। पछिल्ला संस्करणको खराब प्रदर्शनको क्रम रोक्न अखिल नेपाल फुटबल संघ (एन्फा) ले 'मोटिभेसन' का कार्यक्रम राख्यो। त्यसका लागि 'टिम बिल्डिङ' कार्यक्रममा मात्र खेलाडी सहभागी भएनन्, उनीहरूको बिदाइ पनि बिल्कुलै फरक ढंगले गरियो।

बिदाई कार्यक्रममा युवा तथा खेलकुद मन्त्री गणेश तिवारी मात्र सहभागी थिएनन्, अभिनेता राजेश हमाललाई पनि बोलाइएको थियो। सबैले आफ्नो मन्तव्यमा खेलाडीको मनोबल बढाउन शब्द खर्चिए। पञ्चकन्याको हातबाट खेलाडीले टीका लगाए भने नेपाल प्रहरीको ब्यान्डले राष्ट्रिय धुन बजायो।

'यसपालि खेलाडीको मनोबल बढेको छ,' बंगलादेश जानुअघि टिमका प्रशिक्षक कृष्ण थापाले भने, 'यसले खेलाडीलाई राम्रो गर्न प्रेरित गर्नेछ। मैले पनि राम्रो सम्भावना देखेको छु।'

प्रशिक्षक थापाले मनोबल बलियो हुनुका साथै टिम पनि त्यत्तिकै उत्कृष्ट रहेको दाबी गरे। उनले भने- 'टिम पनि मिलेको छ। धेरै गोल गर्नु नै हाम्रो लक्ष्य हुनेछ।' उनले बलियो समूहमा परे पनि खेलाडी पहिलेदेखि भिड्न तयार रहेको बताए। नेपाल डिफेन्डिङ च्याम्पियन माल्दिभ्ससहित भारत र अफगानिस्तानको समूह 'बी' मा छ।

'बलियो समूहमा परे पनि खेलाडीहरू डराएका छैनन्,' थापाले तर्क दिए,'दोस्रो चरणका लागि छनौट भए फाइनलपुग्न सजिलो हुनेछ।


तस्बिर : सुन्दर श्रेष्ठ

पहिलो खेलमै मालदिभ्सलाई हराउन सके अझ राम्रो हुनेछ।' उनले प्रतिस्पर्धामा गोल नै आवश्यक भएकाले नेपाली स्ट्राइकर जुमनु राई तथा अनिल गुरुङ फिट रहेको बताए।

नेपाली टिमका कप्तान राकेश श्रेष्ठ पनि ढाका भ्रमणमा मनोबल उच्च रहने कुरा बताउँछन्। 'सबैको मनोबल बढेको छ,' उनले भने, 'यस्ता कार्यक्रम पहिले नै गर्नु पर्ने हो। यसले आत्मविश्वास बढाएको महसुस गरेको छु।'


खेलाडीहरूलाई एन्फाका सल्लाहकार अनिल शाहद्वारा घोषित नगद पुरस्कारको 'प्याकेज' ले पनि लोभ्याएको छ। उनले टिम सेमिफाइनलसम्म पुगे हरेक टोलीका हरेक सदस्यलाई २५ हजार, फाइनल पुगे ४० हजार तथा उपाधि जित्न सके १ लाख रुपैयाँ दिने घोषणा गरेका छन्।

नेपाली टिमको मनोबल अभ्यासमा पाएको सफलताले पनि बढेको छ। नेपालले मोहन बगानलाई ३-१ ले हरायो। अभ्यासकै क्रममा कोलकातामा रहेको भुटानी टिमलाई पनि नेपालले पराजित गऱ्यो।

# छनौट भएका राष्ट्रहरू

## जापान

जापानले सन् १९९८ मा फ्रान्सले आयोजना गरेको विश्वकप फुटबल प्रतियोगिताको



फाइनल चरणमा पहिलो पटक प्रवेश पाएको हो। उक्त प्रतियोगितामा जापान पहिलो चरणबाटै घर फर्कियो। सन् २००२ मा जापान र दक्षिण कोरियाले संयुक्त रूपमा आयोजना गरेको विश्वकप फुटबल प्रतियोगितामा रूस र ट्युनिसियालाई पराजित गर्दै जापान दोस्रो चरणमा प्रवेश गरेको थियो। दोस्रो चरणमा जापान टर्कीद्वारा पराजित भएर बाहिरिएको थियो। सन् २००६ मा जर्मनीले आयोजना गरेको विश्वकप फुटबल प्रतियोगितामा पनि जापानले फाइनल चरणको सिट सुरक्षित गरेको थियो। पहिलो चरणमा जापानले क्रोएसियासँग बराबरीमा खेल समाप्त गर्नु नै ठूलो सफलता मानियो। यसपटक एसियाको छैटौं चरणमा समूह 'ए' मा परेको जापानले समूह उपविजेता भएर लगातार चौथो पटक विश्वकपको टिकट काटेको छ।

## अस्ट्रेलिया

अस्ट्रेलियाको विश्वकप यात्राको इतिहास त्यति लामो छैन। सन् १९७४ मा जर्मनीले आयोजना गरेको विश्वकपको



फाइनल चरणमा अस्ट्रेलियाले पहिलो पटक प्रवेश पाएको थियो। उक्त विश्वकपमा अस्ट्रेलिया पहिलो चरणबाटै घर फर्कियो। त्यसको ३२ वर्षपछि अस्ट्रेलियाले पुन: जर्मनीले नै सन् २००६ मा आयोजना गरेको विश्वकप प्रतियोगिताको फाइनलमा खेल्ने मौका पाएको थियो। उक्त विश्वकपमा अस्ट्रेलियाले आफ्नो स्तरमा सुधार गर्दै आफूलाई दोस्रो चरणसम्म पुऱ्यायो। दोस्रो चरणमा अस्ट्रेलिया इटालीद्वारा शून्यका विरुद्ध १ गोलले पराजित भएर घर फर्कियो। यसपटक अस्ट्रेलियाले एसियाका तर्फबाट प्रतिनिधित्व गर्दै चौथो चरणमा समूह 'ए' को विजेता भएर १९ औं विश्वकप फुटबल प्रतियोगिताको फाइनलको स्थान सुरक्षित गरेको छ।



● विश्वकप फुटबलमा एसिया ●

## दक्षिण कोरिया

दक्षिण कोरिया एसियाका तर्फबाट सर्वाधिक विश्वकप



प्रतियोगिताको फाइनल चरण पुग्ने राष्ट्र हो। कोरिया आफ्नो मुलुकको विभाजनअघि नै सन् १९५४ मा स्विट्जरल्यान्डले आयोजना गरेको विश्वकपको फाइनल चरणमा आफूलाई प्रस्तुत गर्न सफल भएको थियो। उक्त प्रतियोगितामा पहिलो चरणबाट बाहिरिएको कोरियाले ३२ वर्ष पछि दक्षिण कोरियाका रूपमा सन् १९८६ मा मेक्सिकोले आयोजना गरेको विश्वकप फुटबल प्रतियोगिताको फाइनल चरणमा प्रवश गरेको थियो। सन् १९८६ देखि लगातार विश्वकप फुटबलको फाइनल चरणमा प्रवेश पाएको दक्षिण कोरिया सन् १९९८ सम्म आफूले खेलेका ४ संस्करणमा पहिलो चरणबाटै बाहिरिएको थियो। सन् २००२ मा जापानसँग सह-आयोजकका रूपमा विश्वकप फुटबल प्रतियोगिता आयोजना गर्दा रेड डेभिलको उपनाम पाएको दक्षिण कोरिया चौथो भएको थियो। एसियाका तर्फबाट दक्षिण कोरियाले पाएको सर्वाधिक ठूलो सफलतालाई सन् २००६ मा भने दोहोऱ्याउन सकेन। प्रतियोगितामा दक्षिण कोरिया पुन: पहिलो चरणबाटै घर फर्कियो। सन् २०१० मा हुने विश्वकपको छनौट प्रतियोगितामा दक्षिण कोरिया एसिया समूह 'बी' को विजेताका रूपमा भएर छनौट भएको छ।

## उत्तर कोरिया

उत्तर कोरियाको विश्वकप यात्रा लामो नभए पनि अविस्मरणीय छ। पहिलो पटक सन् १९६६ मा इङ्ल्यान्डले आयोजना गरेको विश्वकपको फाइनलको सिट सुरक्षित गरेको उत्तर कोरियाले क्वाटर फाइनलको



यात्रा गर्दै आफूलाई आठौं स्थानमा उभ्याएको थियो। त्यसपछिका दुईवटा विश्वकपको छनौट चरण नै बहिष्कार गरेको उत्तर कोरियाले सन् १९८२ देखि छनौट प्रतियोगितामा सहभागिता गरे पनि ४४ वर्षपछि समूह 'बी' को उपविजेता भएर आफ्नो स्थान सुरक्षित गरेको छ।


● विश्वकप डायरी ●

# आज राति फाइनल ड्र



आज शुक्रबार राति दक्षिण अफ्रिकाको केप टाउनमा सन् २०१० मा हुने १९ औं विश्वकप फुटबल प्रतियोगिताको फाइनल ड्र हुनेछ। करिब ९० मिनेट लामो फाइनल ड्रलाई आकर्षक बनाउन सांगीतिक कार्यक्रम पनि प्रस्तुत गरिनेछ। दक्षिण अफ्रिकाले आयोजना गर्न लागेको मिस वर्ल्ड प्रतियोगितामा सहभागी भएका विभिन्न राष्ट्रका सुन्दरीहरूले समेत सहभागिता गर्ने फाइनल ड्र रोमाञ्चक र ग्ल्यामरले भरिपूर्ण हुने आयोजक समितिले जनाएको छ। नेपाली समयअनुसार पौने १० बजे राति हुने यो ड्रले आगामी विश्वकपको पहिलो र दोस्रो चरणको खाका कोर्ने भएका कारण फुटबलका प्रशंसकहरूका लागि यो क्षण ऐतिहासिक हुनेछ। आयोजक समितिले फाइनल ड्रलाई विभिन्न टेलिभिजनले विश्वव्यापी रूपमा प्रत्यक्ष प्रसारण गर्नेछ। गत विश्वकपको फाइनल ड्रको प्रत्यक्ष प्रसारण १ सय ३७ राष्ट्रमा गरिएकोमा यसपटक यो संख्या बढ्ने अनुमान आयोजक समितिको छ।

विश्वकपको फाइनल चरणमा प्रवेश गरेका ३२ राष्ट्रलाई ८ समूहमा विभाजन गरिनेछ, यो समूह विभाजन चारवटा भाँडोबाट गोलाप्रथाका आधारमा हुनेछ। आज हुने विश्वकप फुटबल ड्रमा कुन-कुन महादेशका टिमहरू कुन-कुन भाँडोमा पर्ने छन् भन्ने विश्लेषण भैरहेको छ। अनुमानअनुसार पहिलो भाँडोमा शीर्ष वरियताक्रममा परेका राष्ट्रहरू राखिएको छ। यो भाँडोमा सन् २००२ र २००६ को विश्वकपको फाइनल चरणमा उत्कृष्ट नतिजा निकालेका र सन् २००७ देखि फिफाको वरियताक्रममा शीर्ष स्थानमा रहेका राष्ट्रहरू रहन सक्छन्। यो मापदण्डमा ब्राजिल, अर्जेन्टिना, इङ्ल्यान्ड, जर्मनी, इटली तथा स्पेन पर्छन्। यसबाहेक यो भाँडोमा आयोजक दक्षिण अफ्रिका र फ्रान्स रहनेछन्। अर्को भाँडोमा युरोपियन महादेशका डेनमार्क, ग्रीस, हल्यान्ड, पोर्चुगल, स्लोभानिया, सर्बिया, स्लोभाकिया र स्वीट्जरल्यान्ड रहन्छन्। तेस्रो भाँडोमा एसिया महादेश र कोन्काकाफका अस्ट्रेलिया, जापान,



दक्षिण कोरिया, उत्तर कोरिया, न्युजिल्यान्ड, होन्डुरस, मेक्सिको र संयुक्त राज्य अमेरिकालाई समावेश गरिएको हुनसक्छ। चौथो भाँडोमा अफ्रिकी महादेश तथा दक्षिण अमेरिकी महादेशबाट छनौट भएका अल्जेरिया, क्यामरुन, चिली, घाना, आइभोरीकोस्ट, पराग्वे, नाइजेरिया र उरुग्वे पर्ने सम्भावना बढी छ।




साप्ताहिक Classified Advertisement

रोजगार

US Organization कोलागि Basic Computer जानेका १३ कर्मचारी मासिक ११,५००, २०७२५४५, ९८४१४९३०२६, ९८०३०७५९८१ चाबहिल

Multinational Company लाई Basic Computer जानेका १३ कर्मचारी तलब ११,००० ४७२०१७७, ९८४९१५२०४७ महाराजगंज

नयाँ अफिसकोलागि विभिन्न पदमा कर्मचारी कलंकी ९८४१३८५०११

अफिसको लागि कर्मचारी ९७४११४६७२१

अगरबत्ती खेलौना बनाउनेमा रोजगार १०,०००, काम घरैमा ९७४११४८०५४ गौशाला

Part time काम ९८४९१६५१८९, ९८४१०९५४२७

जर्मनीको लागि SLC/+2 pass Aupair girls ELT Center ९७४१०५६८८६

तालिम

ब्युटिसियन ट्रेनिङ्ग, Basic, Advance, Diploma, Special Course गौशाला २१००५६३, ९८४१७७९८८९

उपचार

100% मोटोपन घटाउन बढाउन ९८४९०५११६१

सर्वाधिक विश्वासिलो डाक्टरद्वारा मधुमेह, बाथ, युरिकएसिड, पाइल्स, टन्सिल, Sexual सम्बन्धी ग्यारेन्टी, किर्तिपुर, ९८४९०५११६१

कपाल झर्नबाट रोक्न, दुबी, डन्डीफोर, दाग, चायापोतो 100% सफाचट, ९८४१९८१९७६

लिङ्गको साइज तथा यौनशक्ति बढाउन, स्तन घटाउन बढाउन, गुप्ताङ्ग टाइट गर्न, ९८४१९८१९७६, ९८४९०५११६१

लिङ्गको लम्बाई, मोटाई, उत्तेजना बढाउन सम्पर्क ९८४१५०६१३४

# पीडादायी हारमा पाँचौं

हिमेशरत्न बज्राचार्य

काठमाडौं- एसीसी ट्वान्टी-२० एलाइटकप क्रिकेटका लागि नेपालको युएई यात्रा धेरै अर्थमा पीडादायी रह्यो । प्रतियोगिता सुरु हुनुअघि प्रशिक्षक रोय डायस अन्तर्राष्ट्रिय क्रिकेटमा नेपालको पर्याप्त सम्भावना रहेको दावी गर्दै थिए । प्रतियोगिता समाप्त हुँदा भने अन्तर्राष्ट्रिय मञ्चमा नेपालको खस्कँदो क्रिकेट स्तर छर्लङ्ग हुने काम बढी भयो ।

दुई वर्षअघि पहिलो संस्करणको ट्वान्टी-२० एलाइटकपमा पनि नेपालले राम्रो गर्न सकेको थिएन । यस्तो पृष्ठभूमिमा क्यानले यसपल्ट केही राम्रो गर्ने उद्देश्यले कप्तानसमेत परिवर्तन गरेको थियो । युएई गएको टिमका कप्तान पारस खड्का थिए । उनको नेतृत्वमा नेपालले आक्रामक खेल खेल्ने विश्वास थियो । पारस राम्रा रणनीतिकार मानिन्छन् ।

यद्यपि त्यस्तो जादुयी प्रदर्शन केही पनि भएन, नेपाल फेरि एकपल्ट अन्तिम चारमा पुग्न असफल भयो । क्रिकेटको सर्वाधिक छोटो संस्करणमा नेपालले फेरि निराशाजनक प्रदर्शन गर्‍यो । आफ्नो समूहको लिग चरण समाप्तिमा तेस्रो स्थानमा रहेपछि नेपालले पाँचौं स्थानका लागि चुनौती पेस गर्ने अवसर मात्र प्राप्त गर्‍यो । त्यसमा प्राप्त सफलता सान्त्वना जितबाहेक केही रहेन ।

नेपालले सिंगापुरसँग प्ले-अफ खेल्ने अवसर पाएको थियो र त्यसमा उसले ९ विकेटको जित हात पार्‍यो । सिंगापुरले टस जितेर पहिले ब्याटिङ गर्‍यो र ९० रनको लक्ष्य तयार पार्‍यो । नेपाल १४ दशमलव ४ ओभरभित्र सजिलै जितसम्म पुग्यो । लिग चरणमा भने नेपालले तीन खेलमा जित हात पार्‍यो भने दुईमा हार । दुई हार महँगा रहे र त्यसले नेपाललाई अन्तिम चारमा पुग्नबाट रोक्यो ।

मलेसियाविरुद्धको आफ्नो पहिलो खेलमै नेपाल पराजित हुनु सर्वाधिक दुर्भाग्यपूर्ण रह्यो । मलेसियाविरुद्ध कुनै पनि उमेर समूहको क्रिकेटमा पहिलो हार बेहोर्ने क्रममा नेपाल ६ विकेटले पछाडि पर्‍यो । नेपालले पहिले ब्याटिङ गरेर सात विकेटमा १ सय २७ रन बनायो । त्यसलाई मलेसियाले १७ दशमलव २ ओभरमा पछ्यायो । यसअघि नेपाल मलेसियासँगै कुनै पनि स्वरूपको क्रिकेटमा पराजित भएको थिएन् ।

दोस्रो खेलमा कुवेतमाथि नेपालको जित भने नाटकीय रह्यो । बोल आउटमा नेपालले कुवेतलाई ३-२ ले हरायो । दुवै टिमको स्कोर टाइ भएपछि खेल बोल आउटमा गएको थियो । कुवेतले टस जितेर



पहिले ब्याटिङ गर्दै १९ दशमलव १ ओभरमा सबै विकेट गुमाएर १ सय २३ रन बनायो । प्रत्युत्तरमा नेपालले २० ओभरमा ७ विकेट गुमाएर १ सय २३ रन मात्र बनाउन सक्यो । त्यसमा नेपालका तर्फबाट दीपेन्द्र चौधरी, पारस खड्का, शक्ति गौचनले स्टम्प हिट गरेका थिए । विनोद दास र सञ्जम रेग्मी भने निशाना लगाउनबाट चुकेका थिए । ओमानविरुद्धको तेस्रो खेलमा पराजित भएपछि नेपालको सेमिफाइनल पुग्ने सम्भावना क्षीण बनेको हो । ओमानले पहिले ब्याटिङ गरेर १ सय १२ रन बनाएपछि नेपाल प्रत्युत्तरमा सय रन बनाएर अलआउट भयो ।

चौथो खेलमा कतारलाई ६ विकेटले पराजित गरे पनि नेपाल सेमिफाइनल नपुग्ने टुंगो लागेको हो । कमजोर रनरेटका कारण अन्तिम चारमा पुग्ने नेपालको सम्भावना लगभग समाप्त भएको हो । पहिले फिल्डिङ गरेको नेपालले बिहीबार बहराइनलाई ९६ रनमा अलआउट पार्‍यो । नेपालले जित लक्ष्य ४ विकेट गुमाएर १८ दशमलव ३ बलमा पार गर्‍यो । लिग चरणको अन्तिम खेलमा नेपालले बहराइनलाई ७ विकेटले पराजित गर्‍यो ।

पहिले ब्याटिङ गरेको बहराइनले ८ विकेटमा १ सय ५७ रन बनायो । नेपालले प्रत्युत्तरमा १ सय ५८ रनको लक्ष्य १८ ओभरमा ३ विकेट गुमाएर पूरा गर्‍यो । यही जितले पाँचौं स्थानका लागि खेल्ने ढोका खुलेको हो । यसका बाबजुद राष्ट्रिय टिम फेरि एकपल्ट असफल हुनुको कारण के हुन सक्छ ? प्रशिक्षक डायसको भनाइ सापटी लिने हो भने– नेपाली खेलाडीले एक्सपोजरको अवसर नै पाउँदैनन् ।

नेपालमा माथिल्लो स्तरमा घरेलु क्रिकेट नगण्य मात्र हुन्छ । मैदानमा प्राप्त हुने अनुभव बेजोड हुन्छ, जुन नेपाली खेलाडीले विरलै प्राप्त गर्छन् । पुरानो रोगका रूपमा रहेको नेपालको कमजोर ब्याटिङ फेरि एकपल्ट देखियो । अन्तर्राष्ट्रिय क्रिकेटमा नेपालको जित अधिकांश समय बलिङमा निर्भर हुने गरेको छ । यसपल्ट पनि नेपाली ब्याटिङ निराशाजनक रह्यो ।

त्योभन्दा पनि महत्त्वपूर्ण प्रश्न के हो भने युएई गएको नेपाली टिम वास्तवमै ट्वान्टी-२० खेल्न लायक थियो त ? धेरैको मतमा वर्तमान टिमका अधिकांश खेलाडी लामो संस्करणको क्रिकेट खेल्न बढी अभ्यस्त छन् । केही वर्षअघि थ्री-डे क्रिकेट खेलेका खेलाडी नै अहिले ट्वान्टी-२० क्रिकेट पनि खेलिरहेका छन् ।

मलेसियाविरुद्धको खेललाई उदाहरण मान्ने हो भने एकलाई छाडेर सबै ब्याट्सम्यानले रनको तुलनामा बढी बलको सामना गरे । यस्तो स्थितिमा नेपाली टिम ट्वान्टी-२० क्रिकेटको मनस्थितिमै देखिएन । फेरि नेपालको क्रिकेट स्तर सुरुदेखि जस्तो थियो, त्यत्तिमै सीमित रह्यो । यसबीच अरू प्रतिद्वन्द्वी टिमले आफूलाई सुधार्न पर्याप्त मेहनत गरे ।




अब चिन्ने चिनाउने पालो तपाईंको !

सेवाभावले समर्पित समाज साधकहरुका योगदानबारे लेखी पठाउनुहोस र तिनलाई देशभरि चिनाउनुहोस चुनिएका त्यस्ता समाजसेवीहरुलाई अल्वाले सम्मानस्वरुप रु.५०,०००।- प्रदान गर्नेछ । र, यदि तपाईले गर्नुभएको मनोनयन अल्वा रत्न उपाधि प्राप्त गर्न सफल भएमा तपाईले पनि रु.५,०००।- नगद पुरस्कार प्राप्त गर्नुहुनेछ । दया, करुणा, ममता, साहस र कर्मले भरिएका आदरणीय अगुवाहरुका स-साना प्रयासले समाजमा मानवता र सेवाभाव बाँचिरहेको हुन्छ । तर, त्यस्ता कर्मयोगीहरु सामान्यतया प्रकाशमा आएका हुँदैनन् । यदि तपाईले आफ्नो घर, परिवार, टोल, छिमेकमा कोही मानवीय एवं सामाजिक कार्यमार्फत समाज परिवर्तनका लागि निरन्तर प्रयत्नशील रहेको पाउनुभएको छ भने त्यस्ता सत्कर्मीहरुका योगदानबारे हामीलाई लेखी पठाउनूस् र अल्वा रत्नको उपाधिका लागि दावेदार बनाउनूस् । त्यसका लागि तपाईले देशभरि रहेका यामाहा मोटरसाइकलका सोरुम र नेपाल राष्ट्रिय साप्ताहिकबाट बिशेष फाराम प्राप्त गर्न सक्नुहुनेछ ।

MAW BUILDING TRUST THROUGH SERVICE

KATHMANDU VALLEY
Tripureshwor, Morang Auto Works: 4268252, 4261160
Dealers:
Kumaripati, Risik Automobiles Pvt. Ltd: 5555889, 5555890, Kantipath, MSK Automobiles : 4247332, 4227515, 4227494, Chabahil, Anurama Trade: 4490021, 4490105, Bhaktapur, DAS Auto Enterprises: 6614083
Trade-In:
RatoPool, Shri Chandra Auto: 4431106, Gopikrishna Nagar, B. N. Pathak Enterprises: 4499115, 016219852, Naya Baneshwor, NK Trades: 4460454

EASTERN REGION:
Biratnagar, Birat Auto Enterprises Nepal Pvt. Ltd. .: 9852023518, 9852021787 Birtamode, Sayapatri Trade Link: 023-541677, 540859 Dharan, Gajurmukhi Trade & Service Link: 025-528179, Damak, Gajurmukhi Trade Link: 023-580764, Rajbiraj, Shree Chandika Automobiles: 9842820806, Itahari, Tirupati Auto City: 025-587053, 581249, Lahan, S & S Auto Centre: 035-560532, Mirchaiya, S & S Auto Works: 033-

CENTRAL REGION:
Narayanghat, Navin Auto Centre: 056-521316/521398, Birgunj, Allied Shruti Traders: 051-534301, 9849165416, Hetauda, Raj Motors: 057-526460, 9855068060, Janakpur, Janaki Auto Center: 041-523920, Jaleshwor, Om Shanti Enterprises: 044-521091, Malangwa, Om Auto Center: 046-520665, Lalbandi, Om Auto Center: 9854030090, Trishuli, S P Amatya Stores: 560832, Banepa, Global Auto Works:

WESTERN REGION:
Pokhara, Vishwakarma Auto Works: 061-521295 / 535789, Butwal, Sapana Automobiles Traders: 071-545382, Palpa, Gyanendra Auto Works: 075-520445, Gorkha, Shrestha Auto Workshop: 064-420476, Damauli, Modern Auto Works: 065-561623, Syangjha, Nuwakot Auto Works: 063-420316, Baglung, New Baglung Auto Works: 9847620075, Lamjung, Samar Motorcycle Workshop: 9846074526, Kawasoti, Suryadeep Auto Center: 078-540662, Argakhachi, Jai Mata Di Automobiles: 066-420128, Chaundrata, Mahalaxmi Automobiles: 076-540179, Jitpur, Manakamana Automobiles: 076-550114, Tamghas, New Lumbini

MID WESTERN REGION:
Dang, Shrestha Automobiles: 082-561296, Surkhet, Danish Auto shop & Suppliers: 083-521754, Nepalgunj, Online Overseas: 081-523291, Gulariya, Online Overseas: 9848022069, Tulsipur, Shrestha Automobiles: 082-520174, Pyuthan, Swargadwari Automobiles: 9847820418
FAR WESTERN REGION:

Join YAMAHA Tel:2002030

